शान्ति, स्वतन्त्रता र विकासका लागि सञ्चार

# अग्निचक्र

राष्ट्रियमासिक



चार हजार वर्ष पछिको रहस्य

## कुर्सी तानातान

## बढ्दो सक्रियता

- आरोप लगाएर चोखिन खोज्दैछन् : टोपबहादुर रायमाझी
- पूर्वराजा ज्ञानेन्द्र र प्रचण्ड मिलेका छन् : मनमोहन भट्टराई
- कब्जा गरेको घर जग्गा फिर्ता गर्नैपर्छ : राजेन्द्र श्रेष्ठ
- नेपालका क्यान्सर अस्पतालहरू : प्रा.डा. अञ्जनीकुमार शर्मा
- राजनीतिको सेयरबजारमा प्रभाव : दुर्गाप्रसाद आचार्य

वर्ष १, अंक १० का.जि.प्र.द.नं. ३२/०६६/६७




**सम्पादक/प्रकाशक**
*Editor/Publisher*
लक्ष्मीनारायण भट्टराई
**L.N. Bhattarai**

**प्रमुख सल्लाहकार**
*Principal Advisor*
दुर्गाप्रसाद आचार्य
**Durga Pd. Acharya**

**सल्लाहकार**
प्रा.डा.अञ्जनीकुमार शर्मा
पं. मेघनाथ भट्टराई
रामकुमार राई
नत्थुप्रसाद वासकोटा
पुण्यप्रसाद आचार्य
नवीनकुमार पौडेल
मोहनप्रसाद आचार्य
गोपाल दाहाल
अधिवक्ता लक्ष्मण आचार्य

**निर्देशक**
गोपाल घिमिरे

**अभिभावक/ व्यवस्थापक**
सिजुवा समाज नेपाल
विनोद पौडेल

**संवाददाता**
विनोदमणि भट्टराई / दुर्गामणि सुवेदी

**पि.आर.ओ.**
सरोज पौडेल / प्रेम प्रसाई

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एलाइड न्युजपेपर डिस्ट्रिब्युटर्स नरदेवी
(उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट प्रा.लि., डिल्लीबजार
फोन : ०१-६२२४६११

**मुद्रण**
शुभदृष्टि प्रिन्टिङ प्रेस, बिजुलीबजार

**कार्यालय :** ताहाचल, काठमाडौं
**सम्पर्क नं.** ९८५१०४०३३०, ९८४१३०८८३४
Email: news@agnichakra.com.np
agnichakramasik@gmail.com

# सम्पादकीय...................

## सहजतापूर्वक मल आपूर्ति गर्नुपर्छ

वर्षायाम सुरु भएको छ । किसानहरू आफ्नो बालीनाली लगाउन व्यस्त भएका छन् । मुख्य बाली धान लगाउने यामको सुरु भइसके पनि कृषकहरू रासायनिक मलको अभाव खेप्न बाध्य भएका छन् । सरकारले मकै र वर्षेधानका लागि 'विकासे मल' आपूर्ति गर्न नसक्दा देशभर हाहाकार भएको छ । किसानले वैशाखमा छरेको मकै पहेलिन थालेको छ भने धान रोप्दा मल राख्न पाएका छैनन् । समयमै वर्षे झरी नपर्दा पानीको अभाव एकातिर खेप्नु परिरहेको छ भने अर्कोतिर मलको आपूर्ति सहज नहुँदा किसानहरू पीरले छट्पटाइरहेका छन् ।

कुल जनसंख्याको ८० प्रतिशत भन्दा बढी जनता कृषिमा निर्भर छन् । उनीहरूले कृषिलाई आफ्नो मुख्य पेसा बनाएका छन् । तर यति धेरै जनसंख्या कृषिमा निर्भर हुँदाहुँदै पनि उनीहरूको पीरमर्कालाई सरकारले सहजै समाधान गर्न सकिरहेको छैन । सरकार कानमा तेल हालेर बसेको छ । मलको अभावमा तड्पिरहेका किसानहरूले कृषि कार्यालय घेर्ने र तोडफोड गर्नेसम्मका काम गरिरहेका छन् । भक्तपुर, नुवाकोट लगायतका जिल्लामा किसान र प्रहरीबीच सामान्य झडपका घटना समेत भएका छन् । पहाडी जिल्लाको तुलनामा विगत वर्षहरूमा तराईमा भारतबाट चुहावट भएर पनि मलको सहज रूपमा आपूर्ति हुँदै आएको थियो । तर, अहिले तराईका जिल्लामा समेत मलको अभाव देखिएको छ ।

मलको सहज आपूर्ति गर्न ४ लाख ७५ हजार टन मल चाहिनेमा कृषि सामग्री संस्थानले ७० हजार टनमात्र वितरण गर्न सफल भएको छ । यति थोरै मल किसानहरूलाई पुग्ने कुरै भएन । संस्थानले मागभन्दा आपूर्ति कम गरेका कारणले कृषकहरूले मलको अभाव खेप्नु परेको छ । मलको आपूर्ति सहज हुने वातावरण बनाउन सरकार सकिरहेको छैन । धान, मकै, गहुँलगायतका बालीमा अनुमानित वर्षेनी ५ लाख ३३ हजार टन मलको आवश्यकता पर्दछ । नेपाल-भारत सीमावर्ती क्षेत्रमा गरिएको कडाइले नै सहज र माग अनुसारको मल पाउन किसानले सकिरहेका छैनन् । यसले गर्दा तराई र पहाडी जिल्लामा मलको हाहाकार भएको छ ।

जहाँ र जहिले पनि कृषिमा आधारित जनता नै मर्कामा पर्ने गरेका छन् । मूल्यवृद्धिको मारले सबैभन्दा पहिला उनीहरूलाई पिरोल्छ । मललगायतका सागमग्रीहरूले पनि उनीहरूलाई नै सताउने गर्दछ । राष्ट्रिय र बहुराष्ट्रिय कम्पनीले पनि कृषकहरूलाई ठग्ने गर्दछन् । केही समय अगाडि बारा जिल्लामा १४ हजार हेक्टरमा लगाइएको मकैबालीमा गेडा नै लागेन । उनीहरूलाई बहुराष्ट्रिय कम्पनी हाइब्रिड पायोनिरले झुक्याउनसम्म झुक्यायो । यसरी बारम्बार हुने धोकाबाट किसानलाई मुक्त गर्नुपर्छ । समयमै सहज तरिकाले सरकारले कृषकलाई मल उपलब्ध गराउनुपर्छ । ००

# पाठकपत्र


## ओहो ! "लभश्री" बाट "अग्निचक्र"

नेपाली राष्ट्रिय मासिक पत्रिका बजारमा धेरै खालका छन् । कुनै न कुनै रूपले कोही कोही र कता कता एउटा विचारसँग आबद्ध रहेको देखिएका छन् मासिक पत्रिकाहरू । तर यसभन्दा भिन्न कुनै पार्टी वा विचारभन्दा बेग्लैप्रकारले सबैजसो पार्टी, क्षेत्र र विभिन्न किसिमका आवाजहरू समेटिएको माओवादी, कांग्रेस, एमाले, राजावादी, गणतन्त्रवादी, क्रान्तिकारी, प्रजातन्त्रवादी, मजदुर, किसान, उद्योग, व्यापार, व्यवसाय र विभिन्न तह र तप्काका आवाजहरू समेटिएको एक मात्र पत्रिका 'लभश्री' को गत २०६६ असोजदेखि वैशाखसम्मका सबै ८ वटै अङ्कहरू पढेको छु तर जेठको अङ्क बजारमा जाँदा त 'लभश्री' मासिकको नाम परिवर्तन भई 'अग्निचक्र' भइसकेको रहेछ । 'अग्निचक्र'को बाहिरी कभरमै 'लभश्री यस अङ्कदेखि अग्निचक्र' भनी लेखिएको थियो । पत्रिका किनेँ र सरर हेरेँ । माओवादी प्रवक्ता दीनानाथ शर्मा, कांग्रेस नेता डा. शेखर कोइराला र एमालेका प्रदीप ज्ञवालीको अन्तर्वार्ता छापिएको रहेछ । साथै आवरणमा पूर्वराजा ज्ञानेन्द्रको बारेमा लेखिएको देख्दा 'लभश्री' कै निरन्तरतास्वरूप नाम मात्र परिवर्तन भई 'अग्निचक्र' भएको रहेछ भन्ने कुरा प्रस्ट भयो । वाह, ओहो, 'लभश्री' बाट 'अग्निचक्र' हा .... हा ......हा खुसी भएँ म यति धेरै कि अरू कुरा लेख्नै सकिनँ ।

– **मुकुल कार्की**, तरहरा इटहरी

## प्रा.डा. अञ्जनीलाई बधाई

निरन्तर रूपमा हरेक महिना प्रकाशित हुँदै आएको यो पत्रिकाको प्रगति देखेर म लालायित भएँ किनभने विगत ९ महिनादेखि लगातार तीव्र गतिमा 'लभश्री' हुँदै 'अग्निचक्र' सम्म आइपुग्दा यसको सफलतालाई मान्नै पर्दछ । किनभने सबै क्षेत्रलाई समेटेर कुनै पार्टी वा क्षेत्र विशेषको नभई सबैको समाचार समेटिने भएकाले यो




पत्रिका बजारमा देखिने अन्य पत्रिका भन्दा भिन्न छ । आज मलाई पाठकपत्रमा पत्रिका 'अग्निचक्र' भएदेखि सल्लाहकार हुनु भएका 'लभश्री' का नियमित स्तम्भकार प्रा.डा. अञ्जनीकुमार शर्माज्यूलाई हार्दिक बधाई तथा शुभकामना दिँदै 'अग्निचक्र' को सफलताको कामना व्यक्त गर्दछु ।

– **भूषणकाजी श्रेष्ठ,** मेडिकल स्टुडेन्ट
का.मे. कलेज, काठमाडौं ।

## आफ्नै कुरा

**२०६६ असोज महिनादेखि लगातार प्रकाशित हुँदै आएको "लभश्री" राष्ट्रिय मासिक पत्रिका नाम परिवर्तन भई २०६७ जेठ अंकदेखि "अग्निचक्र" राष्ट्रिय मासिकको नामबाट प्रकाशित हुन थालेको कुरा जानकारी गराउँदछौं ।**

**– सम्पादक / प्रकाशक**

## सिजुवालीको पत्र

मोरङ, सिजुवा-५ कादुपाडामा जन्मिएर सोही गाउँको श्री सरस्वती माध्यमिक विद्यालय (तत्कालीन निमावि) मा शिशु कक्षादेखि आठ कक्षासम्म अध्ययन गरी कक्षा प्रथम (फस्ट ब्वाई) भई कक्षा ९ देखि सिजुवाकै श्री सौँठा उच्च माविबाट एस्.एल्.सी उत्तीर्ण गरी राजधानी छिरेर पाटन संयुक्त क्याम्पस पाटनढोका ल.पु.बाट प्रवीणता प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरी सिंगापुर र त्रि.वि.बाट स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएका हाम्रा गाउँका प्यारा चम्किला तारा पत्रकार लक्ष्मीनारायण भट्टराईलाई हामी सिजुवावासीको तर्फबाट हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछौं । हामीलाई 'लभश्री' सुरु गरेदेखि 'अग्निचक्र' सम्म आइपुग्दा पनि निरन्तर निःशुल्क पत्रिका पठाइरहनुभएकोमा धन्यवाद । गायत्री परिवार काठमाडौं उत्तरखण्डका सचिव तथा सिजुवा समाज नेपालका सल्लाहकार भएकोमा पनि बधाई दिन पाएका थिएनौं । साथै "**शासन सञ्चालन संयन्त्र**" नामक पुस्तकको सम्पादन/प्रकाशन गनुभएकोमा पनि बधाई । तपाईंको यो सफलता हामी सबै सिजुवावासीको सफलता हो भन्ने हामीले ठानेका छौं ।

– **सम्पूर्ण सिजुवावासीहरू**

## पाठकवर्गमा अनुरोध

**'अग्निचक्र' मासिक तपाईँलाई कस्तो लाग्यो ? यसमा प्रकाशित विषयवस्तुमा केन्द्रित रहेर प्रतिक्रिया लेखी पठाउनुहुने अपेक्षा गर्दछौं । साथै, यस पत्रिकामा तपाइँ कस्तो सामग्री चाहनुहुन्छ ? सुझावका साथै लेख रचनाका लागि पनि स्वागत गर्दछौं ।**


**हाम्रो ठेगाना** :
जी.पी.ओ. बक्स नं ८९७३, एनपीसी २९९, काठमाडौं,
सम्पर्क: ९८५१०४०३३०,९८४१३०८८३४
Email : agnichakramasik@gmail.com
news@agnichakra.com.np

# यसभित्र...

## जल, जमिन र जंगल कुनै पार्टी विशेषको नियन्त्रणमा हुनुहुँदैन

पृष्ठ २६-२७





## शैक्षिक योग्यता सँगसँगै चलचित्र अध्यापन गराउँछौं

Affiliated to Tribhuvan University
Oscar International College
(The College of Film Studies)

पृष्ठ ३४-३५



## कोरियाप्रतिको आकर्षण

पृष्ठ ३७

समाचार /सहकारी...१४ - १५
बिचौलियाको मनोमानी कहिलेसम्म ....१९
राष्ट्रिय परिस्थिति र अबको विकल्प ... २८-२९
सौंठा बहुमुखी क्याम्पस प्रमुखसँगको अन्तर्वार्ता ... ३० -३१
मजदुर आन्दोलन एक टिप्पणी ...३२ - ३३
विदाको घेरामा 'नो वर्क नो पे' ... ३६
आयुर्वेद/ सिर्जना / समाचार ... ३९
सेभ्रोलेट बिट नेपाली सडक बजारमा ... ४०
महिन्द्रा बोलेरो/समाचार ... ४१
बाह महिना काम अठार महिनाको दाम ... ४२
वृत्तचित्रको विकल्पमा ... ४३
वैदेशिक रोजगार/विदेश/ समाचार ... ४४
राशिफल ... ४५
चलचित्र ... ४६



## रेखाको इशारा

पृष्ठ ४६

# "अग्निचक्र" को सफलता "लभश्री" देखिको निरन्तरता

## "लभश्री" राष्ट्रिय मासिक हुँदै "अग्निचक्र" सम्म आइपुग्दाका




# पाठकवर्गमा जानकारी

२०६६ असोज महिनादेखि लभश्री राष्ट्रिय मासिकको सम्पादन/ प्रकाशन सुरु गरेको थिएँ । म धार्मिक समुदायमा जन्मी हुर्केको र भगवान्प्रति बढी आस्था जाग्ने गरेको कारण कता-कता जीवनका हरेक पाइलामा धार्मिक दृष्टिले हेर्ने गर्थे । एक दशकदेखि दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरु र टेलिभिजनमा समेत काम गरिसकेको अनुभवले गर्दा मैले मेरो गाउँ सिजुवाको संस्था 'सिजुवा समाज नेपाल' का पदाधिकारीहरुसँगको छलफलपछि लभश्री राष्ट्रिय मासिक सुरुवात गरेको थिएँ । मेरा पिताजी पनि संस्कृतमा उच्च शिक्षा प्राप्त पण्डित भएका कारणले संस्कृत भाषामा पनि राम्रो अर्थ दिने र सकारात्मक कोणबाट हेर्दा अङ्ग्रेजी भाषामा पनि राम्रो अर्थ लाग्ने भएकाले सल्लाह बमोजिम नै पत्रिकाको नाम लभश्री राखेको थिएँ । तर संयोगवश यसको अर्थ मेरो नामसँग जोडिन गएछ । त्यो कुरा मैले लभश्रीको पहिलो अंक प्रकाशित भएपछि मात्र मेरा सहकर्मी मार्फत थाहा पाएँ । अधिकांश पाठकहरुले पत्राचारमार्फत मलाई लभश्री नाम राख्नुको कारण सोध्ने गरेपछि मैले अङ्ग्रेजी र संस्कृत भाषा अनुसार लभश्रीको अर्थ प्रष्ट्याइदिएँ । साथै संयोगवश लभश्री मेरो नामसँग जोडिन गएको कुरा पनि मैले प्रष्टाइदिएँ पाठकपत्रमा जानकारी लभश्रीको अर्थ भनेर । कामप्रति इमानदार र अनुभवले गर्दा होला २०६६ असोजदेखि २०६७ वैशाखसम्म आठ महिना लगातार आठ अंक प्रकाशित गर्न सफल पनि भएँ । केही पाठकवर्ग, उद्योगपति, वरिष्ठ राजनेताको सल्लाह के थियो भने लभश्रीभित्र प्रकाशित लेखरचना सबै उत्कृष्ट, जीवनोपयोगी र राम्रा छन् तर नामचाहिँ लभश्री सुहाएन भन्ने खालका सल्लाह आएपछि र मैले मेरा प्रमुख सल्लाहकार आदरणीय दुर्गाप्रसाद आचार्यज्यूसँग परामर्श लिँदा उहाँले पनि लभश्री नाम फेर्नै पर्ने सल्लाह दिनुभयो र हामीले (दुर्गा सर र मैले) **अग्निचक्र** नाम फाइनल गरी यस अंकदेखि लभश्रीको नाम परिवर्तन गरी **अग्निचक्र** राखेका छौं भन्ने कुरा सबैमा जानकारी गराउँदछु ।

– सम्पादक/प्रकाशक

# ४ हजार वर्षपछि फेला परेको केदारनाथको शिर






लक्ष्मीनारायण भट्टराई

विश्वभरिमा छुट्टै प्रकारको ऐतिहासिक कला, संस्कृति, धार्मिक, पौराणिक महत्व बोकेको देवभूमि, तपोभूमि हाम्रो देश नेपाल सर्वोच्च शिखर सगरमाथादेखि शान्तिका दूत गौतम बुद्धसम्म अनि हिमाल, पहाड र तराई मिलेर बनेको विश्वकै नमुना देश हो भन्दा फरक नपर्ला कि जस्तो लाग्छ मलाई । आ-आफ्नै महत्व बोकेका हिमाल, पहाड र तराईका आ-आफ्नै प्राकृतिक सौन्दर्यका कारण यिनीहरूको छुट्टै प्रकारको महत्व पनि छ । यिनै महत्वहरूमध्ये भक्तपुर सहर ऐतिहासिक महत्व बोकेको हावापानी, भौगोलिक विविधता, जातजाति, धर्म, संस्कृति र एकतामा बाँधिएको साथै भादगाउँले टोपीका लागि प्रख्यात छ । सोही भक्तपुरको दक्षिणी भेगमा रहेको सिपाडोल गाविस वडा नं. ६ मा अवस्थित डोलेश्वर महादेवको मन्दिरमा रहेको मूर्तिको बारेमा आज मलाई कलम चलाउन मन लाग्यो । किनभने अब डोलेश्वर महादेव विश्वभरका हिन्दू धर्मावलम्बीहरूको प्रमुख धाम बनिसकेको छ । यसको प्रमुख कारण अर्थात् यसको महत्व बढ्नुको एक मात्र कारण डोलेश्वर महादेवको मन्दिरको मूर्ति नै भारतको उत्तराञ्चलमा रहेको प्रख्यात केदारनाथको शिर भएको कारणले ।

**चारधाम भनेर चिनिने गरेका बद्रिनाथ, गंगोत्री, पथलोगी र केदारनाथमध्ये एक केदारनाथमा रहेको मूर्तिको शिर सिपाडोलमा रहेको कुरा चार हजार वर्षपछि रहस्य खुलिसकेको छ ।**

चारधाम भनेर चिनिने गरेका बद्रिनाथ, गंगोत्री, पथलोगी र केदारनाथमध्ये एक केदारनाथमा रहेको मूर्तिको शिर सिपाडोलमा रहेको कुरा चार हजार वर्षपछि रहस्य




श्री केदारनाथ शिर भाग डोलेश्वर महादेव
सिपाडोल वडा नं.-६ भक्तपुर

***पौराणिक कथा अनुसार पाण्डवहरू वनवास रहेको बेला केदारनाथको दर्शनका लागि गएका थिए । तर पाण्डवहरूले आफ्ना परिवारजनको हत्या गरेर आएको भनी केदारनाथले पाण्डवहरूलाई दर्शन दिएनन् । त्यसपछि पाण्डवहरूले आफ्ना ध्यानदृष्टिले हेर्दा केदारनाथ भैँसीको रूप धारण गरी बसेको देखेपछि भैँसी भएर बसेका केदारनाथलाई पाण्डवहरूले तान्दा भैँसी जमिनमुनि दुलोभित्र पस्यो र पाण्डवहरूको हातमा भैँसीमात्र बाँकी रह्यो, भैँसीको शिर भने नेपाल उपत्यकामा रहेको कुरा भारतको उत्तराञ्चल प्रदेशको केदारपीठको शिलालेखमा समेत उल्लेख छ ।***

खुलिसकेको छ । गत ९ महिना अगाडि भारत केदारनाथ मन्दिरका सन्तश्री १००८ राहुल लिङ्ग शिवाचार्यले डोलेश्वर महादेव नै केदारनाथको शिर भाग भएको घोषणा गरिसक्नुभएको छ ।

पौराणिक कथा अनुसार पाण्डवहरू वनवास रहेको बेला केदारनाथको दर्शनका लागि गएका थिए । तर पाण्डवहरूले आफ्ना परिवारजनको हत्या गरेर आएको भनी केदारनाथले पाण्डवहरूलाई दर्शन दिएनन् । त्यसपछि पाण्डवहरूले आफ्ना ध्यानदृष्टिले हेर्दा केदारनाथ भैँसीको रूप धारण गरी बसेको देखेपछि भैँसी भएर बसेका केदारनाथलाई पाण्डवहरूले तान्दा भैँसी जमिनमुनि दुलोभित्र पस्यो र पाण्डवहरूको हातमा भैँसीमात्र बाँकी रह्यो, भैँसीको शिर भने नेपाल उपत्यकामा रहेको कुरा भारतको उत्तराञ्चल प्रदेशको केदारपीठको शिलालेखमा समेत उल्लेख छ । हो, त्यही केदारनाथको शिर नै डोलेश्वर महादेव भएको कुरा सम्बन्धित भक्तपुर, सिपाडोल-८ मा स्थायी घर भएका मेरा मित्र सोल्टी क्राउन प्लाजा क्यासिनो नेपालमा कार्यरत दामोदर उपाध्याय भट्टराई बताउनुहुन्छ ।

पर्यटनको धेरै सम्भावना रहेको नेपालमा रमणीय ठाउँहरू, धार्मिक तीर्थस्थलहरू प्रशस्तै रहेको छ । नेपालको राजधानी काठमाडौँमा पशुपतिनाथ, बूढानीलकण्ठ, दक्षिणकाली लगायतका तीर्थस्थलहरू छन् । यी लगायत देशका कुनाकाप्चामा विश्वकै हिन्दूहरूको लागि आस्थाका केन्द्र रहेको धार्मिक तीर्थस्थलहरू धेरै नै छन्, तिनीहरूमध्ये भक्तपुरवासीको आस्थाको रूपमा मात्र डोलेश्वर महादेव रहेको छैन, यो त नेपाली तथा भारतीय हिन्दूहरू र विश्वभरकै हिन्दूहरूको आस्थाको केन्द्र बनेको छ किनभने डोलेश्वर महादेव भारतको उत्तराञ्चलमा रहेको प्रख्यात केदारनाथको शिर भएको कुरा प्रमाणित भइसकेको हुनाले । । चारधाममध्येको प्रमुखधाम घोषणा भइसकेको कारण यसले दिनप्रतिदिन चर्चा कमाई रहेको छ ।

यो डोलेश्वर मन्दिर अरनिको राजमार्गबाट चार किलोमिटर दक्षिणमा पर्दछ । राजमार्गबाट त्यहाँ पुग्न चारवटा कच्चीबाटो र एउटा गोरेटो छ । सूर्यविनायकचोकबाट सूर्यविनायक मन्दिर पुगेर पूर्वपट्टि जाने कच्ची बाटो निर्माण भइसकेको छ । यस बाटोबाट मन्दिरको पछाडिपट्टि पुगिन्छ भने अर्को बाटो डागाचाबाट खापी, सिपाडोल गाविस भवन र ठाडो उकालो पार गरेपछि डोलेश्वर महादेव पुगिने कुरा पनि मेरा मित्र दामोदर बताउँछन् । उनका अनुसार अर्को तेस्रो बाटो मालपोत चोकबाट सुरु भई ईंटा कारखाना, हापी, कृष्ण मन्दिर, डोलेश्वर हाइट हुँदै मन्दिरमा पुग्न सकिन्छ । त्यस्तै चौथो बाटो पनि छ जुन भन्सारचोक, त्यो चाहिँ मन्दिरको प्रमुख छ जुन भन्सार जेल चोक त्यो चाहिँ मन्दिरको प्रमुख मुख्य प्रवेशद्वार बन्ने लगभग पक्का भएको छ । जहाँबाट ननाबु, वातावरण संरक्षण शिविर तथा डोलेश्वर हाइट हुँदै मन्दिर पुगिन्छ । त्यस्तै पाँचौंबाटो सागाबाट पनि जान सकिन्छ, जुन मार्ग पैदल मार्ग हो । एक घण्टा हिँडेपछि आशापुर महादेव र त्यसपछि अरू एक घण्टा हिँडी पाटी भन्ज्याङ पुगेपछि आधा घण्टाको तेस्रो ओरालो झरेपछि डोलेश्वर महादेव पुगिन्छ ।

भक्तपुर नगरको दक्षिण भेग सिपाडोल गाविस वडा नं. ६ मा रहेको यस डोलेश्वर महादेवको मन्दिरलाई सिपारे महादेव र विमलेश्वर महादेव पनि भन्ने गरिएको छ । सिपाको अर्थ पानी युक्त धाप अर्थात् पानी नसुक्ने माटो रहेको स्थानलाई बुझाउँछ । खोलाको छेउ तथा पहाडको खोंचमा भएका कारण पनि यस स्थानमा पानी सधैँ रहिरहने गर्दछ । मन्दिर रहेको सो स्थानमा पानीका डोलहरू र मलिलो माटो प्रशस्त भएका कारण गाउँको नाम सिपाडोल रहेको भन्ने भनाइ छ, यस कारणले पनि यसलाई सिपारे महादेव पनि भन्ने गरेको पाइन्छ ।

त्यस्तै प्रकारले मन्दिरमा विमल नाम गरेका तपस्वीले तपस्या गरी विलय भएकाले विमलेश्वर महादेव पनि भन्ने गरिएको कुरा स्थानीयवासीहरू बताउँछन् । तर यसै प्रसङ्गमा प्रस्ट पार्न भरतमणि जङ्गम जो इतिहासकार पनि हुनुहुन्छ, उहाँका अनुसार 'मन्दिर परिसरमा

**पूर्वी नेपालको मोरङ जिल्ला सिजुवा गाविसमा अवस्थित नेपालकै पहिलो र एकमात्र "विश्वनाथ मन्दिर" विश्वनाथधाम भएजस्तै भादगाउँको डोलेश्वर महादेव पनि चार हजार वर्षपछि खुलेको रहस्य अनुसार "प्रख्यात केदारनाथको शिर" भएकाले विश्वभरका हिन्दू धर्मावलम्बीहरूको प्रमुख धाम बनिसकेको छ ।**

आग्नेयकोणमा विमलेश्वरी देवीको मूर्ति रहेका छन् । डोलेश्वरी महादेवलाई मन्दिरको पश्चिमतर्फको नदी संगमको जल चढाउने जल भएका कारण पूर्वमा रहेका नदीलाई विमल नदी र मन्दिरलाई विमलेश्वर महादेव भन्न थालिएको हो ।"

पूर्वी नेपालको मोरङ जिल्लाको सिजुवा गाविसमा अवस्थित नेपालकै पहिलो र एकमात्र विश्वनाथ मन्दिर विश्वनाथधाम भएजस्तै भादगाउँको डोलेश्वर महादेव पनि चार हजार वर्षपछि खुलेको रहस्य अनुसार 'प्रख्यात केदारनाथको शिर' भएकाले विश्वभरका हिन्दू धर्मावलम्बीहरूको प्रमुख धाम बनिसकेकाले यसलाई व्यवस्थित, मर्यादित र अझ माथि उकास्नका लागि, आन्तरिक र बाह्य पर्यटनको मुख्य आकर्षणको केन्द्र बनाई नेपाल पर्यटन वर्ष सन् २०११ लाई भव्य बनाउन अवश्य सक्नेछ भन्ने विचार सहजै राख्न सकिन्छ किनकि विश्वभरि धेरै जनसंख्या आँकलन गर्दा हिन्दूहरूको संख्या अधिक नै छ । यसर्थ चारधाममध्येको एक केदारनाथको शिर भएको भादगाउँको डोलेश्वर महादेवको प्रचारप्रसार गरी पर्यटनलाई टेवा पुऱ्याउनु हामी सबैको हिन्दूधर्मप्रति आस्था राख्नेहरूको कर्तव्य विश्वास हो कि जस्तो मलाई लाग्दछ । त्यसैले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याऊँ, नेपाल पर्यटन वर्ष सन् २०११ लाई भव्य रूपले मनाऔं भन्दै आजलाई कलम बन्द गर्दछु । जय डोलेश्वर महादेव !००

# नेपालमा क्यान्सरको उपचार गर्ने अस्पतालहरू



**हिजो क्यान्सरको शंका लागेमा हामी रोगीलाई भारतको बम्बई पठाउने गर्दथ्यौँ– आज भरतपुर वा भक्तपुरमा गए COMPREHENSIVE उपचार पाउन सकिन्छ ।**



प्रा.डा. अञ्जनीकुमार शर्मा

क्यान्सरको उपचार गर्नु अघि निदान गर्नु र स्टेजिंग गर्नु नितान्त जरुरी छ । पक्का निदान उप्रान्त रोगको स्टेजिंग अनुसार उचित उपचारको व्यवस्था गरिन्छ । निदान गर्नको लागि उचित जाँच पडताल, रोगको स्टेजिंग गर्नुपर्छ । पक्का निदान गर्नका लागि एक्सरे, सिटिस्क्यान, एमआरआई इत्यादि गर्नुपर्ने हुन्छ । कुनै कुनै केसमा specialized x-ray को पनि आवश्यकता पर्न सक्छ ।

पक्का निदान गर्न ल्याबरोटरी जाँचहरूको पनि जरुरी छ । जस्तै रगत, खकार, पिसाब, दिसाको जाँच । कतै गिर्खा भेटिएमा गिर्खाको भित्री भागबाट सानु सियोद्वारा रस झिकी जाँच गरे क्यान्सरका कोषहरू देखिन्छन् (यस पद्धतिलाई FNAC भनिन्छ) । यसबाट निदान भएन भने गिर्खाको सानु भाग वा पूरै गिर्खा झिकी जाँच गर्नाले निदान हुनसक्छ । (यस पद्धतिलाई Biopsy भनिन्छ) । रगतमा भएको केमिकलको जाँचबाट क्यान्सर भए/नभएको जाँच गरिन्छ ।

अर्बुद रोगको उपचार गर्ने तरिकाहरू निम्न प्रकारका छन् :-

(१) **शल्यक्रिया (Surgery):** यस पद्धतिद्वारा रोग भएको अँग र फिजिएको भागलाई काटी फ्यांकिन्छ । काटेको भागको किनारालाई जाँच गरी पूरा निक्लेको छ कि छैन भनी पत्ता लगाउन सकिन्छ । कुनै ठाउँमा बाँकी भएमा अझै बढी निकाल्नुपर्छ । दुर्भाग्यवश हामीकहाँ आउने रोगीहरू अति फिजिएको अवस्थामा आउँछन् र पूरै निकाल्न सम्भव हुँदैन ।

(२) **रेडियोथेरापि** : यस पद्धतिद्वारा ट्युमरसेललाई जलाई नष्ट गर्ने प्रयत्न गरिन्छ । दुर्भाग्यवश रेडियोथेरापिको रिएक्सनले शरीरलाई कमजोर पार्न सक्छ तर कतिपय क्यान्सरको उपचारमा रेडियोथेरापिको मुख्य भूमिका हुन्छ - जस्तै छालाको क्यान्सर, सर्जरीपछि स्तन वा पाठेघरको मुखको क्यान्सर ।

(३) **केमोथेरापि** : औषधिको प्रयोगद्वारा शरीरका विभिन्न भागको क्यान्सरको उपचारमा यस पद्धतिको ठूलो भूमिका हुन्छ तर यी भूमिकाले शरीरका रगतहरू (जो जरुरी मात्रामा हुनु जरुरी छ) लाई । यी औषधीहरू अति महँगो भएकाले हामीलाई उपचार गर्न असजिलो छ ।

(४) हर्मोन वा रसायनको मात्रा कम गरी रोग बढ्नबाट रोक्न सकिन्छ ।

(५) **माया ममता** – फिँजिसकेको क्यान्सरका रोगीको बडो दुःखदायी मृत्यु हुने भएकोले यिनलाई मायाममता तथा दुःख कम गर्ने औषधी (MORPHINE SULPHATE) दिई यिनको अन्तिम अवस्था दुःखदायी हुनबाट जोगाउनु (PALLIATIVE CARE) जरुरी छ ।

(६) **PREVENTIVE** - क्यान्सरकारक तत्वहरूको प्रयोग नगरी आफूलाई क्यान्सर हुनबाट जोगाउनु हाम्रो जस्तो देशका नागरिकको लागि अति राम्रो उपाय हो ।

(७) **PROMOTIVE :** क्यान्सरकारक तत्वहरूको प्रयोग नगरी शुद्ध खानपिनको साथै शारीरिक व्यायाम गरी स्वस्थ राख्नु नै हाम्रो निम्ति अति उत्तम पद्धति हो ।

आज नेपालका प्रायः धेरै अस्पतालहरूमा रोगको उपचार गरिन्छ तर स्पेसियलाइज्ड उपचारको लागि निम्नलिखित केन्द्रहरूले नाम कमाएको पाइन्छ ।

(१) बी.पी. कोइराला क्यान्सर अस्पताल भरतपुर, चितवन : यस अस्पतालमा सबै सुविधा भएको क्यान्सरको उपचार गरिन्छ ।

(२) भक्तपुर क्यान्सर अस्पताल, भक्तपुरमा पनि सबै सुविधा भएको क्यान्सरको निदान, उपचारको साधन भएकोले शंका लागेका व्यक्तिले भक्तपुर क्यान्सर अस्पतालमा आई विशेषज्ञद्वारा जाँच गरी उपचार गराएमा रोगबाट मुक्ति पाउन सकिन्छ ।

(३) देशका विभिन्न स्थानमा स्थित ठूला ठूला स्वास्थ्य केन्द्रहरूमा जाँच गराई उपचार गराउन सकिन्छ ।

हिजो क्यान्सरको शंका लागेमा हामी रोगीलाई भारतको बम्बई पठाउने गर्दथ्यौँ- आज भरतपुर वा भक्तपुरमा गए COMPREHENSIVE उपचार पाउन सकिन्छ ।

तर उपचार पद्धति अति महँगो भएकोले नेपाली जनतालाई असजिलो पर्दछ । त्यसकारण म फेरि दोर्‍याउन चाहन्छु- क्यान्सर कारक तत्वबाट टाढा बस्नु नै सबैभन्दा राम्रो उपाय हो । साथै सुरुमै पत्तो लागि उचित उपचार भए क्यान्सरबाट निको होइन्छ । प्रत्येक नेपाली दाजुभाइ, दिदीबहिनीले '**मलाई पनि क्यान्सर हुनसक्छ**' भनी सचेत रही सुरुका लक्षण देखा परेमा डाक्टरी जाँच गरे भविष्यमा हुने कष्टबाट जोगिन सकिन्छ । ००

**काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित**

**मेट्रो एफ.एम. ९४ बिन्दु ६ मेगाहर्ज**

**बिहान ५ : ३० बजदेखि राति १० बजेसम्म तपाईंको साथमा**



# दलहरू माओवादीलाई झुटो आरोप लगाएर चोखिन खोज्दैछन्

## टोपबहादुर रायमाझी

**स्थायी कमिटी सदस्य, एकीकृत नेकपा माओवादी**

**अग्रगामी राजनीतिक परिवर्तनको नेतृत्व एकीकृत नेकपा माओवादीले गर्न खोजिरहेको छ। र यथास्थितिवादी राज्य व्यवस्थाको नेतृत्व संसदीय राजनीतिक पार्टीहरूले गर्न खोजिरहेका छन्। यी दुईटा शक्ति र विचारहरूको बीचमा अहिले द्वन्द्व र संघर्ष चलिरहेको छ**

**☞अहिलेको राजनीतिक परिस्थितिको मूल्यांकन कसरी गर्नुहुन्छ ?**

✍अहिलेको राजनीतिक परिस्थिति विगतको दस वर्षको जनयुद्ध, १९ दिने जनआन्दोलनबाट जो प्राप्त राजनीतिक उपलब्धिहरू थिए, ती उपलब्धिहरूको रक्षा गर्ने र शान्ति, नयाँ संविधानको लागि सहकार्य गरेर अघि बढ्नुपर्ने अहिलेको देशको तात्कालिक आवश्यकता हो। अब त्यो आवश्यकता पूरा गर्ने कि ती आवश्यकताहरूलाई पूरा गरेर देशलाई अग्रगामी परिवर्तनतिर, अग्रगामी निकासतिर जाने कि वा पुरानै राज्य व्यवस्था अनुसार देशलाई यथास्थितिको परिवर्तनतिर राखिरहने हो, यी दुईवटा धारको बीचमा जुन संघर्ष चलिरहेको छ, यो संघर्षबाट देशका सम्पूर्ण जनताहरू अग्रगामी परिवर्तनको पक्षमा अग्रगामी निकासको पक्षमा, शान्ति र संविधानको पक्षमा छन् भने अन्य संसदीय राजनीतिक पार्टीहरू यथास्थितिवादी चिन्तनबाट पुरानै राज्य व्यवस्थाको अभ्यास गर्न खोजिरहेका छन्। अग्रगामी राजनीतिक परिवर्तनको नेतृत्व एकीकृत नेकपा माओवादीले गर्न खोजिरहेको छ। र यथास्थितिवादी राज्य व्यवस्थाको नेतृत्व संसदीय राजनीतिक पार्टीहरूले गर्न खोजिरहेका छन्। यी दुईटा शक्ति र विचारहरूको बीचमा अहिले द्वन्द्व र संघर्ष चलिरहेको छ। चाहे राजनीतिक पार्टीहरूको बीचमा होस्, चाहे जनतामा होस् चाहे नागरिक समाजमा होस् वा बुद्धिजीवीमा होस् त्यो अग्रगामी परिवर्तन चाहने शक्तिहरू, शान्ति र संविधानका पक्षधर शक्तिहरू, सहमतिका पक्षधर शक्तिहरूको नै यो देशमा बाहुल्यता छ। मैले देखेको अहिलेको राजनीतिक परिस्थिति यही नै हो।

**☞माओवादीलाई एक्ल्याउन खोजिएकै हो त ?**

✍ हामी नयाँ ढंगले अगाडि बढ्न चाहन्छौँ तर अन्य दलहरू पुरानै व्यवस्था र पुरानै प्रवृत्तिमा रहेकाले अरूहरूसँगको हाम्रो राजनीतिक लक्ष्य नमिलेको कारण त्यस्तो देखिन गएको हो। अग्रगामी शक्ति माओवादी भएकाले, अग्रगामी शक्तिको नेतृत्व गर्ने भएकाले हामीलाई घेराबन्दी गर्ने, एक्ल्याउने कोशिस गरिरहेका छन्, तर त्यो सम्भव छैन, त्यो उनीहरूको दिवास्वप्न मात्रै हो।

**☞माओवादीकै कारण शान्ति र संविधान धरापमा पर्दैछ भन्ने आरोपको खण्डन कसरी गर्नुहुन्छ ?**

✍ यो बिल्कुल गलत कुरा हो। माओवादी पार्टीले संविधानसभाको निर्वाचनबाट नयाँ संविधान निर्माण गर्नुपर्छ भनेर पर्याप्त संघर्ष गरेर सफलता पनि हासिल गऱ्यो। हाम्रै माग हो संविधानसभा, हामीले गर्दा नै संविधानसभाको चुनाव भयो र अन्य राजनीतिक पार्टीहरूलाई पनि त्यसमा ल्यायौ। अब लक्ष्मीनारायणजी तपाईं आफै भन्नुस् कि, जुन पार्टीले संविधानसभाको लागि, लोकतन्त्रको लागि, शान्ति र नयाँ संविधानको लागि दसौँ हजारको बलिदान गऱ्यो, लाखौँ जनताले योगदान गरे, त्याग गरे र त्यसको नेतृत्व गर्ने पार्टीले शान्ति र संविधानको नेतृत्व गर्दिन, बाधक हुन्छु भन्ला र ? शान्ति र संविधानको लागि माओवादी बाधक होइन, साधक हो। जसले हामीलाई त्यसो भन्छ, त्यो के हो भने उनीहरूमा भएको यथास्थितिवादी र प्रतिगामी चिन्तन, पुरानै व्यवस्थाको धङधडी भएको कारणले गर्दा उनीहरूमा त्यो समस्या आएको हो। उनीहरू माओवादीलाई झुटो आरोप लगाएर आफू चोखिने प्रयास गर्दैछन्। माओवादी सधैँ शान्ति र संविधानको पक्षमा छ।

**☞आफ्नो शक्ति क्षीण हुने भएकाले माओवादी सेना समयोजन गर्न तयार नभएको हो त ?**

✍ हामीले बृहत् शान्ति सम्झौता गऱ्यौँ। त्यसमा स्पष्टै छ कि नेपाली सेना र माओवादी जनमुक्ति सेनाको बीचमा सेना समायोजन गरेर नयाँ राष्ट्रिय सेना निर्माण गर्ने भन्ने स्पष्ट घोषणा भइसकेको छ। यति हुँदाहुँदै पनि सेना समायोजना किन भएको छैन भने माओवादी सेना नेपाली सेनामा समायोजन भइसकेपछि त्यो नयाँ राष्ट्रिय नेपाली सेनामा माओवादीको प्रभाव बढ्छ र हस्तक्षेप पर्छ भनेर राजनीतिक दलहरूले माओवादी पार्टीलाई विभिन्न बखेडाहरू झिकिरहेका र आरोप लगाइरहेका छन्। बृहत् शान्तिसम्झौता विपरीत अभिव्यक्तिहरू दिइराखेका छन् जस्तो अहिलेको यो सरकारका प्रधानमन्त्री, रक्षामन्त्री र अन्य मन्त्रीहरू तथा कांग्रेस, एमालेका वरिष्ठ नेताहरूले सेना समायोजन गर्न नहुने विभिन्न तर्कहरू दिइरहेका छन्। अनमिनले मनिटरिङ गरिरहेको छ, प्रमाणीकरण भइसकेको छ। बृहत्

शान्तिसम्झौता अनुसार नै सेना समायोजन हुनुपर्छ भन्ने हाम्रो स्पष्ट माग हुँदाहुँदै पनि माओवादीलाई असफल गराउन अरू राजनीतिक दलका नेताहरूले विभिन्न वहाना, तर्क र बखेडा झिकेर सेना समायोजन हुन दिइरहेका छैनन् । यो कुरा सबैले बुझेका छन् ।

**☞घरजग्गा, सम्पत्ति कब्जा गरेर फिर्ता नगरेको आरोप छ नि ?**

✍गिरिजाप्रसाद कोइराला हुँदैखेरिका सुरुदेखि अहिलेसम्मका जति सम्झौता माओवादीसँग भएको छ, ती सबै पालना गर्न हामी सधैँ प्रतिबद्ध छौँ । तर जहाँसम्म सम्पत्ति कब्जा, फिर्ताको कुरा छ, सेना समायोजनको कुरा र वाईसीएलको अर्धसैनिक संरचना भंग गर्ने कुराहरू छन्, यसमध्ये द्वन्द्वको समयमा अन्यायपूर्ण तरिकाले कतिपय मान्छेहरूको घरजग्गा कब्जा भएको छ भने तपाईंहरू सप्रमाण आउनुहोस् भनेर आह्वान गरिएको छ तर कोही पनि आउँदैनन् । अन्य राजनीतिक दलहरू त्यो बेला चुप लाग्छन् तर जतिबेला सहमति, सहकार्य, शान्ति र संविधानका कुराहरू उठ्छन्, अरू बेला सहमति कार्यान्वयन गर्न उहाँहरू चाहनुहुन्न । वाईसीएल हाम्रो राजनीतिक संगठनको रूपमा रूपान्तरण भइसकेको छ, त्यसको बारेमा नकारात्मक किन ? एमालेले युथफोर्स गठन गरिसकेको छ । कांग्रेसले तरुण दस्ता गठन गर्न खोजिरहँदा हामीलाई मात्रै किन आरोप ? यो सब शान्ति र संविधान नचाहने अनि मुलुकलाई पुरानै राज्यसत्तातिर फर्काउने र माओवादीविरुद्ध षड्यन्त्र गर्ने खेल मात्रै हो भन्ने मलाई लाग्छ ।

**☞तपाईंको पार्टीभित्र आन्तरिक द्वन्द्व चर्केकै हो त ?**

✍आन्तरिक द्वन्द्व चर्केको भन्ने कुरा बिल्कुल गलत कुरा हो । अन्य पार्टीले हामीलाई सरकारको नेतृत्व गर्ने विषयलगायतका कुराहरूमा विभिन्न खालका जुन मनगढन्ते कुरा बाहिर गरिरहेका छन् त्यो सब गलत कुरा हो । सरकारको नेतृत्व गर्ने कुरामा हाम्रो पार्टीभित्र कुनै किसिमको द्वन्द्व छैन । हामीले सर्वसम्मत रूपमा अध्यक्ष प्रचण्डलाई सरकारको नेतृत्व गर्ने निर्णय दिइसकेका छौँ । यसमा कुनै द्विविधा र दुईमत छैन । तर फेरि क. प्रचण्ड मात्रै हुने अरू हुँदै नहुने भन्ने प्रश्न उठ्दा हामीले त्यसको विकल्प पनि खोजिसकेका छौँ । कांग्रेस, एमालेहरूले माओवादीभित्र प्रमको लागि अन्तरविरोध छ है भन्ने हल्ला चलाएर आफू हुनको लागि रचेको प्रपञ्च मात्रै हो । हाम्रो पार्टीभित्र प्रमको लागि कुनै फरक मत छैन र आन्तरिक द्वन्द्व पनि जुन बाहिर आएको छ त्यस्तो केही छैन । समग्र एकढिक्का छ हाम्रो पार्टी । चिलले कुखुरा लग्यो भनेर स्यालले कुखुरा झम्टेजस्तो कुरा मात्रै हो हामीलाई लाग्ने आरोप ।


> “
> **माओवादी सेना नेपाली सेनामा समायोजन भइसकेपछि त्यो नयाँ राष्ट्रिय नेपाली सेनामा माओवादीको प्रभाव बढ्छ र हस्तक्षेप पर्छ भनेर राजनीतिक दलहरूले माओवादी पार्टीलाई विभिन्न बखेडाहरू झिकिरहेका र आरोप लगाइरहेका छन् ।**
> ”

**☞सरकार माओवादीकै नेतृत्वमा बन्ने कुरामा ढुक्क हुनुहुन्छ ?**

✍संविधानसभाको निर्वाचनबाट सबैभन्दा ठूलो दलको रूपमा माओवादी उभिएको छ । माओवादीलाई जनताको जनादेश प्राप्त छ । गत जेठ १४ गते राति भएको सम्झौता पनि यस कठपुतली सरकारले पूरा गरेको छैन । यसबाट माओवादीलाई भन्दा पनि बढी घाटा उनीहरूलाई नै भइराखेको छ । जनताका अगाडि र आफ्ना कार्यकर्ताका अगाडि उनीहरू विस्तारै नाङ्गिदैछन् । त्यो सहमतिअनुसार तत्काल राजीनामा नदिई आफै टासिरहने काम भयो भने यो उनीहरूले जनतामाथि अन्याय गरेको ठहरिन्छ । त्यसैले तत्काल राजीनामा दिएर माओवादीको नेतृत्वमा नयाँ राष्ट्रिय सरकार गठन गर्न दिइनुपर्दछ । नत्र यसको ठूलो घाटा कांग्रेस, एमालेले नै ब्यहोर्नु पर्नेछ । मलाई लाग्छ कि छिटोभन्दा छिटो नयाँ राष्ट्रिय सरकार माओवादीकै नेतृत्वमा बन्नेछ ।

**☞माओवादी र एमालेले नेतृत्व लिइसकेका हुनाले अब सरकारको नेतृत्व गर्ने पालो कांग्रेसको हो भन्ने कुरा उठिराखेको छ नि ?**

✍सरकार बनाउने भनेको पालो लिने र कुर्ने कुरा होइन, यो जनताको जनादेशबाट प्राप्त हुने कुरा हो । पालोको कुरा गर्ने हो भने माओवादी र एमालेले पालो पाइसके अब कांग्रेसको हो



भनेदेखि २४ दलहरू सबैलाई पालो पुऱ्याउने हो कि ? सबैलाई पालो पुऱ्याउने हो भने संविधान अबको एक वर्षमा बन्छ ? त्यसैले हाम्रो भनाइ के हो भने पालो पाउने या कुर्ने होइन कि, जनताको जनादेशअनुसार संसदमा ठूलो हाम्रो दल माओवादीको नेतृत्वमा नै नयाँ राष्ट्रिय सरकार बन्नुपर्छ । अनिमात्र मुलुकका सबै समस्या समाधान हुँदै जान्छन् ।

**☞जीवन, संघर्ष, राजनीति र प्रेमको परिभाषा कसरी दिनुहुन्छ ?**

✍जीवन संघर्ष हो, प्रेम हुनु आवश्यक छ, यो अनिवार्य चिज हो । राष्ट्र र जनता, देशको उन्नति, प्रगति, समाजको अग्रगामी परिवर्तनको लागि नेतृत्व गर्ने एउटा माध्यम नै राजनीति हो ।

**☞राजनीतिक तरल अवस्थामा छ, अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

✍शान्ति, नयाँ संविधान र अग्रगामी परिवर्तन हुन नदिएर केही पार्टी र व्यक्तिहरूले यसलाई भाँड्ने कोसिस गर्दैछन् र मुलुकलाई यथास्थितिवादी चिन्तनमा पुरानै राज्यसत्ताको लागि प्रयास गर्दैछन् । यसबाट सबै जनताहरू सजग भई शान्ति, नयाँ संविधान र अग्रगामी परिवर्तनको लागि एक ढिक्का भई अघि बढौँ । राष्ट्रघाती र पुरानो यथास्थितिवादीलाई परास्त गरौँ, यसका लागि मिडियाका साथीहरूले पनि विशेष सहयोग पुऱ्याऊँ । देशलाई द्वन्द्वतिर धकेल्ने प्रयासलाई निमिट्यान्न पार्दै सम्पूर्ण देशभक्त, राष्ट्रसेवक जनता मिलौँ र नयाँ नेपाल निर्माण गर्न एकजुट हौँ भन्दै सम्पादक एल.एन. भट्टराईजीलाई पनि धन्यवाद दिन चाहन्छु । ००

# पूर्वराजा र प्रचण्ड मिलेका छन्



**मनमोहन भट्टराई**
**केन्द्रीय सदस्य एवं सभासद्**
**नेपाली कांग्रेस**

**माओवादी एक्लो पार्टी हो। त्यसकारणले पनि म भन्दछु कि माओवादी युद्धका लागि तयार होस्, राज्यसित ? कुनै पार्टी विशेषसित होइन। कि ऊ नागरिक पार्टीमा रूपान्तरित होस्। त्यसका लागि सबै पार्टी मिलेर उसका विरुद्धमा मोर्चाबन्दी गरेर युद्धमा जानु बाहेकको अर्को विकल्प म केही देख्दिन।**

**☞छोटो समयको लागि सभासद् बन्नुभएको थियो, तर एक वर्ष म्याद थपियो, कस्तो महसुस भइरहेको छ ?**

✍ सभासद मेरो लागि धेरै ठूलो महत्वको विषय होइन। ६०१ जना सभासदहरू हुनुहुन्छ त्यसमध्येको एक जनामात्रै म हुँ। नेपाली कांग्रेस पार्टीमा लामो समयदेखि काम गर्दै आएको मान्छे हुँ। मेरो लागि धेरै ठूलो महत्वको विषय पार्टी नै हो। पार्टीले नीति निर्धारण गरिसकेपछि अनि त्यसपछि मात्रै संविधान बनाउने कुरामा हाम्रो भूमिका बन्ने हो। अब त्यो पार्टीको निर्णय सभासद्ले सभामा प्रस्तुत गर्ने कुरा हो। त्यसकारण त्यो सेकेन्डरी कुरा हो।

**☞धेरै जनजाति, भाषाभाषीलगायत लिम्बूवान, खम्बुवान र सशस्त्र समूहका मुद्दाहरूलाई नयाँ बन्ने संविधानमा कसरी सम्बोधन गर्ने ? सम्भव देख्नुहुन्छ ?**

✍सम्भव असम्भवका कुराहरूभन्दा पनि आफ्नो कथित क्रान्तिलाई सहज तुल्याउनका लागि माओवादीले उठाएका मुद्दाहरूमा अहिले मुलुकका जातजातिहरू बगेको अवस्था हो यो। यो सधैं रहन्छ भन्ने पत्यार र विश्वास मलाई छैन। समृद्धिसँगै त्यो विस्तारै हराएर जाने कुरा हो। यस्तै प्रकृतिको संघीयता हुन्थ्यो भने अमेरिकाजस्तो मुलुकामा कालो वर्णको व्यक्ति राष्ट्रपति हुँदैनथ्यो। संघीयता जातले बनाउने होइन। र जुन दर्शनमा माओवादी आफूलाई उभिएको दाबी गर्दछ त्यो दर्शनमा जातियताको कतै स्थान छैन। यो जनतालाई भुक्याउने, प्रशासनमा वर्ग होइन एक मुट्ठी व्यक्तिहरूको वर्चस्व केवल अधिनायकत्वपूर्ण वर्चस्व कायम गर्ने प्रपञ्च मात्रै हो। संघीयताको इतिहास त्यस प्रवृत्तिको यथार्थमा छैन, विश्वमै छैन र संघीयता सार्वभौम सत्तासम्पन्न राष्ट्रको माटोबाट आफै उब्जिएको यथार्थ विश्वमा विरलै देखिन्छ। यो भन्न सक्नुहुन्छ देखिँदै देखिँदैन। संघीयता लादिएको विषय हो र नेपालमा पनि भ्फन्डै भ्फन्डै यो लादिएकै विषय हो। माओवादी नेताहरूको हेडक्वाटर नेपालभित्र थिएन, म संघीयताको धेरै ठूलो विरोधी त होइन तर जुन प्रकृतिको संघीयता केही बन्दुक बोक्ने साथीहरूले बन्दुकको छाया मुन्तिर प्रचारित गर्दै हुनुहुन्छ र जसलाई केही आईएनजीओहरूले फुकिराखेका छन्। तिनीहरूको अभीष्ट बेग्लै प्रकृतिको छ। उनीहरूले संघीताभित्र मैले नबुभ्केको कुरा किन चर्च देख्छन्, संघीयताको नाममा चर्चको रूपैयाँ किन बाँडिन्छ ? ८० प्रतिशत आईएनजीओ म दाबीका साथ भन्न सक्छु चर्चको रूपैयाँबाट चलेका छन्। मुस्किलले २० प्रतिशत आईएनजीओमध्ये केही अन्य अन्य स्वार्थबाट प्रेरित छन् र केही मात्रै राजनैतिक स्वार्थबाट या भनौं राजनैतिक विचार या सिद्धान्त या आदर्शबाट प्रेरित देख्दछु अथवा नितान्त सामाजिक स्वार्थसित गाँसिएको छ। त्यसकारणले यो नितान्त अन्यौलको विषय छ र त्यसैकारणले एक प्रकृतिको बाघ अहिले बलियो किसिमले मुलुकमा अगाडि बढेको देख्नुहुन्छ र त्यसको अवसान पनि त्यो रूपैयाँको मुहानबाटै सुक्छ र त्यस्तै किसिमले त्यसको अवसान पनि हुन्छ।

**☞माओवादीले घरजग्गा कब्जाफिर्ता नगर्दा पनि कांग्रेस हेरेर बस्छ, बोलेर मात्रै हुन्छ र ? भन्ने आरोपको खण्डन कसरी गर्नुहुन्छ ?**

✍ नेपाली कांग्रेस युद्धमा जाने प्रवृत्तिको पार्टी होइन, युद्ध गरेर घरजग्गा फिर्ता गर्दैन, यति मात्रै भन्न सकिन्छ कसैको घरजग्गा कब्जा गर्नु भनेको डकैती हो। अब डाँकालाई ठेगान लगाउनका लागि राज्यशक्तिले नै गर्ने काम हो। राज्यशक्तिलाई बन्धकीमा राखेको छ, यो बन्धकीमा राख्ने काम बृहत् शान्ति सम्झौताले गरेको हो कि बृहत् शान्ति सम्झौतालाई तोडेर युद्धमा जानुपर्छ। त्यो कांग्रेस होइन, राज्य जाने हो। होइन भने माओवादी दल एउटा नागरिक दलका रूपमा रूपान्तरित हुनुपर्दछ। अब यो काम गर्नका लागि एउटा निश्चित समय सीमा तोक्नुपर्छ कि राज्य युद्धमा जानुपर्छ कि माओवादी नागरिकदलमा रूपान्तरित हुनुपर्छ। धेरै दिन कुर्नैपर्दैन यसका लागि।

**☞कांग्रेसको अन्य पार्टीसँगको सम्बन्ध कस्तो छ ?**

✍ कांग्रेसको अरू पार्टीसँगको सम्बन्ध प्रतिस्पर्धात्मक र मित्रवत् छ। त्यो बहुदलको उच्चतम आदर्शमा पर्दछ। त्यसमा कसैले अन्यथा सोच्नुपर्ने कारण छैन। लक्ष्मीनारायणजी, तपाईंले यो प्रश्न अन्य प्रकृतिले सोध्नुभएको भए पनि हुन्थ्यो। माओवादीसँग चाहिँ कुनै प्रकृतिको सम्बन्ध छैन। माओवादी एक्लो पार्टी हो। त्यसकारणले पनि म भन्दछु कि माओवादी युद्धका लागि तयार होस्, राज्यसित ? कुनै पार्टी विशेषसित होइन। कि ऊ नागरिक पार्टीमा रूपान्तरिक होस्। त्यसका लागि सबै



पार्टी मिलेर उसका विरुद्धमा मोर्चाबन्दी गरेर युद्धमा जानु बाहेकको अर्को विकल्प म केही देख्दिन ।

**माओवादी र एमालेले सरकारको नेतृत्व गरिसकेपछि अब कांग्रेसको पालो आएको हो र ?**

कांग्रेस अहिले हेर्नुहुन्छ भने संविधानसभा या संसदको कम्पोजिसन हेर्नुहुन्छ भन्ने सानै पार्टी हो, हुन त दोस्रो ठूलो दल भनिए तापनि संख्यात्मक हिसाबले, गणितीय हिसाबले । अब हामी गर्छौं भनिहाल्ने बेला भइसकेको जस्तो त मलाई लाग्दैन । अरू पार्टीसँगको उसको कुरा बाँकी नै छ । अरू पार्टीले कांग्रेसलाई समर्थन दिने स्थितिमा त सरकारको नेतृत्व कांग्रेसले गर्नैपर्छ ।

**भावी सरकारको नेतृत्व शेरबहादुर देउवा र रामचन्द्र पौडेलमध्ये कसले गरेमा पार्टीमा राम्रो हुन्छ ?**

मेरा लागि सरकारको नेतृत्व या संविधानसभाभित्र बस्नु भनेको कुरा त्यति 'म्याटर' गर्दैन । अब कांग्रेस कसले मिलाएर लाने भन्ने कुरा कांग्रेस अधिवेशन र कांग्रेसकै नेतृत्व कसले लिने भन्ने कुरामा महत्व राख्दछ । मूलतः कांग्रेसको नेतृत्व जसले लिन्छ, उसले कांग्रेसको नेतृत्वको सरकारलाई हाँक्न सक्नुपर्दछ । त्यसकारण अहिले पनि हाम्रो जस्तो मुलुकमा सधैं नै पार्लियामेन्टरी सिस्टममा यही नै हुन्छ भनेर म भन्दिन, यस्तो हुँदा पनि हुँदैन । तर हाम्रो मुलुकमा पार्टी पंक्ति भनेको गाउँसम्म पुग्दछ ।

सरकार भनेको सिंहदरबारमा सीमित छ । त्यसकारणले गाउँसम्म पुग्ने जुन बडी हो, त्यही बडीलाई नै हामीले बलियो बनाउनुपर्दछ, पार्टीलाई बलियो बनाउनु पर्दछ । त्यसैले पार्टी नेतृत्व वा पार्टीका अङ्गप्रत्यङ्गहरूलाई निर्वाचनको माध्यमबाट

**प्रचण्डको नेता नै पूर्वराजा भए पनि वा पूर्वराजा नै एनेकपा माओवादी पार्टीको अध्यक्ष बने पनि र प्रचण्ड कार्यवाहक अध्यक्ष बने पनि मेरो आपत्ति छैन । प्रचण्डको नेता पूर्वराजा बनेर कम्ब्याक्ट ड्रेस लगाएर हिंडे पनि कांग्रेसलाई आपत्ति छैन, सांस्कृतिक राजाको त कुरै छाड्नुस्**

हामीले जति सशक्त र बलियो बनाउन सक्दछौं, त्यसले नै सम्पूर्ण कुरालाई मिलाएर लाने भन्ने कुरा आउँछ । पहिले हामीकहाँ त्यो सिस्टम थिएन, अहिले हाम्रो विधानमा सुधार गरेका छौं । अधिवेशनको संघारमा छौं । त्यसले गर्दा मूलतः हामीले गर्न सक्नुपर्ने कुरा यो अधिवेशनबाट हामीले नेतृत्व चयन गरेर पार्टीभित्रको लोकतन्त्रलाई विस्तारित गरेर नेतृत्व पंक्तिलाई गाउँदेखि नै उठाउँदै ल्याएर लोकतान्त्रिक पद्धतिको माध्यमबाट गर्न सक्यौं भने त्यसले नै सरकारलाई पनि हाम्रो नेतृत्व स्वीकार्य हुन्छ । किनभने सरकार हाम्रो मात्रै बन्ने होइन । संयुक्त राष्ट्रिय सरकार बन्छ त्यसलाई पार्टीले नियन्त्रणमा राख्छ, यसकारण पनि म पार्टीलाई महत्व दिन्छु, सरकारमा जाने हाम्रा साथीहरूले अरूलाई पनि नियन्त्रणमा राख्न सक्नुहुन्छ किनभने सरकारमा त अरूहरू पनि हुनेछन् र त्यही नै विधि हामीले अपनाएका छौं । मन्त्री पनि अब को कोजाने भनेर पार्टीले नै तोक्छ, प्रधानमन्त्री पनि पार्टीले नै तोक्छ । यसकारणले पार्टीलाई मजबुत बनाउने खालको विधानको हामीले व्यवस्था गरेकाले पार्टीलाई महत्व दिनुस्, सरकारमा को जान्छ, को मन्त्री हुन्छ, कसले के गर्छ भन्ने कुरालाई त्यति महत्व नदिऊँ जस्तो मलाई लाग्छ ।

**कांग्रेसको सभापति को बन्ला, तपाईंको विचारमा ?**

लड्ने स्वतन्त्रता सबैलाई छ । धेरैको नाम आइराखेको छ मेरो पनि नाम लिन सक्नुहुन्छ तपाईंले । तर म के भन्छु भने अबको सभापति अधिनायक हुन सक्दैन । पहिले भएका हाम्रा सभापतिहरू झण्डै झण्डै अधिनायक नै थिए । सभापति निर्णय गर्थे र केन्द्रीय समितिबाट स्वीकृति भनौं अथवा केन्द्रीय समितिमा ल्याएर इम्प्युज गर्ने गर्थे । अब त्यो अवस्था छैन र प्रधानमन्त्री हुने लालचा नदेखाएको अनि अहिलेसम्म केही पनि नलिएको, अधिनायक पनि हुन नसक्ने व्यवस्था विधानमा भएका कारणले र केही हाम्रा सिनिएर साथीहरूलाई एडजस्ट गर्नुपर्ने अवस्था पनि छ, हरेक पार्टीमा हुन्छ पनि हाम्रो पार्टीमा मात्र होइन । मलाई लाग्दछ सुशील कोइराला नै कार्यकर्ताहरूको च्वाइस हो यस पालिलाई । किनभने उहाँ प्रधानमन्त्री हुन इच्छुक हुनुहुन्न । अरू प्रधानमन्त्रीका लागि दाबेदार हुनुहुन्छ भनेदेखि अब प्रधानमन्त्रीका लागि उहाँहरू त्यो क्षेत्रमा जानु भए हुन्छ । प्रधानमन्त्री पाइन सभापति हुन्छ, फेरि सभापति पाइन, प्रधानमन्त्री हुन्छु भन्दै हिंड्न त पाइएन नि ! ठाउँ हेरेर साथीहरूलाई एड्जस्ट गर्दै लानु पर्दछ । यो पाइन, त्यो पाइन, यो हुन्छु, त्यो हुन्छु नभनीकन सबैले पार्टीको मर्म, भावना र कार्यकर्ताको इच्छाअनुसार चल्नुपर्छ भन्ने मलाई लाग्दछ ।

**राजतन्त्रको बारेमा तपाईं के भन्नुहुन्छ ?**

गिरिजाबाबु स्वर्गवास हुनुभयो । उहाँले बेबी किङको कुरा, आदि इत्यादि कुरा उठाउनुभयो । उहाँ संवैधानिक राजतन्त्रको पक्षपाती मान्छे हुनुहुन्थ्यो । मैले बुझेदेखि नै गणतन्त्रको पक्षधरको मान्छेले आज सांस्कृतिक राजाको कुरा उठाउनुभएको छ प्रचण्डले । सांस्कृतिक राजाको कुरा प्रचण्डले उठाउनुको कारण के होला भने प्रचण्डले धेरै प्रयत्न गर्नुभयो 'रअ' का स-साना पुच्छे एजेन्टहरूलाई भेट्न लण्डन पनि जानुभयो । सिंगापुर पनि जानुभयो । मकाउ र हङकङ पनि जानुभयो । उहाँ हेलम्बु आराम गर्न पनि जानुभएको थियो, हत्तपत्त राजन यहाँ आइपुगेको थाहा हुनेबित्तिकै भ्रमण छोट्याएर फर्कनुभयो । उसलाई रिझाएर प्रधानमन्त्री बन्छु कि भनेर त्यो प्रयास पनि गर्नुभयो । उहाँले आर्मी अझै पनि राजाको नियन्त्रणमा छ भनेर पूर्वराजा ज्ञानेन्द्रसित मिल्यो भने सायद आर्मी आफ्नो हुन सक्दछ र त्यही बलले 'कु' गर्छु भनेर सांस्कृतिक राजाको कुरा उठाएको हो । उहाँले 'कु' को प्रयास त गरेकै हो नि, रुक्मांगतलाई हटाएर । कुल बहादुर खड्कालाई आर्मी चिफ बनाउनु भनेको त्यही 'कु' हो । भइरहेको सिस्टमलाई फ्याँकेर अर्को सिस्टम लाद्नुलाई नै 'कु' भनिन्छ । पूर्वराजा ज्ञानेन्द्र र प्रचण्ड दुवै अधिनायकवादी हुन्, दुवैको कुनै न कुनै बेला गठबन्धन हुन सक्दछ । **प्रचण्ड अहिले राजालाई फकाउने प्रयत्न**

**गर्दैछन् । उनले हिन्दुस्तानलाई फकाउन सकिन्छ कि भनेर प्रयत्न गरे किनभने उनलाई (प्रचण्डलाई) यो कुरा थाहा छ कि हिन्दुस्तानको सहयोगले राजाले ३० वर्षसम्म शासन चलाएकै हुन् । भारतलाई मनाएर शासन गर्ने लालचा गुमाएपछि प्रचण्डले पूर्वराजासँग मिल्ने कोशिस गर्दैछन् । पहिले पहिले दक्षिणकालीमा पूजा गर्न गएका राजाको कार्यकर्ता पठाई विरोध गर्ने प्रचण्ड अहिले आफैले कार्यकर्ता पठाएर राजाको जिल्ला जिल्लामा भ्रमण गएका ठाउँमा उनको भिडलाई बढाइराखेका छन् । अनि सांस्कृतिक राजाको पक्षमा छु भनेर कार्यकर्ता पठाउने र आफूले राजाको पक्षमा अभिव्यक्ति दिने गरेका छन् ।** पूर्वराजाको देशदौडाहामा प्रचण्डको पूर्ण सहयोग छ । प्रचण्डले पूर्वराजालाई सक्रिय गराउन खोजेका छन् ।

**☞पूर्वराजा र माओवादीको सम्बन्धी गाढा भइसकेको हो त ?**

✍प्रचण्डको सांस्कृतिक राजाको पक्षमा छु भनेको अभिव्यक्तिले र राजाको देशका विभिन्न स्थानमा भएको शक्तिपीठको भ्रमण हेर्दा खेरी यी दुई शक्ति मिल्न खोजेका छन् । राजाले कुनै पार्टी खोल्छन् भने पनि वा राजा माओवादी भए पनि अथवा प्रचण्ड राजावादी भए पनि हामीलाई (कांग्रेस र मलाई) कुनै आपत्ति छैन । हामीले देखिराखेका छौं कि उनीहरूको (प्रचण्ड र ज्ञानेन्द्रको) मेल भइराखेको छ । तर हामीलाई के विश्वास छ भने पूर्वराजा र प्रचण्डको बहकाउमा आर्मी आउँदैन, म किटानका साथ भन्न चाहन्छु । प्रचण्डको नेता नै पूर्वराजा भए पनि वा पूर्वराजा नै एनेकपा माओवादी पार्टीको अध्यक्ष बने पनि र प्रचण्ड कार्यवाहक अध्यक्ष बने पनि मेरो आपत्ति छैन । प्रचण्डको नेता पूर्वराजा बनेर कब्याक्ट ड्रेस लगाएर हिँडे पनि कांग्रेसलाई आपत्ति छैन, सांस्कृतिक राजाको त कुरै छाड्नुस् भन्न चाहन्छु र मेरो घरसम्म आई मेरो विचार राख्ने मौका दिनुभएकोमा 'अग्निचक्र' का निर्देशक र सम्पादक दुवैजनालाई धन्यवाद । ००

आकर्षक Website
निर्माणका लागि
Tech Hall Computer
(P) Ltd.
Ph.: 014356631

# स्रष्टा समाजद्वारा घले सम्मानित






नेपाल स्रष्टा समाजको तेस्रो वार्षिक साधारणसभा तथा विशेष साहित्यिक समारोहको नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना भएको कार्यक्रममा स्रष्टा सुश्री भद्रकुमारी घले २०६६ सालको 'योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान' बाट सम्मानित हुनुभएको छ । नेपाल स्रष्टा समाजका अध्यक्ष चन्द्रप्रसाद भट्टराईको सभापतित्व र नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति वरिष्ठ कवि बैरागी काइँला प्रमुख अतिथि रहनुभएको कार्यक्रममा योगमायाको तथा सम्मानित व्यक्तित्व सुश्री घलेको संक्षिप्त परिचयमाथि स्रष्टा समाजका सल्लाहकार वरिष्ठ कवि शैलेन्द्र साकारले प्रकाश पार्नुभएको थियो । नेपाली राजनीतिज्ञ तथा स्रष्टा प्रदीप नेपाललगायत सिक्किम (प्रवास) र देशका विभिन्न स्थानबाट स्रष्टाहरूको उपस्थिति रहेको थियो ।

सम्मानित व्यक्तित्व घलेले बैरागी काइँलाको हातबाट सम्मान पाउँदा आफू बडो हर्षित भएको भन्दै देशमा गणतन्त्र, लोकतन्त्र, प्रजातन्त्र आए तापनि हाम्रो समाजको अनादिकालदेखिको परम्पराहरू, छुवाछुतलगायतका समस्याहरू जस्ताको तस्तै छ, । आजको युग कम्प्युटर, मोबाइल र मिसाइलको युगमा त हामी यस्ता छौं भने योगमायाको त्यो समय कस्तो थियो होला भन्दै आफ्ना मनका कुराहरू कार्यक्रममा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बैरागी काइलाबाट पुस्तकहरू :- 'तराइ मधेशका कथा', कविता संग्रह 'चिनारी' र 'समयको प्रतिबिम्ब' लोकार्पण गरिएको थियो । सम्मानित व्यक्तित्व घलेलाई 'अग्निचक्र' को तर्फबाट हार्दिक बधाइ तथा शुभकामना ।००

प्रशोधित पानी
खेर नफालौं
समयमा महसुल तिर्ने
बानी बसालौं
नेपाल खानेपानी
संस्थान

# हजारौँको भिडमा योगदान

पूर्वी नेपालको ओखलढुङ्गा, बिलन्दु-६ मा वि.सं. २०३५ सालमा जन्मिएका सुमनकुमार पुडासैनीले सोही ठाउँबाट एस.एल.सी. अनि हेटौँडाबाट प्रमाणपत्र तह र काठमाडौँ पिपुल्स क्याम्पसबाट वाणिज्यशास्त्रमा स्नातक गर्नुभएको हो । नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स लि. मा १४ वर्ष जागिरे भई अनुभव बटुलेका सुमनले

**डिभिजन सहकारी कार्यालयले तोकेको क्षेत्राधिकार तथा सहकारी सिद्धान्तहरूको मर्म र भावना अनुरूप अन्य वित्तीय संस्थाहरूले गर्दै आएका लगानीका क्षेत्रहरूमा नै 'योगदान' को पनि लगानी रहनेछ ।**

आफै केही गरुँ न त भनेर आफ्ना साथीभाइसँगको लामो छलफल पश्चात 'योगदान बचत तथा ऋण सहकारी संस्था लि.' को स्थापना गरिसक्नुभएको छ ।

'अग्निचक्र' सँगको कुराकानीमा 'योगदान' का कार्यकारी अध्यक्ष पुडासैनीले उक्त सहकारी संस्थाको योजना तथा लगानी क्षेत्रबारे प्रस्ट पार्दै अगाडि भन्नुभयो- हामीले सहकारीको क्षेत्रमा भएका विकृति र विसङ्गतिहरूको बाबजुद पनि एउटा उत्कृष्ट संस्थाको रूपमा यस संस्थालाई चिनाउनका लागि सधैँ अग्रसर भएर लाग्ने छौँ । हजारौँको भिडमा सहकारीहरू हुँदाहुँदै पनि हामीले यो सहकारी संस्थाको स्थापना गरेका छौँ, अरू सहकारीहरूले आफ्नो सञ्चालन कसरी गरिरहेका छन् त्यतातिर म जान चाहन्न, सहकारीहरू हजारौं छन् तर त्यस हजारौंको भिडमा पनि हामीले (यस संस्थाले) निम्नवर्गदेखि उपल्लो मध्यमवर्गसम्मलाई साथै निम्न वर्गीय जातित्वदेखि उच्च वर्गीय जातिलाई समेत समेट्दै सबैको लागि **मेरो बैंक** हो भन्ने महसुस गराउनका लागि सफल हुने विश्वासका साथ यस क्षेत्रमा लागेका हौं ।

हामीसँग वित्तीय क्षेत्रमा लामो समयको अनुभव बटुलेका साथीहरूदेखि व्यावसायिकस्तरमा समेत ख्याति कमाएका तथा विभिन्न सामाजिक संस्थामा आबद्ध समाजसेवीहरू सबैजना मिलेर यस संस्थाको सुरुवात गरेको हुनाले अवश्य नै हजारौं सहकारीको भिडमा हाम्रो 'योगदान' सहकारी संस्था नमुना सहकारीको रूपमा स्थापित हुने नै छ भन्नेमा हामी पूर्ण विश्वस्त छौँ ।



**सुमनकुमार पुडासैनी**
कार्यकारी अध्यक्ष
**योगदान बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
तीनकुने, काठमाडौँ ।

सहकारीको नियमनकारी निकाय डिभिजन सहकारी कार्यालयले तोकेको क्षेत्राधिकार तथा सहकारी सिद्धान्तहरूको मर्म र भावना अनुरूप अन्य वित्तीय संस्थाहरूले गर्दै आएका लगानीका क्षेत्रहरूमा नै 'योगदान' को पनि लगानी रहनेछ, जस्तै आवासीय भवन निर्माणका लागि, सवारी साधन खरिदको लागि, व्यापारिक प्रयोजनको लागि तथा उच्च शिक्षा हासिल गर्नकाको लागि यस संस्थामा आबद्ध शेयरधनी सदस्य महानुभावहरूले ऋण माग गरेको बखत एकदमै सर्वसुलभ तरिकाले विना झन्झट लगानी गर्ने नीति संस्थाले अवलम्बन गरेको छ ।

पुँजीबारे जानकारी दिँदै सुमन भन्नुहुन्छ, "हामी यो सुरुवाती अवस्थामा जम्मा २५ जना विभिन्न क्षेत्रमा आवद्ध भइसकेका साथीहरू मिलेर २५ लाख रूपैयाँमा सुरुवात गरेका हौं र संस्थाको प्रारम्भिक साधारणसभा हुने अवस्थासम्म आइपुग्दा १२९ जना शेयरधनी सदस्यहरू यस संस्थामा आबद्ध भई जम्मा रु. ९२ लाख ६० हजार रूपैयाँ चुक्ता पुँजीको रूपमा जम्मा भइसकेको अवस्था छ । आगामी दिनमा संस्थाको चुक्ता पुँजी रु. ३ करोडसम्म पुऱ्याउने लक्ष्य लिएका छौँ ।"

त्यस्तै गरेर सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरूको आर्थिक उन्नतिको लागि संस्था सदैव तत्पर रहेको ब्यहोरा अनुरोध गर्दै संस्थाको दैनिक क्रियाकलाप तथा सञ्चालनमा अमूल्य सुझाव, सहयोग र सहकार्य गर्दै अगाडि बढ्न हौसला प्रदान गर्ने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ र यस संस्थाको नियमनकारी निकाय डिभिजन सहकारी कार्यालय काठमाडौँलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ भन्दै अन्तमा सुमनले 'अग्निचक्र'लाई पनि धन्यवाद दिए । 'अग्निचक्र' लाई धन्यवाद दिने योगदान बचत तथा ऋण सहकारी संस्था लि. का कार्यकारी अध्यक्ष सुमनकुमार पुडासैनीलाई पनि 'अग्निचक्र' का सम्पादक/प्रकाशकको तर्फबाट हार्दिक शुभकामना । ००



# माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता गर्नैपर्छ

**राजेन्द्र श्रेष्ठ**

**केन्द्रीय सदस्य एवं उपत्यका इन्चार्ज,नेकपा एमाले**

**हिजो संविधानसभाको निर्वाचनको लगत्तै माओवादीको नेतृत्वमा सरकार बन्यो । त्यतिबेला माओवादीलाई लडाकु भएको सैनिक पार्टी भनिएन । सैनिक पार्टीको नेतृत्वमा सरकार बनेको त थिएन । जब माओवादीले आफ्नो सेनाहरू क्यान्टोनमेन्टमा राखिसकेको छ भने माओवादी नागरिक पार्टी नै हो ।**

**☞एमाले सरकारमा किन टाँसिरहन चाहन्छ ?**

✍ एमाले सरकारमा टाँसिरहन चाहन्छ भन्ने कुरा गलत हो । पार्टी र प्रधानमन्त्री दुवैले राष्ट्रिय रूपमा यो अहिलेको संकटलाई समाधान गर्नको लागि राजीनामा गरेर अगाडि बढ्न तयार छ भन्ने कुरा बाहिर आइसकेको हुँदा सरकारमा बसिरहन्छ भन्ने कुरा सही छैन । नेपालको राजनीतिमा जे सम्झौता हुन्छ त्यो कार्यान्वयन र पालना हुँदैन । दुई तीनजना नेताहरू गोप्य रूपले सम्झौता गर्छन् र बाहिर आउँछन् पछि त्यही कुरामा भनाभन जस्तो भइरहेको हुन्छ । हाम्रो देशमा राजनेताको अभाव छ । सहमति भए अनुसार नै प्रमले अविलम्ब राजीनामा दिनु पर्छ ।

**☞एमालेभित्र एउटै धार छैन नि हैन ?**

✍ हाम्रो पार्टी मार्क्सवाद, लेनिनवादलाई अँगीकार गर्ने कम्युनिष्ट पार्टी हो । हाम्रो दार्शनिक अवधारणा भनेकै द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यस हिसाबले हामीले द्वन्द्व पार्टीभित्र हुनुलाई पार्टीभित्रकै मतभिन्नता हुनु, बहस हुनुलाई हामीले सकारात्मक रूपमा लिने गरेका छौं । यस्तै बहसले नै पार्टीमा सही विचारको जन्म हुन्छ भन्ने लाग्छ । यसकारणले सही विचार जन्माउने सवालमा भएका बहसहरूलाइ आन्तरिक खिचातानी, गुटबन्दी भन्ने चलन यथावत छ , त्यस्तो हुनु हुँदैन र अब कतिपय वैचारिक द्वन्द्वलाई भन्दा आत्मकेन्द्रित भएर बहस गर्ने परम्परा देखापरेको छ, त्यो चाहिँ एमालेभित्रको लोकतान्त्रिकरणको नाममा देखापरेको बुर्जुवाकरणका समस्याहरू हुन् । यसैले यस्तो प्रवृत्तिको अन्त्य हुनुपर्छ भन्ने लाग्छ मलाई ।

**☞नयाँ संविधानको लागि एमाले बाधक छ भन्ने माओवादी आरोपको खण्डन कसरी गर्नुहुन्छ ?**

✍ शान्ति र संविधानको लागि एमाले बाधक छैन किनभने अहिले शान्तिप्रक्रियालाई जुन निष्कर्षमा पुर्‍याउनुपर्ने छ यसको लागि सबै पक्षले आ-आफ्नो धारणाहरू, सम्झौताहरूलाई लागु गर्नुपर्छ र अहिले माओवादी पक्षबाट पनि वाईसीएलको अर्धसैनिक संरचना भङ्ग गर्ने कुरा, कब्जा गरिएका सम्पत्तिहरूलाई फिर्ता गर्ने कुरा, सेनालाई पुन:स्थापना, व्यवस्थापन र समायोजन गर्ने कुरा यी सबै कुराहरूमा ठोस ढङ्गले अगाडि बढेको छैन र अन्य राजनीतिक दलहरूले पनि अहिलेको सन्दर्भमा माओवादीले यी यी कुराहरू गर्नुपर्छ भन्ने कुरा त भन्छन् तर आफूले पनि त्यस सन्दर्भमा गर्नुपर्ने कामहरू गरेका छैनन् । कतिपय कुराहरूमा त मैले आग्रह, पूर्वाग्रह पाएको छु जस्तो कि हिजो संविधानसभाको निर्वाचनको लगत्तै माओवादीको नेतृत्वमा सरकार बन्यो । त्यतिबेला माओवादीलाई लडाकु भएको सैनिक पार्टी भनिएन । सैनिक पार्टीको नेतृत्वमा सरकार बनेको त थिएन । जब माओवादीले आफ्नो सेनाहरू क्यान्टोनमेन्टमा राखिसकेको छ भने माओवादी नागरिक पार्टी नै हो । नागरिक पार्टी भएन भनी आरोप लगाउनु हुँदैन । किनभने हिजो १२ बुँदे सम्झौतापछि गिरिजाप्रसादको नेतृत्वमा अन्तरिम सरकार बन्दा माओवादीले हतियार र सेना समेत यो ढंगले क्यान्टोनमेन्टमा राखिसकेको थिएन तर पनि शान्तिप्रक्रियाका लागि अगाडि बढ्यो । त्यसैले अहिलेको सन्दर्भमा यी समस्याहरू जुन छन्, माओवादीका पनि केही कमीकमजोरीहरू भएका छन् र मूलधारका पार्टीहरूमा पनि केही कमजोरी रहेका छन् त्यसैले मिलेर सहमति, सहकार्य र एकताबाटै नयाँ संविधान निर्माण गर्नुपर्छ । एकले अर्कोलाई आरोप लगाउनु हुँदैन ।

**☞वर्तमान राजनीतिक अवस्थाको मूल्यांकन गर्दै अब देश कसरी अगाडि बढ्ला जस्तो लाग्छ तपाईलाई ?**

✍ मेरो विचारमा नेपालको प्रथम पुस्ताका नेताहरूले एउटा गौरवका साथ भन्ने गरेका छन् कि तीन तीनवटा क्रान्तिको हामीले नेतृत्व गर्‍यौं भनेर र कतिपयले २-२ वटा क्रान्तिको नेतृत्व गर्‍यौं भन्छन् । यो चाहिँ नेपालको भावी पुस्ताले गौरव गर्ने विषय । तर मैले समस्या कहाँ देखेको छु भने पुराना नेता र पुरानो मानसिकता । नयाँ नेपालमा पुरानो मानसिकता भयो, तीनवटा क्रान्तिको नेतृत्व गर्‍यौं । २००७ सालदेखि भन्ने कांग्रेसका नेताहरूमा म के देख्छु भने अग्रगमन र सामाजिक, आर्थिक परिवर्तनको सन्दर्भमा पुरातनपन्थी नै छन् । अब हामी चाहिँ जब नयाँ नेपाल बनाउँछौं भने यसलाई गाइड गर्ने गाइडिङ प्रिन्सिपलहरू जे छन् त्यसलाई आजसम्म विकसित भएका मानव जातिले विकास गरेका सम्पूर्ण पक्षहरू, मानव अधिकारका पक्ष, सभ्यताका पक्ष, नागरिक



स्वतन्त्रताका पक्ष, जनताको सर्वोच्चताका पक्ष यी सबै कुराहरूलाई स्वीकार गर्दै जनभावनाअनुरूप अगाडि बढाउनु पर्दछ र सामाजिक, आर्थिक क्षेत्रमा पनि समाजवाद उन्मुख राज्य व्यवस्था अपनाउने, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता विषयलाई जनताको आधारभूत मानव अधिकार मान्ने । गास, वास, कपासको ग्यारेन्टी गर्ने । एउटा नयाँ मोडलको राज्य प्रणालीको पक्षमा हामी जानुपर्दछ । त्यसैले वर्तमान राजनीतिक परिप्रेक्ष्यमा केही सवालहरूमा एउटा समग्र समाधान खोज्नुपर्दछ र वर्तमान राजनीतिक परिस्थितिले त्यो दिशामा गएन भन्ने मेरो मूल्यांकन छ ।

अब अहिले राष्ट्रिय सहमतिको सरकार बनाउनका लागि प्रधानमन्त्रीले राजीनामा गरी ढोका खोल्ने मार्ग प्रशस्त गर्ने कुराहरू भयो र आजसम्म राष्ट्रिय सहमति कसरी बनाउने भन्ने कुरामा सहमति गर्न सकेनन् । राष्ट्रिय सहमतिको सरकार बन्न सकेन भने शान्ति र संविधान धरापमा पर्न सक्छ, बाधक हुन्छ र छिटोभन्दा छिटो यस प्रक्रियामा सही समाधान खोज्नुपऱ्यो । के के कुरा मतभिन्नता हुन त्यसलाई समाधान गरौं । अगाडि बढ्नुपर्छ त्यसो भए मात्रै देश र जनतालाई राम्रो हुन्छ । धेरै कुराहरूमा सहमति भइसकेको छ । एकदमै थोरै दुई तीनवटा विषयहरूमा जस्तो : नेपालको शासकीय स्वरूप कस्तो बनाउने, राष्ट्रपतीय प्रणालीमा जाने कि, प्रधानमन्त्री या संसदीयमा तीनवटा कुराहरू हुन् । अब यी कुराहरूमा कसैमा बहुमत समेत भएन । यी यस्ता कुराहरूलाई सहमति नभए जनमन संग्रहमा पठाएर भए पनि समाधान गर्न सकिन्छ । नयाँ संविधानका अन्तरवस्तुका सन्दर्भमा जे कुरामा सहमति हुन्छ ठीकै छ, सहमति नभएका कुराहरूमा चाहिँ जनमनसंग्रहमा जानेगरी नयाँ संविधान

**नयाँ संविधानका अन्तरवस्तुका सन्दर्भमा जे कुरामा सहमति हुन्छ ठीकै छ, सहमति नभएका कुराहरूमा चाहिँ जनमतसंग्रहमा जानेगरी नयाँ संविधान निर्माणका कुराहरू गर्न सकिन्छ । बृहत् शान्तिसम्झौता अनुसार नै सबैले अगाडि बढ्दा राम्रो हुन्छ । सहमति, सहकार्य र एकताबाट नै सबै समस्याको समाधान खोज्यौँ भने नेपालको भविष्य उज्वल छ जस्तो मलाई लाग्दछ र अधिकांश जनताको चाहना पनि यही नै हो ।**

निर्माणका कुराहरू गर्न सकिन्छ । बृहत् शान्तिसम्झौता अनुसार नै सबैले अगाडि बढ्दा राम्रो हुन्छ । सहमति, सहकार्य र एकताबाटै नै सबै समस्याको समाधान खोज्यौँ भने नेपालको भविष्य उज्वल छ जस्तो मलाई लाग्दछ र अधिकांश जनताको चाहना पनि यही नै हो ।

**☞सरकारमा बसेर एमालेले माओवादी गतिविधि टुलुटुलु हेरिरहयो, कब्जा गरेको घरजग्गा, सम्पत्ति पनि फिर्ता गराउन सकेन माओवादीबाट भन्ने खालका कुराहरू पनि त छन् नि ?**

✍ घरजग्गा कब्जा गरेर राखेको सबैको सम्पत्ति फिर्ता हुनुपर्छ । माओवादी नेतृत्वले स्पष्टताका साथ प्रतिबद्धता व्यक्त पनि गरिसकेको छ । तर पनि कतिपय चल-चल सम्पत्तिहरूमा केही समस्याहरू आउन सक्छन् । यसमा चाहिँ बरु आयोग नै बनाएर सिडियोको नेतृत्वमा जिल्लामा आयोग बनाई जे जे कुराहरू अहिले माओवादीको कब्जामा छ तुरुन्तै सम्बन्धित व्यक्तिहरूको हातमा सुम्पिनुपर्दछ । चल सम्पत्ति कतिपय बेखबिखन भइरहेको छ भने पनि त्यसबारेमा राज्यले नै टुंगो लगाइदिनुपर्दछ । माओवादी नागरिक पार्टी हो है भनेर चिनाउन र आगामी सरकारको नेतृत्व गर्नका लागि पनि कब्जा गरिएको सम्पत्ति तुरुन्त फिर्ता गरोस् भन्न चाहन्छु ।

**☞विभिन्न जातजाति, भाषाभाषीलगायत विभिन्न खालका समूहहरूका मुद्दालाई नयाँ बन्ने संविधानमा कसरी सम्बोधन गर्नेहोला ?**

✍ हाम्रो देश नेपाल राज्य संघीय लोकतान्त्रिक गणतन्त्रमा जाने भइसकेपछि सबै किसिमका समस्या, मुद्दाहरूलाई लोकतान्त्रिक विधिद्वारा नै समाधान खोजिनुपर्छ । र संघीय राज्यका सम्बन्धमा पनि हामी किन यसलाई अपनायौं भन्दा सहकार्यमा मुलुकलाई अगाडि लैजाऊ भनेको हो । संघीयता भनेको देश छुट्टिनु भनेको होइन, साझेदारी शासन हो संघीयता भनेको । केन्द्र र प्रदेशमा दुईवटा सरकारहरू हुन्छन्, दुवै सरकार (केन्द्रीय र प्रान्तीय) ले साझेदारीमा काम गर्ने, दुवै ठाउँमा व्यवस्थापिका हुन्छ, व्यवस्थापिकाका सबै नीति-नियम बनाउने, दुवै ठाउँहरूमा न्यायपालिकाहरू हुन्छन्, दुवैले आफ्ना न्यायिक अधिकारहरू प्रयोग गर्छन्, त्यसैले सहकार्य र साझेदारी शासन नै हो संघीयता भनेको । त्यसैले यो सिद्धान्त अपनाइसकेपछि लक्ष्मीनारायणजी तपाईंले सोध्नुभएको विभिन्न समूहहरू छन्, लिम्बूवान, खुम्बुवान्लगायतका समस्याहरूलाई हल गर्न सकिन्छ भन्ने मलाई लाग्छ । यसका लागि सम्बन्धित आवाज उठाउने पक्षले पनि हामी पृथक् हुन चाहन्छौँ, बिखण्डन चाहन्छौँ भन्छन् भने राज्यको सामु दमन गरेर जाने र राष्ट्रिय अखण्डता जोगाउने बाहेक अरू विकल्प हुँदैन । त्यसकारण एउटै मुलुकभित्र हामी चाहिँ साझेदारी शासन गर्छौं भन्छन् भने अब लिम्बुवान राज्यका सम्बन्धमा सकारात्मक रूपमै लिइएको छ संविधानसभाले । त्यसरी नै मधेशका सम्बन्धमा पनि मिथिला, भोजपुरा, कोच मधेश भन्ने एउटा प्रदेश बनाउने प्रस्ताव गरेकै छ, त्यस हिसाबले एउटा संयुक्त प्रदेशका रूपमा मधेशको प्रदेश बनाउने भनेको छ । मधेशको मधेशी समुदाय उसको पहिचान पनि हो भने त्यसभित्र भाषिक रूपमा मैथिली भाषामा विभाजित, अर्को भोजपुरी भाषमा विभाजित भएको मधेशी समुदाय पनि छ, त्यस्तै त्यहाँ थारुहरू पनि छन् । कार्यहरू पनि छन्, अनेकौं छन्, ती सबैलाई सम्बोधन गर्ने हिसाबले मधेशभित्र अहिले जुन मूलतः २ वटा स्वायत्त प्रदेश बनाउने कुरा छ जुन मैले भट्टराईजी तपाईंलाई अघि भर्खर भनें- पूर्वमा मिथिला, भोजपुरा र कोच संयुक्त स्वायत्त प्रदेश । त्यस्तै पश्चिममा चाहिँ लुम्बिनी, थरुहट संयुक्त स्वायत्त प्रदेश । यसरी अवधारणा आएको छ । त्यसले गर्दाखेरी उहाँहरूको माग संविधानसभाले गरेन भन्ने होइन, संविधानसभाले राम्रोसँग सम्बोधन गर्दैछ तर त्यसमा पनि कतिपय बुँदाहरू नमिलेको

हुनसक्छ । ती बुँदाहरू प्राविधिक रूपमा संविधानसभाले राज्य पुनर्संरचना समितिले गरिसकेको छ । त्यसकारण यसलाई बिखण्डनकारी एजेण्डाको रूपमा हैन, राष्ट्रिय एकताको लागि हामीले अगाडि बढ्छौं भन्ने हिसाबले गयो भने सबै समस्याको समाधान हुन्छ ।

**☛अब बाँकी समयभित्रै संविधान बन्छ त ?**

✍ सहमतिबाट अगाडि बढेमा ६ महिनाभित्रै बन्छ, तर बखेडा झिक्ने र यथास्थिति चिन्तनबाट लिप्त हुने भ एभने चाहिँ पाँच वर्षमा पनि बन्दैन । त्यसकारण अबको बाँकी समय पर्याप्त छ । सबै दलले हरेक कुराहरूमा सहमति, सहकार्य र एकता गरी अगाडि बढ्ने पर्छ । सबैको भलो यसैमा छ ।

**☛सांस्कृतिक राजाको कुरा पनि उठ्न थालेको छ, एमालेसँग अन्य दलको सम्बन्ध कस्तो हुन्छ अबका दिनमा ?**

✍ हिन्दु समाजले अथवा भनौं हिन्दु धर्म मान्ने हिन्दुवादीहरूले प्रचार गर्ने र विभिन्न शक्तिपीठहरूमा भ्रमणमा जाने गरेका पूर्वराजालाई व्यक्तिको रूपमा मानुन् तर प्रचण्डले बोले पनि हामी राजतन्त्रको पक्षमा छैनौं । र तपाईंको दोस्रो प्रश्न अबका दिनमा एमालेको सम्बन्ध सबै पार्टीहरूसँग मैत्रीपूर्ण नै हुनेछ । सबै कम्युनिष्ट पार्टीहरूसँग हार्दिक सम्बन्ध र पुँजीवादी पार्टीहरूसँग मैत्री सम्बन्धी कायम हुनेछ ।

**☛जीवन, संघर्षको परिभाषा ?**

✍जीवन संघर्ष हो र संघर्ष चाहिँ राजनीतिक रूपमा जनताको मुक्तिसँग गाँसिएको हुन्छ ।

**हिन्दु समाजले अथवा भनौं हिन्दु धर्म मान्ने हिन्दुवादीहरूले प्रचार गर्ने र विभिन्न शक्तिपीठहरूमा भ्रमणमा जाने गरेका पूर्वराजालाई व्यक्तिको रूपमा मानुन् तर प्रचण्डले बोले पनि हामी राजतन्त्रको पक्षमा छैनौं ।**

**राजनीतिमा किन लाग्नुभयो ?**

✍ म राजनीतिमा लागेको कारण यो समाजमा विद्यमान विकृति, विसङ्गति भनौं या सामाजिक आर्थिक रूपले भइरहेका शोषण, दमन, मान्छेले मान्छेलाई गर्ने उत्पीडन, यसको विरुद्ध चाहिँ देशमा लोकतन्त्र चाहिन्छ । देशमा आर्थिक समृद्धि पनि चाहिन्छ र सामाजिक न्याय पनि चाहिन्छ भन्ने कुरा मैले मेरो मनैबाट सोचेपछि म राजनीतिमा लागेँ ।

**☛प्रेम के हो ?**

✍ दुई आत्माको मिलन हो । यसमा बुबाआमासँग एकखालको प्रेम हुन्छ, छोराछोरीसँग अर्कै खालको प्रेम हुन्छ, जनतासँग प्रेम हुन्छ तर सामान्यतया जसलाई हामीले प्रेमको रूपमा बुझ्छौं, प्रेम देश, समाज, बाबुआमा, छोराछोरी, श्रीमती, साथीभाइ सबैसँग हुन्छ तर यसभित्रका महत्व हरेक ठाउँमा अलग अलग प्रकृतिको हुन्छ । जस्तो श्रीमतीसँगको प्रेम भनेको सहजीवनको प्रेम हो ।

**☛अन्त्यमा, राजनीतिक संकटको समाधान कसरी होला ?**

✍ राजनीतिक संकटको समाधानको लागि नेताहरूले जुन अयोग्यता प्रदर्शन गरे, त्यसैले नेपालको मुक्तिको लागि नयाँ पुस्ताले अगाडि बढ्नुपर्छ र सबै नेपालीहरूले एक भएर राष्ट्रियताको लागि, लोकतन्त्रको स्थायित्व र नयाँ नेपाल निर्माणको लागि सजग भएर आ-आफ्नो ठाउँबाट कर्तव्य निर्वाह गऱ्यौं भने कुनै नेताले अयोग्यता प्रदर्शन गर्दैमा केही फरक पर्दैन । त्यो आफै परास्त भएर जान्छ । सबैले आफूलाई, आफ्नो परिवारलाई, समाजलाई र राष्ट्रलाई प्रेम गऱ्यौं र अगाडि बढ्यौं भने पक्कै पनि राजनीतिक संकटको समाधान भई देश अगाडि बढ्छ भन्दै एल.एन.जी. तपाईंलाई पनि धन्यवाद दिन चाहन्छु ।00




## झाडापखाला रोकथामका उपायहरुबारे जानकारी

वर्षा याममा प्रायः सबै पानीका स्रोतहरु प्रदुषित हुने र सो दुषित पानी पिउनाले झाडापखाला रोग लाग्न सक्दछ । झाडापखाला हुँदा शरीरमा भएको पानी, नुन, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ । यस्ता पदार्थहरु खेर गएपछि शरीर सुख्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्छ । यसर्थ झाडापखाला रोकनामका निम्न उपायहरु अपनाउनु हुने सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

**झाडापखाला रोकथामका उपायहरु**

- खानेपानी भकभकी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।
- खाना खानु अघि बच्चालाई खाना खुवाउनु अघि, खाना पकाउनु अगाडि, दिसा धोएपछि र फोहोर वस्तु चलाएपछि साबुन पानीले राम्ररी हात धुने गरौं ।
- फोहोर, बासी, सडेगलेको, झिङ्गा भन्केको र खुला रुपमा राखिएका खानेकुराहरु नखाऔं ।
- घरमा पानी राख्ने भाँडा सफा राखौं र पिउने पानीलाई सधैं छोपेर राखौं ।
- सबैले चर्पीमा मात्र दिसापिसाब गरौं र बच्चाको दिसापिसाब पनि चर्पीमा नै लगी फाल्ने गरौं ।
- काँचै खाइने खानेकुरा र फलफूलहरु जस्तै मूला, गाजर, काँक्रो र सागपातहरुलाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौं ।
- खानेपानीको स्रोत वा मुहानलाई सफा गरी आवश्यक मात्रामा क्लोरिनको झोल हाली शुद्धीकरण गरौं ।
- घोङ्गि, गङ्गटा, माछा, मासुजस्ता खानेकुराहरु राम्ररी पकाएर मात्र खाने गरौं । मरेका र बिरामी पशु पंक्षीको मासु र सडेको मात्रा नखाऔं ।

**नेपाल सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**

**टेकु, काठमाडौं ।**

# विचौलियाको मनोमानी कहिलेसम्म



पं. मेघनाथ भट्टराई

**वर्षेनी गरिबी न्यूनीकरणका लागि भन्दै अबौं रकम छुट्याइन्छ भने सयौं सरकारी र गैरसरकारी संस्थाहरू यसैका निम्ति अबौं रकम छरिरहन्छन् । तर बिडम्बना, न गरिबीको संख्या घटेको छ न त देश गरिबीको जन्जिरबाट माथि उठ्न सकेको छ । नेपालीहरू जन्मदै देशको नौहजारभन्दा बढी ऋण बोकेर जन्मनुपर्ने अवस्था छ ।**

राजनीतिक स्थायित्व विना देशको विकास हुन सक्दैन । राजनीतिक स्थायित्वका लागि राजनीतिक दलका नेताहरूमा निस्वार्थ भावना हुनुपर्छ । देश र जनताको हितानुकूल काम गर्ने इमानदारितापूर्ण प्रतिबद्धताको उत्तिकै आवश्यकता पर्दछ । अधिकांश नेताहरूले मुलुकको हितमा भन्दा आफ्नो परिवारको हितलाई बढी ध्यान दिएका छन् । मुलुकको कुनै पक्षमा पनि स्वस्थ तबरले विकास हुन नसक्दा देशमा निम्न आय आर्जन भएका नागरिकको जीवन निर्वाहमा कष्टपूर्ण अवस्था सिर्जना भएको छ । देशका नागरिक एकातिर भोक, रोगले सताइरहेको छ भने अर्कोतिर ३० लाखभन्दा बढी नेपाली विदेशमा तल्लो स्तरको काम गर्न बाध्य भएका छन् । देशमा नयाँ रोजगारीको सिर्जना हुन सकेको छैन । शासकीय पदमा पुगेका नेताहरूले देश र जनताको पक्षमा सोच्न समेत भ्याएका छैनन् ।

वर्षेनी गरिबी न्यूनीकरणका लागि भन्दै अबौं रकम छुट्याइन्छ भने सयौं सरकारी र गैरसरकारी संस्थाहरू यसैका निम्ति अबौं रकम छरिरहन्छन् । तर बिडम्बना, न गरिबीको संख्या घटेको छ न त देश गरिबीको जन्जिरबाट माथि उठ्न सकेको छ । नेपालीहरू जन्मदै देशको नौहजारभन्दा बढी ऋण बोकेर जन्मनुपर्ने अवस्था छ ।

जनता द्वन्द्व, अशान्त र भोकमरीबाट पीडित छन् । दैनिक उपभोग्य वस्तुको मूल्य आकाशिएको छ । खाद्यान्न गोदाममा थुपारेर कृत्रिम अभाव सिर्जना गर्दै मूल्यवृद्धि गरेर जनतामारा काम रोक्न सरकार असफल भएको छ । दैनिक उपभोग्य वस्तु, तरकारी र खाद्यान्नको मूल्य अनियन्त्रित रूपमा बढेको छ । ठूला व्यापारीहरूका अलावा उत्पादक र उपभोक्ता बीचमा रहेका बिचौलियाले मनोमानि तबरले कृत्रिम मूल्यवृद्धि गरेका छन् । यसले गर्दा उत्पादक र उपभोक्ता दुवैलाई घाटा पुगेको छ ।

छिमेकी देश भारतमा किसानले उत्पादन गरेका वस्तुको न्यूनतम र अधिकतम मूल्य सरकारले नै आफै निर्धारण गर्छ । अधिकतम मूल्यभन्दा बढी मूल्य कुनै वस्तु वा सामानमा बढ्न गयो भने त्यसमाथि हस्तक्षेप गरी नियन्त्रण गर्छ र उपभोक्ताको हक हितलाई ध्यान दिन्छ भने किसानले उत्पादन गरेको वस्तुमा न्यूनतम मूल्यभन्दा तल आएमा पनि किसानले मर्का पर्छ भनेर सरकारले नै न्यूनतम मूल्यभन्दा कमी आउन दिँदैन र न्यूनतम मूल्यभन्दा कमी आएमा किसानको हितलाई ध्यान दिँदै सरकार स्वयंले त्यस्तो मूल्यमा हस्तक्षेप गर्छ र किसानको पक्षमा बुझिन्छ । यसबाट के देखिन्छ भने भारत सदैव किसान र उपभोक्ताको पक्षमा उभिन्छ । तर, नेपाल सरकारले भने किसान र उपभोक्ताको हितलाई ध्यान दिएको पाईंदैन ।

मूल्यवृद्धिको मारमा परेका उपभोक्ता र उचित मूल्य नपाएका किसानलाई राहत दिन सरकारले केही ठोस कार्यक्रम ल्याउनुपर्छ । सरकारले किसान र उपभोक्ताको हक, हितलाई प्राथमिकता दिनुपर्छ । किसान र उपभोक्ताबीचमा बिचौलियाहरूले विना लगानी ज्यादै मुनाफा कमाइरहेका छन् । यस्तो प्रक्रियाको अन्त्य हुन जरुरी छ ।००

*मोरङ, सिजुवा-५, कादुपाडा*



# अस्थिर राजनीतिले सेयर बजारमा पारेको प्रभाव



✍ दुर्गाप्रसाद आचार्य

**"आर्थिक बृद्धि भ्यागुताको उफ्राईको गतिमा लैजाने बचन दिएका पूर्वअर्थमन्त्री भट्टराईले पनि उनको समयमा खासै आर्थिक वृद्धि गर्न सकेनन् । अहिलेका अर्थमन्त्री सुरेन्द्र पान्डेले पनि सेयर बजारलाई सुधार्न सकेका छैनन् । सेयरबजार घट्ने र बढने काम भइरहन्छ र यसलाई सामान्य रुपमा लिइन्छ पनि । तर लगातार सेयरबजार मापन गर्ने नेप्से घट्नुलाई राम्रो मानिदैन ।"**

दुई वर्ष अगाडि निकै उकालो लागेको सेयर बजार अहिले घट्दै गएको छ। विश्वबजारमा आएको आर्थिक मन्दी र बन्द हडतालले सेयर बजारलाई असर पारेकोले नेपालको शेयर बजार घट्न गएको कुरा अर्थविद्हरू बताउँछन् । विश्वबजारमा देखिएको आर्थिक मन्दीको असर कम परे पनि मानसिक असर भने सेयर लगानीकर्तामा परेको प्रष्ट हुन्छ । दुई वर्ष अगाडि ११ सय ७५ मा पुगेको नेप्से परिसूचक अहिले ४ सय अंकको हाराहारीमा ओर्लिएको छ । व्यापक गिरावट आएपछि अहिले लगानीकर्ताहरू अतालिएका छन् । लगानीका समयका आधारमा पुँजीगत लाभकर हुनुपर्ने, १० लाखसम्मको लगानी गर्नेलाई अनिवार्य गरिएको प्यान नम्बर ५० लाख रूपैयाँसम्ममा मात्र गरिनु पर्ने, सेयर धितोकर्जाको रकम बढाइनु पर्ने आदि माग लगानीकर्ताले गरेका थिए । त्यस्तै १० लाखभन्दा माथिको कारोबारमा स्रोत खुलाउनुपर्ने लगायत पुँजीगत लाभकरका कारणले पनि सेयर लगानीकर्ताहरू हतोत्साहित भइरहेको बेला बन्द हडतालले लगानी गर्न थप हिच्किचाएका हुन् ।

राजनीतिक र देशको आर्थिक सूचांक मापन गर्ने सेयर बजारबीच नङ र मासुकोजस्तो सम्बन्ध छ। राजनीतिक स्थायित्व विना सेयर बजार पुनरुत्थानतर्फ लाग्न सक्दैन । यसको प्रत्यक्ष उदाहरण भारतमा सत्ता परिवर्तन हुँदाको अवस्थालाई लिन सकिन्छ । भारतका प्रधानमन्त्री मनमोहन सिंह प्रधानमन्त्री हुने निश्चित भएपछि सेयरबजार पुनरुत्थानतर्फ लागेको थियो । भारतको सेयरबजार अघिल्लो दिनको तुलनामा ८ दशमलव ६ प्रतिशतले बढेको थियो । उनलाई सन् १९९१ मा भारतमा सुरु गरिएको आर्थिक सुधार कार्यक्रमका सुधारक मानिन्छ । राजनीतिक सत्ता परिवर्तन हुनासाथ सेयरमा पनि प्रभाव पार्दछ । देशको नेतृत्व गर्ने व्यक्ति कस्तो छ त्यसले पनि सम्पूर्ण आर्थिक गतिविधिलाई असर पार्दछ ।

आर्थिक वृद्धि भ्यागुताको उफ्राईको गतिमा लैजाने वचन दिएका पूर्वअर्थमन्त्री भट्टराईले पनि उनको समयमा खासै आर्थिक वृद्धि गर्न सकेनन् । अहिलेका अर्थमन्त्री सुरेन्द्र पाण्डेले पनि सेयर बजारलाई सुधार्न सकेका छैनन् । सेयरबजार घट्ने र बढ्ने काम भइरहन्छ र यसलाई सामान्य रूपमा लिइन्छ पनि । तर लगातार सेयरबजार मापन गर्ने नेप्से घट्नुलाई राम्रो मानिदैन । पुँजीबजारमा व्यापक गिरावट आउँदा पनि अर्थ मन्त्रालयले खासै चासो नदेखाएका कारण पटक पटक धितोपत्र बोर्डका अध्यक्षले राजिनामा दिनुपरेको थियो । उनीहरूको राजिनामा पछि पनि सेयर बजार बढ्न सकेको छैन । कसैले पनि सेयरबजारलाई सुधार गर्न सकेका छैनन् । सम्पूर्ण परिसुचक नकारात्मक रहेको अवस्थामा सेयरबजारको परिसुचक बढोस् पनि कसरी ?

अर्थशास्त्रीहरू भने बेलुन फुलाए झैं फुलिएको सेयरबजार अहिले ठीक ठाउँमा आएको बताउँछन् । सेयरबजार अद्योगतितर्फ जानुमा राजनीतिक अस्थिरता पहिलो कारण र दोस्रो कारण ठूला लगानीकर्ताहरूको हात रहेको बताइन्छ । नेपाल स्टक एक्सचेन्जमा सरदर दैनिक ४ करोडको सेयर किनबेच हुने गर्दछ । एक दिनमा यति ठूलो कारोबार गरेर हलचल मच्चाउने व्यक्तिहरू वा समूह छैनन् भन्ने अनुमान धेरैको छ । सेयरबजारलाई प्रभावित पार्न दैनिक ४ करोड लगानी गर्नुपर्छ । तर ५,६ प्रतिशतसम्म हेरफेर गर्न सक्ने व्यक्ति वा समूह भने छन् भनिन्छ । यी समूहले सेयरबजारलाई केही मात्रामा घटाउन वा बढाउन भने सक्छन् । थोरै मात्रामा सेयर घट्दा पनि साना लगानीकर्ताहरू अत्तालिएर बेच्न थाल्दछन् भने ठूला लगानीकर्ताहरू त्यही मौकामा सेयर खरिदगर्न थाल्दछन् । यसैगरी ठूला लगानीकर्ताले केही मात्रामा बजार बढाउने बित्तिकै साना लगानीकर्ताहरू हौसिएर किन्ने गरेका छन् । यसरी साना लगानीकर्ता अत्तालिने र हौसिने मौकामा ठूला लगानीकर्ताहरू सधैं नाफा कमाईरहेका हुन्छन् । हुन त अमेरिकामा रख बेलर नामका एक व्यापारीले संसारभरीको अनाज किनेर बजार नियन्त्रण गर्न खोज्दा टाट पल्टिएका थिए । यस्तो प्रयास सेयरबजारमा गरियो भने त जतिसुकै ठूलो

**ठूला लगानीकर्ताले केही मात्रामा बजार बढाउने बित्तिकै साना लगानीकर्ताहरू हौसिएर किन्ने गरेका छन् । यसरी साना लगानीकर्ता अत्तालिने र हौसिने मौकामा ठूला लगानीकर्ताहरू सधैं नाफा कमाईरहेका हुन्छन् । हुन त अमेरिकामा रख बेलर नामका एक व्यापारीले संसारभरीको अनाज किनेर बजार नियन्त्रण गर्न खोज्दा टाट पल्टिएका थिए । यस्तो प्रयास सेयरबजारमा गरियो भने त जतिसुकै ठूलो लगानीकर्ता पनि डुब्न सक्छ ।**

लगानीकर्ता पनि डुब्न सक्छ । नेपाल स्टक एक्स्चेन्जमा दर्ता भएका कम्पनी र तिनीहरूले जारी गरेको कूल सेयर मूल्य ११ खर्बको हाराहारीमा छ र यति ठूलो पुँजी बजारलाई नियन्त्रण गर्न दुई चार जना व्यक्ति वा समूहलाई गाह्रो पर्छ । लामो समयदेखि राजनीतिक द्वन्द्व र आर्थिक चपेटामा परेका लगानीकर्ताहरू देशको राजनीतिक समस्या समाधान हुने कुरामा विश्वस्त हुँदै भावी समृद्ध सेयरबजारको आशामा लगानी गर्न उत्साहित भइरहेको समयमा विश्वमा वित्तीय संकट र स्वदेशमै पनि राजनीतिक खिचातानीका कारण सेयरबजार प्रभावित बन्दै गएको छ । राजनीतिक पार्टीहरूबीच सेना समायोजनलगायतका विषयमा वैचारिक मतभेद देखिएका कारण पुनः सेयर बजार प्रभावित हुन पुगेको छ ।

यसैगरी एउटा वित्तीय कम्पनीमा भएको राम्रो व्यवस्थापनले त्यस कम्पनीलाई उचाईमा पुऱ्याउँछ भने नराम्रो व्यवस्थापनले कम्पनीलाई नै तहसनहस पार्दछ । अहिले कम्पनीको व्यवस्थापन पक्षलाई हेरेर सेयरमा लगानी गर्नेहरू धेरै छन् । आर्थिक संकट आए पनि राम्रो व्यवस्थापनले त्यससँग सजिलै मुकाबिला गर्न सक्छ भने नराम्रो व्यवस्थापन महमा माहुरी अलमलिएजस्तै अल्मलिन्छ ।

२०६२।६३ को १९ दिने जनआन्दोलनपछि खुलेको सेयर बजार एकै दिन ६ दशमलव ६६ प्रतिशतले बढेको थियो । यसको प्रमुख कारण थियो लगानीकर्ताहरूको आत्मविश्वास । जनआन्दोलन २ पछि धमाधम वित्तीय संस्थाहरू स्थापना भए । सर्वसाधारण लगानीकर्ताहरू पनि सेयरमा लगानी गर्न थाले । गाउँका किसानले खेतीपाती गरेजस्तै सहरका व्यक्तिहरूले सेयर भर्ने काम गरे । यसबीचमा युरोपियन युनियन, जापान, भारतलगायतका देशले नेपाललाई सहयोग गर्ने वचन दिए । द्वन्द्वमा नासिएका संरचनालाई पुननिमार्ण गर्ने आश्वासन दिए । गैह्र आवासीय नेपालीले विभिन्न वित्तीय क्षेत्र, विकासका आधारभूत क्षेत्र, स्वास्थ्य, शिक्षा, संचार,वित्तीय संस्था र अन्य भौतिक संरचनामा लगानी गर्ने बताए । तर नेपालमा देखिएको राजनीतिक दलहरूबीचको आन्तरिक द्वन्द्व, विश्व बजारमा देखिएको आर्थिक संकटसँगै उनीहरूले पनि मौनता साधे । संक्रमणकाल लम्बिदै गएको छ । देशको मूल कानुन संविधान बनाउने गृहकार्य

> **“ राजनीतिक र देशको आर्थिक सूचांक मापन गर्ने सेयर बजारबीच नङ र मासुकोजस्तो सम्बन्ध छ । राजनीतिक स्थायित्व विना सेयर बजार पुनरुत्थानतर्फ लाग्न सक्दैन । यसको प्रत्यक्ष उदाहरण भारतमा सत्ता परिवर्तन हुँदाको अवस्थालाई लिन सकिन्छ । भारतका प्रधानमन्त्री मनमोहन सिंह प्रधानमन्त्री हुने निश्चित भएपछि सेयरबजार पुनरुत्थानतर्फ लागेको थियो । ”**

सुरु हुन सकिरहेको छैन । ठूला राजनीतिक दलहरू आफु आफ्नो भातृ संगठनहरू जुधाएर रमिता हेरिरहेका छन् । समयमै संविधान बन्ने हो कि होइन ? यस्तो अवस्थामा सेयरमा लगानी गर्ने लगानीकर्तामा अन्यौलता छाएको छ । यस्तो अन्योलता सिर्जना हुनु स्वभाविक पनि हो । राजनीतिसँगै आर्थिक जटिलता पनि बढदै गएको छ । दलहरूका आफ्ना हठका कारण अर्थतन्त्र ओरालो लागेको छ । मुलुक जोगाउन पनि अर्थतन्त्रलाई बचाउनु पर्ने अवस्था छ । ००

**सिजुवाक्षेत्रमा " अग्निचक्र " निःशुल्क**




**अग्निचक्र** राष्ट्रिय मासिक पत्रिका सिजुवा र आसपासका क्षेत्रमा निःशुल्क उपलब्ध हुने हुँदा खोजी-खोजी निःशुल्क पढ्नुहोला ।

सम्पर्क व्यक्तिहरूः- ***हरि बजगाईं*** / ***लीला अधिकारी***, मोरङ, सिजुवा-५, कादुपाडा

सम्पर्क : ९८४२०७४५७९ / ९८४२०२९६७९ – सम्पादक

यस **अग्निचक्र** राष्ट्रिय मासिक पत्रिकामा व्यावसायिक तथा शुभकामना विज्ञापन छपाइ आफ्नो व्यापार/व्यवसाय अभिवृद्धि गर्न चाहनुहुने महानुभावहरूले निम्न नम्बरमा सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बरः ९८५१०४०३३०, ९८४१३०८८३४

Email: news@agnichakra.com.np , agnichakramasik@gmail.com

● विचार

# पूर्वराजाको बढ्दो सक्रियता



'राजा आऊ देश बचाऊ', 'हिन्दू सम्राट जिन्दावाद' जस्ता नारा दिनदिनै घन्कन थालेका छन् । नागरिकले यस्ता आवाजहरू दिन प्रतिदिन बढाउँदै लगेका छन् । उनीहरूले पूर्वराजा ज्ञानेन्द्रप्रतिको भक्तिभाव बढाउँदै गर्दा पूर्वराजा ज्ञानेन्द्रले पनि आफ्नो

**असार ३ गते वीरगञ्ज पुगी प्रसिद्ध गढीमाई मन्दिरमा पूजा गरेका थिए । त्यहाँ उनले आफ्ना समर्थकसँग गोप्य भेटघाट गरेका थिए । त्यसदिन उनी शाही नातेदारकै सम्भ्कना होटलमा बिताएका थिए । त्यहाँ रहँदा उनले पूर्वमन्त्री, राजसभा मनोनित सदस्य, क्षेत्रीय, अञ्चल प्रशासक, हिन्दूवादी, राप्रपा नेपालका नेता, व्यापारी, पूर्व वरिष्ठ प्रहरी अधिकृत तथा सर्वसाधारण जनतासँग लामोसमय कुराकानी गरेका थिए । पर्सिपल्ट अर्थात् असार ४ गते बिहान पूर्वराजा ज्ञानेन्द्र पूजाअर्चना गर्न प्रसिद्ध बाराको गढिमाई मन्दिर पुगेका थिए । पूर्वराजा मन्दिरमा पुग्दा त्यहाँ उपस्थित जनताले 'हिन्दू सम्राट जिन्दावाद !', 'राजा आऊ देश बचाऊ' भन्दै नारा लगाएका थिए ।**

सक्रियता बढाउँदै लगेका छन् । राजनीतिक दलहरूले सर्वसाधारण जनताका पीरमर्का, शान्ति-सुरक्षा, विकास निर्माण र समयमै संविधान निर्माण गर्न नसकेकोले पनि पूर्वराजाप्रतिको आस्था बढ्दै गएको हो । एक/दुई दिनका लागि मात्र बारा पुगेका पूर्वराजा ज्ञानेन्द्रलाई सर्वसाधारणले देखाएको अत्यधिक भक्तिभावले गर्दा उनले आफ्नो बसाइलाई लम्ब्याए । पाँच दिनको बारा बसाइपछि पूर्वराजा ज्ञानेन्द्र असार ६ गते काठमाडौं फर्किएका छन् । धार्मिक यात्राका नाममा त्यहाँ बस्दा उनले आफ्ना समर्थकसँग गोप्य भेटघाट र छलफल समेत गर्न भ्याए । असार २ गते बिहान सवा नौ बजे बुद्ध एयरको उडानबाट सिमरा विमानस्थल उत्रेका पूर्वराजा ज्ञानेन्द्रले परवानीपुर बजारमा डेढ करोड रूपैयाँमा निर्मित वैष्णवी दुर्गा मन्दिरको उद्घाटन गरेका थिए । त्यहाँ उनको स्वागतमा सडकमा लामबद्ध हजारौं सर्वसाधारणले वृद्धभत्ता नपाएको, तराईमा चन्दा आतङ्क र सुरक्षाको स्थिति दयनीय भएको गुनासो गरेका थिए । मन्दिर उद्घाटनका क्रममा पूर्वराजा ज्ञानेन्द्रले एमाले बाराका सचिवालय सदस्य तथा पूजा समिति अध्यक्ष अमर यादवलगायतका २० जनालाई प्रशंसापत्र वितरण गरेका थिए । कार्यक्रममा पूर्वराजा ज्ञानेन्द्रलाई पूजा समितिका तर्फबाट समेत अभिनन्दन गरिएको थियो ।

पूर्वराजा ज्ञानेन्द्र भोलिपल्ट अर्थात् असार ३ गते वीरगञ्ज पुगी प्रसिद्ध गढीमाई मन्दिरमा पूजा गरेका थिए । त्यहाँ उनले आफ्ना समर्थकसँग गोप्य भेटघाट गरेका थिए । त्यसदिन उनले शाही नातेदारकै सम्भ्कना होटलमा बिताएका थिए । त्यहाँ रहँदा उनले पूर्वमन्त्री, राजसभा मनोनित सदस्य, क्षेत्रीय, अञ्चल प्रशासक, हिन्दूवादी, राप्रपा नेपालका नेता, व्यापारी, पूर्व वरिष्ठ प्रहरी अधिकृत तथा सर्वसाधारण जनतासँग लामोसमय कुराकानी गरेका थिए । पर्सिपल्ट अर्थात् असार ४ गते बिहान पूर्वराजा ज्ञानेन्द्र पूजाअर्चना गर्न प्रसिद्ध बाराको गढिमाई मन्दिर पुगेका थिए । पूर्वराजा मन्दिरमा पुग्दा त्यहाँ उपस्थित जनताले 'हिन्दू सम्राट जिन्दावाद', 'राजा आऊ देश बचाऊ' भन्दै नारा लगाएका थिए । त्यसै दिन उनले वीरगञ्जको अर्को शक्तिपीठ विन्ध्यावासिनी मन्दिरमा समेत भगवतीको विशेष पूजा गरेका थिए । त्यहाँको पूजा सकेर उनी सोभ्कै शिख सरदार समुदायको वीरगञ्ज स्थित गुरुद्वारामा पूजा गर्न पुगेका थिए ।

दौरासुरुवाल, खादाको कुर्ता, जुवारीकोट र ढाका टोपीमा सजिएका पूर्वराजा ज्ञानेन्द्र असार ५ गते रौतहट पुगेका थिए । त्यहाँ उनले शिवनगरस्थित महादेवमन्दिरमा पूजा गरी एक सय २५ दृष्टिविहीनलाई सेतो छडी, दुई सय ५० महिला र पुरुषलाई धोती, कपडा र साडी आफ्नै हातले बाँडेका थिए । त्यही दिन साँभ्क उनका समर्थकहरूले वीरगञ्जस्थित मकालु होटलमा आयोजना गरिएको भोजमा सहभागी भएका थिए । बारामा रहँदा उनले अधिकांश रात आफ्ना व्यावसायिक साथी प्रभुशमशेर जबराको सिमरास्थित फर्मामा बिताएका थिए ।

भ्रमणको अन्तिम दिन अर्थात् पाँचौं दिन (असार ६ गते) पूर्वराजा ज्ञानेन्द्र काठमाडौं आएका थिए । त्यसैदिन उनी अभिनेत्री मनिषा कोइरालाको विवाहभोजमा सरिक भएका थिए ।

**पूर्वराजाले 'प्रत्येक कालो बादलमा चाँदीको घेरा हुन्छ' त्यसैले आशा गरौँ भनेका थिए । अहिले उनी त्यही चाँदीको घेरामै आफ्नो छवि राख्न चाहन्छन् । पूर्वराजाले 'राजसंस्था फर्कने / नफर्कने नेपाली जनताको हातमा छ' भनेका थिए । पूर्वराजाको हालसालै सार्वजनिक भएको अभिव्यक्तिले उनी अझै पनि 'चाँदीको घेरा' पर्खेर बसेका छन् भन्ने अनुमान गर्न सकिन्छ ।**

यस अघि पूर्वराजा ज्ञानेन्द्र नेपालगञ्ज, पनौती, जनकपुरलगायतका धार्मिक स्थलमा सरिक भइसकेका छन् । लामो समय मौन बसेका पूर्वराजा ज्ञानेन्द्र पहिलोपटक जनकपुरको जानकी मन्दिर पुगेर मौनता तोडेका थिए । उनी काभ्रेको पनौती र बाँकेको नेपालगञ्ज, बारा, पर्सा र रौतहटका मन्दिरमा पूजाअर्चना गरिसकेका छन् । जनकपुरमा जानकी मन्दिर दर्शन गर्न जाँदा सञ्चारकर्मीहरूसँग 'राजसंस्थाको अन्त्य भएको कुरा काल्पनिक हो' भनेको कुरालाई लिएर राजनीतिक दलहरूले विरोध गरेका थिए । उता नेपालगञ्जको बागेश्वरी मन्दिरमा पूजाअर्चनाका लागि पुग्दा पूर्वराजा ज्ञानेन्द्रले 'राजसंस्था फर्कने / नफर्कने नेपाली जनताको हातमा छ' भनेका थिए । उनी जनतासँगकोसम्बन्ध पुनःस्थापित गर्दैछन् र जनताको मुटुमा बस्न चाहन्छन् । जनताले पनि पूर्वराजा ज्ञानेन्द्रलाई बढी मनपराउन थालेका छन् । 'अहिले जनमत के छ भन्ने कुरा बुझ्ने प्रयास भइरहेको छ', राप्रपा नेपालका एक केन्द्रीय सदस्यले भने 'मौका आएपछि त्यसलाई क्यास गर्ने काम हुनेछ ।'



अहिले पूर्व राजा ज्ञानेन्द्र जनसमर्थन प्राप्त गर्ने कार्यमा बढी लागेका छन् । राजनीतिक दलका व्यक्तिले आफ्ना केही कार्यकर्तालाई भन्दा अरूलाई चित्त बुझाउन सकिरहेका छैनन् । आमजनताको पक्षमा भन्दा पनि आफ्ना कार्यकर्ताको हितमा बढी ध्यान दिइरहेका छन् दलहरू । दलहरूप्रतिको वितृष्णा भएको एउटा ठूलो जनताको जमातलाई आफ्नो पक्षमा ल्याउन उनी चाहन्छन् । उनले स्वदेशमा मात्र होइन विदेशमा समेत सम्बन्ध बढाइरहेका छन् । छिमेकी मुलुक भारतको झण्डै एक महिना लामो बसाइपछि उनी स्वदेश भ्रमणमा निस्केका हुन् । केही समयपछि पश्चिमी मुलुकको भ्रमण गर्ने योजना रहेको बताइन्छ ।

पूर्वराजा ज्ञानेन्द्रले एक टेलिभिजनलाई अन्तर्वार्ता दिँदै 'प्रत्येक कालो बादलमा चाँदीको घेरा हुन्छ' त्यसैले आशा गरौं भनेका थिए । अहिले उनी त्यही चाँदीको घेरामै आफ्नो छवि राख्न चाहन्छन् । पूर्वराजाले 'राजसंस्था फर्कने / नफर्कने नेपाली जनताको हातमा छ' भनेका थिए । पूर्वराजाको हालसालै सार्वजनिक भएको अभिव्यक्तिले उनी अझै पनि 'चाँदीको घेरा' पर्खेर बसेका छन् भन्ने अनुमान गर्न सकिन्छ । ००

**– राजाराम 'सेवक'**

# पत्रकार भट्टराईको पुस्तक सार्वजनिक

नेपाली पत्रकारिता क्षेत्रका सक्रिय पत्रकार लक्ष्मीनारायण भट्टराई (सम्पादक/ प्रकाशक 'अग्निचक्र' मासिक) ले सम्पादन/ प्रकाशन गरेको पुस्तक **शासन सञ्चालन संयन्त्र** प्रकाशित भएको छ । लक्ष्मण बजगाईंको लेखन तथा दुर्गाप्रसाद आचार्यको सल्लाहकार सम्पादनमा प्रकाशित भएको पुस्तकले मुलुकलाई कसरी सम्पन्न बनाउन सकिन्छ भन्ने मूल विषयलाई समेटेको छ । यस पुस्तकले देश विकासमा अग्रसर हुन आम नेपाली नागरिकलाई प्रेरणा मिल्ने विश्वास सम्पादक/प्रकाशक भट्टराईको छ । मोरङ सिजुवा-५, कादुपाडा स्थायी घर भएका भट्टराईको पुस्तक मोबाइल नं. ९८४१५१८८००, ९८५१०४०३३० र ९८४१३०८८३४ मा सोझै सम्पर्क गरी प्राप्त गर्न सकिने कुरा लेखक लक्ष्मण बजगाईं बताउँछन् । ००

# कुर्सीका लागि

प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएपछि को प्रधानमन्त्री बन्ने सवाललाई लिएर तीन ठूला दलभित्र चर्को विवाद उत्पन्न भएको छ । एकीकृत माओवादी, नेपाली कांग्रेस र एमाले पार्टीभित्र भावी प्रधानमन्त्रीको विषयलाई लिएर पानी बाराबारको स्थिति सिर्जना भएको छ । तीनवटै दलमा गुट निर्माण भएका छन् । एउटा गुटले अर्को गुटलाई कसरी खुइल्याउन सकिन्छ भन्ने रणनीतिमा लागेका छन् । हरेक पार्टी भद्रगोल हुनुको कारण उनीहरू संस्थागत हुन नसक्नु नै हो । पार्टी भनेको संस्था हो भन्ने मान्यता अझै नेताहरूका मनमा स्थापित हुन सकेको छैन । पार्टीभन्दा व्यक्तिलाई ठूलो ठान्ने संस्कार बसेकोले नै यस्तो स्थिति सिर्जना भएको राजनीतिक विश्लेषकहरूको ठम्याइ छ ।

सबैभन्दा ठूलो दल एकीकृत माओवादीमा भावी प्रधानमन्त्रीको विषयले ठूलै तहल्का मच्चाएको छ । खासगरी अध्यक्ष पुष्पकमल दाहाल आफूलाई पार्टीबाट भावी प्रधानमन्त्रीका रूपमा अगाडि सार्छन् । उपाध्यक्ष बाबुराम भट्टराई पनि भावी प्रधानमन्त्रीको उम्मेदवार भएको बताउँछन् । माओवादीमा प्रधानमन्त्री 'को' बन्ने भन्ने कुरा अहिले विवादमा बाहिर आए पनि भित्री विवादको चुरो भने अर्कै छ । माओवादीको प्रमुख एजेन्डा शान्ति र संविधान हो कि जनविद्रोह भन्ने विषयमा अहिले एकरूपता देखिएको छैन । उनीहरूले यसलाई आ-आफ्नै तरिकाले विश्लेषण गर्दै आएका छन् । अध्यक्ष दाहाल, उपाध्यक्ष मोहन वैद्य र बाबुराम भट्टराईबीच मूल मुद्दामा नै मतैक्य छैन । केन्द्रीय समितिले सरकारको नेतृत्व गर्नुपरे अध्यक्ष दाहालले गर्ने निर्णय गरिसकेको अवस्थामा स्थायी समितिको बैठकमा केही नेताले यसबारे विकल्प खुला गर्नुपर्ने कुरा उठाए ।



हालै आयोजित पत्रकार सम्मेलनमा प्रचण्डले माओवादीको नेतृत्वमा सरकार बनाउन पहल गर्ने निर्णय पोलिटब्युरो बैठकले गरेको तर को व्यक्ति भन्ने कुरा पार्टीले आवश्यकता परेको बेला नै निर्णय गर्ने जानकारी गराए पनि प्रधानमन्त्रीका लागि विकल्प खुला हो कि भन्ने बताउन इन्कार गरे । उता उपाध्यक्ष डा. बाबुराम भट्टराईले पार्टीले आगामी सरकारको नेतृत्व गर्न भन्छ भने तयार हुने आशय व्यक्त गरे ।

माओवादीमा भावी प्रधानमन्त्री 'को' बन्ने भन्ने कुरामा पार्टीभित्रै विवाद देखिए जस्तै कांग्रेसमा पनि यही कुराले विवाद सिर्जना गरेको छ । नेपाली कांग्रेसका संसदीय दलका नेता रामचन्द्र पौडेलले भावी सरकारको नेतृत्व आफूले गर्न पाउनुपर्ने बताउँदै आएका छन् । पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भावी सरकारको नेतृत्व आफूले गर्न पाउनुपर्छ भन्दै आएका छन् । प्रधानमन्त्री आफूले पाउनुपर्ने दाबी गर्दै आएका यी दुई नेताबीचको विवाद बढ्दै गएको छ । पौडेललाई कार्यवाहक सभापति सुशील कोइराला, उपसभापति प्रकाशमान सिंह लगायतका नेताहरूले सघाइरहेका छन् । उनीहरूले कांग्रेस केन्द्रीय समितिले गरेको निर्णय अनुसार पनि सरकारको नेतृत्व संसदीय दलका नेताले गर्नुपर्छ भन्दै आएका छन् । उता देउवा पक्ष भने प्रधानमन्त्री छान्ने काम संसदीय समितिबाट गर्नुपर्ने अडानमा छन् । 'यसअघि प्रधानमन्त्रीको निर्वाचन हुँदा (पुष्पकमल दाल प्रधानमन्त्री हुँदा) पनि संसदीय समितिले गरेको हो । महामन्त्री निधिले भने, 'अहिले पनि त्यही परम्पराअनुसार समितिले गर्नुपर्छ भन्ने हो ।'

कांग्रेसभित्र सभापति गिरिजाप्रसाद कोइरालाको निधनसँगै वरिष्ठ नेता शेरबहादुर देउवा, संसदीय दलका नेता रामचन्द्र पौडेल र कार्यवाहक सभापति सुशील कोइरालाबीच 'को शीर्ष' भन्ने अस्वस्थ प्रतिस्पर्धा देखिएको छ । पौडेल र सुशील कोइराला एक ठाउँमा

# तानातान

**माओवादीमा भावी प्रधानमन्त्री 'को' बन्ने भन्ने कुरामा पार्टीभित्रै विवाद देखिए जस्तै कांग्रेसमा पनि यही कुराले विवाद सिर्जना गरेको छ। नेपाली कांग्रेसका संसदीय दलका नेता रामचन्द्र पौडेलले भावी सरकारको नेतृत्व आफूले गर्न पाउनुपर्ने बताउँदै आएका छन्। पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भावी सरकारको नेतृत्व आफूले गर्न पाउनुपर्छ भन्दै आएका छन्। प्रधानमन्त्री आफूले पाउनुपर्ने दाबी गर्दै आएका यी दुई नेताबीचको विवाद बढ्दै गएको छ।**

उभिने सम्भावना बढ्दै गएको छ। सुशील कोइरालाले पौडेललाई भावी प्रधानमन्त्रीको रूपमा अगाडि सारेका छन् भने पौडेलले सुशील कोइरालालाई सभापति दिने रणनीति बनाएका छन्। देउवा भने अहिले एक्लै जस्तो देखिएका छन्। उनले आफू निकट व्यक्तिलाई बोलाएर भावी प्रधानमन्त्रीको प्रस्ताव आफूलाई गर्न आग्रह गरिरहेको उनी निकट नेताले 'अग्निचक्र'लाई बताए। उनलाई पार्टी विभाजन गरेको, २०५९ सालमा संसद विघटन गरे पनि चुनाव गर्न असमर्थ रहेको आरोप लाग्दै आएको छ। आरोपका बाबजुद पनि देउवा आफू भावी प्रम हुने कुरामा ढुक्क जस्तै देखिएका छन्। उनमा पटक पटक प्रधानमन्त्री भएको घमण्ड छ।

दोस्रो पुस्ताका प्रभावशाली नेता तथा संसदीय दलका नेता रामचन्द्र पौडेल मध्यमार्गी नेताको रूपमा परिचित छन्। उनी आफूले सबैलाई मिलाएर लानसक्ने क्षमतावान् व्यक्ति सम्झन्छन्। २०४८ सालदेखि नै उनले पार्टी र सरकारमा निरन्तरता पाउँदै आएका छन्। शक्तिशाली मन्त्री हुँदै उपप्रधानमन्त्री र सभामुखसमेत उनी नै छन्। संसदीय दलको नेताका लागि भएको निर्वाचनमा देउवालाई पराजित गर्न सकेको घमण्ड उनमा छ। अहिले पनि ६० प्रतिशतभन्दा बढी नेता तथा कार्यकर्ता आफूसँग रहेको दाबी गर्न पछि पर्दैनन् उनी। कांग्रेसभित्र 'को' भावी प्रधानमन्त्री हुने भन्ने विषयले व्यापक चर्चा पाएको छ र विवाद पनि देखिएको छ।

माओवादी र कांग्रेसमा जस्तै भावी प्रधानमन्त्री 'को' हुने भन्ने विषयले एमालेभित्र पनि निकै हलचल मच्चाएको छ। एमालेको केन्द्रीय कमिटिको तेस्रो बैठकले सबैसँग जुनसुकै विकल्प लागि तयार रहने निर्णय गरेको छ। एमालेमा अध्यक्ष खनालले 'राष्ट्रिय सहमतिका लागि आवश्यक परे वर्तमान सरकारको विकल्पमा समेत जाने' छ भनेका छन्। उनले आफ्नो नेतृत्वको सरकार बनाउने घुमाउरो तरिका प्रस्तुत गर्न पनि पछाडि परेका छैन। उता नेता केपी ओली संविधानसभाको म्याद थप्न आफ्नो योगदान कमी नभएको र आफ्नो नेतृत्वमा भावी सरकार बन्नुपर्छ भन्ने खालका अभिव्यक्ति दिन थालेका छन्। यद्यपि उनी प्रधानमन्त्री नेपाललाई चिढ्याउने पक्षमा छैनन्। 'राष्ट्रिय सहमतिको लागि खुला भनेका यही सरकारमा माओवादी आउनुपर्छ भन्ने हो' भन्न पनि पछि परेका छैनन्। उता उपाध्यक्ष वामदेव गौतमले प्रधानमन्त्री माधवकुमार नेपालले तत्काल राजीनामा दिएर माओवादी नेतृत्वको राष्ट्रिय सहमतिको सरकार गठन गर्नुपर्ने बताउँदै आएका छन्। एमालेका यी नेताहरू जहाँ जहाँ बोल्छन् त्यहाँ त्यहाँ एमालेका फरक फरक विचार आउँछन्। एमालेभित्र पनि नेतृत्व गर्न पाएमा प्रधामन्त्रीको उम्मेदवार को हुने भन्ने बारेमा विवाद छ र पार्टीभित्र एकले अर्कोलाई सखाप नै पार्ने रणनीतिमा लागेका छन्।

अन्य सानातिना दलहरू भने प्रधानमन्त्री बन्ने सम्भावना कम भएर होला उनीहरूले भने यस मामिलामा मौनता साँधेका छन्। संविधान निर्माण गरेर अगाडि बढ्नुपर्नेमा ठूला दलहरूभित्र नै प्रधानमन्त्री 'को' बन्ने भन्ने विषयले निकै चर्चा पाएको छ र विवाद निम्तिएको छ। ठूला दलका नेताहरू कुर्सी मोहमा फसेका छन्। उनीहरूले संविधान निर्माणको कामलाई भन्दा प्रधानमन्त्री पदलाई बढी जोड दिएका छन्।

पूर्वराजा ज्ञानेन्द्रसँग निकट मानिने पार्टीहरू राष्ट्रिय जनशक्ति पार्टी जसको नेतृत्व सूर्यबहादुर थापाले गरेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी जसको नेतृत्व पशुपति शमशेर राण, राप्रपा नेपाल जसको नेतृत्व कमल थापाले गरेका छन्। यसैगरी अन्य साना २२ दल पनि छन्। यिनीहरूको शक्तिलाई पनि कम आँक्न सकिँदैन। फोरम लोकतान्त्रिकका अध्यक्ष एवं उपप्रधानमन्त्री विजयकुमार गच्छेदारले माओवादी, कांग्रेस र एमालेले राष्ट्रिय सहमतिका आधारमा राज्य सञ्चालन गर्न असफल भए संविधानसभामा प्रतिनिधित्व गर्ने अन्य २२ दलले मुलुकको नेतृत्व लिनेछन् भनेका छन्। ठूलाले हामी नै सर्वेसर्वा हौं भनिरहेको अवस्थामा यो पनि एउटा विकल्पन हुनसक्छ।

संविधानसभाको म्याद पुनः एक वर्षका लागि थपिएको छ। यो थपिएको समयभित्र पनि संविधानको घोषणा हुन सकेन भने समग्र लोकतान्त्रिक परिपाटी नै लामो समयका लागि घाइते हुनेछ र अहिले कुर्सीका लागि तानातान गरिरहेकाहरू ज्यान जोगाउन लुककीलुकी हिँड्नुपर्ने अवस्थामा पुग्नेछन्। यस्तो अवस्था आउन नदिन दलका नेताहरू बेलैमा सचेत हुनुपर्छ। राष्ट्र रहे प्रधानमन्त्रीको कुर्सी रहनसक्छ तर मुलुक नै नरहे प्रधानमन्त्रीको कुर्सी मात्रै रहन सक्दैन। त्यसैले कुर्सीका लागि तानातान होइन समृद्ध नेपाल बनाउनका लागि समयमै जुटौं र राजनीतिक स्थायित्व दिनका लागि समयमै संविधान निर्माण गरौं। फुटेर होइन जुटेर अगाडि बढौं।००

# जल, जमिन र जंगल कुनै पार्टी विशेषको नियन्त्रणमा हुनुहुँदैन



**भोला भट्टराई**
**अध्यक्ष**
**सामुदायिक वन उपभोक्ता महासंघ**

*आजभन्दा ३७ वर्ष अगाडि गोरखा जिल्लाको गोरखकालीमा जन्मनुभएका भोला भट्टराईले गोरखाबाटै एसएलसी र त्रिविबाट स्नातकोत्तर गर्नुभएको छ । विगत १५ वर्षदेखि सामुदायिक वन उपभोक्ता महासंघ नेपालको केन्द्रीय कार्यसमितिमा सचिव, महासचिव हुँदै हाल अध्यक्षको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरिरहनुभएको छ । उहाँ देशभरका १५ हजार सामुदायिक वनहरूको छाता संगठन सामुदायिक वन उपभोक्ता महासंघको चौथो महाधिवेशनबाट केन्द्रीय अध्यक्ष पदमा सर्वसम्मतिबाट निर्वाचित हुनुभएको हो, जुन महासंघ अहिले दुई खेमामा विभाजित छन । प्रस्तुत छ उहाँसँग 'अग्निचक्र' का निर्देशकले गर्नुभएको कुराकानीका अंशहरू :-*

**☞ तपाईंहरूको महासंघ किन विवादमा आयो ?**

✍ नेतृत्व तहमा रहनुभएका साथीहरूको अदुरदृष्टिको कारणका साथै राजनीतिक हस्तक्षेपको कारणले गर्दा महासंघ दुई भागमा विभाजित भएको हो । मैले बारम्बार साथीहरूलाई जल, जमिन र जंगल कुनै पनि राजनीतिक पार्टीको नबनाई यत्रो ठूलो महासंघलाई पार्टीको भातृसंगठनको रूपमा विकास गराउनु हुँदैन । ग्रामीण भेगसम्मका सबै उपभोक्ताहरू गोलबन्द भई एउटै छत्रछायामा बसी संसारकै इतिहासमा नमुनाको रूपमा प्रस्तुत हुनुपर्छ भन्ने माग राख्दाराख्दै अनैतिक, गैरजिम्मेवारी, नैतिकहीन कार्यबाट यस पवित्र महासंघलाई दुई चिरामा विभाजन दुस्प्रयास गर्ने काम साथीहरूबाट गरियो । यो साह्रै दुःखदायी र पीडादायी छ ।

**☞ घटना घटेको कारण स्पष्ट खुलाई दिनुहुन्छ कि ?**

✍ हाम्रो चौथो राष्ट्रिय महाधिवेशन महामहिम राष्ट्रपति डा. रामवरण यादवज्यूबाट उद्घाटन भएको हो । मैले महासचिवको हैसियतले सम्पूर्ण कार्यक्रम सञ्चालन गरें । त्यसको भोलिपल्ट हाम्रो राष्ट्रिय कार्यसमितिको चयन गर्ने दिन थियो । एक्कासि महाधिवेशनस्थलमा म लगायत सम्पूर्ण प्रतिनिधि साथीहरूलाई प्रहरी निरीक्षकको निर्देशनमा लाठी चार्ज गरियो किनभने हामी प्रतिनिधि साथीहरू यो महासंघ विशुद्ध राजनीति भन्दा अग्रगमनको आधारमा अगाडि बढ्नुपर्छ भन्ने छलफल हुँदाहुँदै लाठी चार्ज गरिएको थियो । दसौं प्रतिनिधि साथीहरू घाइते हुनुभयो । मलाई करिब ४ घण्टा जति महानगरीय प्रहरी परिसर सिंहदरबारमा हिरासतमा राखियो । त्यही मौकामा सीमित प्रतिनिधिहरू नेकपा एमालेको प्रत्यक्ष निर्देशनमा आफ्ना पार्टीका कार्यकर्ता जो जिल्लास्तरको पार्टीको नेतृत्व र केन्द्रीय स्तरमा पार्टीकै काम गरिरहनुभएका साथीहरूलाई उपाध्यक्ष पद खाली राखी तथा कथित महासंघ गठन गरिएको घोषणा गरिएछ । पछि प्रतिनिधि साथीहरूको दबाबका कारण प्रहरीले मलाई छाडिदियो । तत्पश्चात् २ सय ६५ जना प्रतिनिधि साथीहरूको भेलाले पीके क्याम्पसमा महाधिवेशन गरी विशुद्ध राजनीतिक हस्तक्षेपबाट मुक्त भई ५४ जनाको केन्द्रीय कार्यसमिति गठन गरी मलाई अध्यक्षको जिम्मेवारी दिइएको छ । जुन मैले हाल सफलताका साथ जिम्मेवारी भूमिका निर्वाह गरिरहेको छु ।

**हामीले दैनिक तीव्र वन फँडानीको विषयमा सरकार समक्ष ध्यानाकर्षण गराइसकेका छौँ । हामी आफै पनि गएर वन फँडानी भएका ठाउँहरूमा स्थलगत निरीक्षण गरिरहेका छौँ र त्यसलाई कसरी रोक्न सकिन्छ भन्ने विषयमा हाम्रा वन उपभोक्ता साथीभाइहरूसँग बृहत् छलफल गरी कारवाही अघि बढाएका छौँ । हाम्रो यो अभियान सफल हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।**

**☞ अब कसरी अगाडि बढ्नुहुन्छ ?**

✍ जब अवैधानिक रूपले प्रत्यक्ष राजनीतिक पार्टीको हस्तक्षेपमा यत्रो ठूलो महासंघलाई भातृसंगठन बनाउने खेल खेल्न खोजियो त्यसको विरुद्धमा हामीले माननीय वनमन्त्रीज्यूसमक्ष ज्ञापनपत्र बुझाइसकेका छौँ । काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा त्यो अवैधानिक राजनीतिक प्रतिशोधको कारणले गठन भएको महासंघको विरुद्धमा उजुरी गर्‍यौँ । हामीले नेपालभरिका पन्ध्रौँ हजार उपभोक्ता समूहहरूलाई प्रेस कन्फरेन्स गरी जानकारी गराइसकेका छौँ, जुन कार्यक्रममा माननीय वनमन्त्रीज्यू र म स्वयं उपस्थित भएका थियौँ । गोपालजी, अबको हाम्रो कार्यक्रम सबैभन्दा पहिले सम्पूर्ण वन उपभोक्ता साथीहरूलाई जल, जमिन र जंगललाई राजनीतिबाट मुक्त राखी गलत राजनीतिक संस्कारको भण्डाफोर गर्छौं ।

वन विनास तथा वन क्षयीकरणबाट हुने हरितगृह ग्यास उत्सर्जनको मात्रा घटाउनुपर्छ भन्ने अभियानलाई अझै तीव्रता दिने छौँ ।

दिगो रूपमा वनको व्यवस्थापन गर्ने । वनजंगलमा ठूला रुखका साथै पतकर, झाडी र माटोमा सञ्चित कार्बनको मात्रा बिक्री गरी आउने लाभ तल्लो स्तरका उपभोक्तासम्म पुऱ्याउने काम गर्दछौँ । तर यसको लागि समूहमा सुशासन हुनुपर्दछ, जुन उद्देश्य प्राप्तिका

लागि हामी समूह र उपभोक्तालाई सशक्तीकरण गराउनेछौँ ।

कार्बन ग्यास उत्पादन र जलवायुको अस्वाभाविक परिवर्तनका बारेमा सम्पूर्ण उपभोक्ताहरूलाई सचेत गराउँछौँ ।

कार्बनको विषयमा सामुदायिक वनसमूहको विधान र कार्ययोजनामा कार्बनमापन, बिक्री र लाभको बाँडफाँडलाई समेट्ने काम गर्छौं ।

कार्बन व्यापारमा जाने योजनाका बारेमा २०१२ सम्ममा टुङ्गो लगाउँछौँ । यो सन् २००९ को डिसेम्बरमा डेनमार्कमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी १५औं सम्मेलनले सन् २०१२ सम्मलाई रेडको लागि क्षमता अभिवृद्धि तथा प्रविधि विकासका लागि सहयोग गर्ने निर्णय गरेको थियो । रेडको प्रावधानलाई भने सन् २००७ मा इन्डोनेसियामा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी सम्मेलनले मान्यता दिएको थियो । नेपालमा गोबरग्यास परियोजनाले कार्बन व्यापारबाट लाभ लिइसकेको छ । यी सबै कार्यक्रमहरूलाई हामीले अझ व्यवस्थित र परिष्कृत ढंगले परिवर्तित समयानुसार अगाडि बढाउनेछौँ ।

**☞ रेडको बारेमा प्रस्ट पारिदिनुस् न ?**

✍ REDD (रेड) अर्थात् R = Reducing, E = Emissions from, D = Deforestation and Forest, D = Degradation अर्थात् रेडको प्रमुख सरल सिद्धान्त भनेको वनविनास तथा वन क्षयीकरणबाट हुने हरितगृह ग्यास उत्सर्जनको मात्रा घटाउनुपर्छ भन्ने हो ।

**☞ दिगो वन व्यवस्थापन भनेको के हो ?**

✍ दिगो वन व्यवस्थापनमा दैनिक रूपमा स्थानीय समुदायहरू जीवनयापनका लागि कुनै न कुनै प्रकारका वनपैदावारहरूमा निर्भर हुनुपर्ने प्रकारका वनक्षेत्रहरूमा पूर्ण रूपमा संरक्षण गर्नु असम्भव नै हुन्छ । त्यसकारण रेड रणनीतिले कार्बन मौज्दातलाई प्रबर्द्धन गर्ने परिधिभित्र रही स्थानीय समुदायका आवश्यकताहरूलाई सन्तुलित रूपमा अघि बढाउनुपर्दछ जुन दिगो रूपमा चलिरहनुपर्छ । यदि यो रणनीतिबाट वन कार्बनको खुद नोक्सान भएन भने वा समयको अन्तरालसँगै कार्बनको मात्रामा वृद्धि हुँदै गयो भने यसलाई दिगो वन व्यवस्थापन भनिन्छ ।

**☞ कार्बनबजारमा कस्ता प्रकारका मापदण्डहरूको प्रयोग भइरहेको छ ?**

✍ ऐच्छिक कार्बन मापदण्ड : हालसालै कृषि तथा भूउपयोग लगायत ऐच्छिक रेड क्रियाकलापहरूका लागि मार्गदर्शन सार्वजनिक गरेको छ । स्थानीय समुदायको दिगो विकासमा नकारात्मक असर नपरेको कुरा प्रदर्शन गर्छ, जानकारी दिन्छ । परियोजनाका अन्य सहायक असरहरू (संयोजनित प्रभाव तथा चुहावट) को बारेमा ध्यान पुऱ्याउँछ । रेड परियोजनाले उत्पादन गरेको अतिरिक्त कार्बन क्रेडिटबारे व्याख्या गर्छ ।

**देशभरका करिब २० हजार वन उपभोक्ता समूहका साथीहरूलाई दुई भागमा विभाजित महासंघ एउटा मेरै नेतृत्वको र अर्को राजनीतिक प्रतिशोधबाट जन्मिएको महासंघलाई फिल्टर गर्नुहोस्, को सही छ र को गलत छ ? जल, जमिन र जंगल कुनै राजनीति पार्टीको पेवा हुनुहुँदैन भन्ने नारा दिने म र राजनीति उद्देश्यबाटै जबर्जस्ती हस्तक्षेपको ढंगबाट निर्माण भएको महासंघको छिनोफानो गर्नुहुन वन उपभोक्ता समूह, सम्बन्धित निकाय र दाताहरूलाई अनुरोध गर्न चाहन्छु ।**

जलवायु, समुदाय र जैविक विविधता :- यो मापदण्डले स्थानीय समुदायमा पार्न सक्ने प्रभावको लेखाजोखा गर्छ । जैविध विविधतासम्बन्धी योजनाप्रति प्रतिबद्ध रहन्छ । रेड परियोजनाबाट परिवर्तन हुने खुद कार्बन मौज्दातको लेखाजोखा गर्छ र कार्बन क्रेडिटको पुष्टि गर्ने काम गर्दैन, बरु रेड परियोजनाको डिजाइनहरूलाई मापन गरी मान्यता तथा पुष्टि गर्ने काम गर्छ । जसले गर्दा लगानीकर्ताहरूलाई जलवायु परिवर्तन दर कम गर्न तथा सामाजिक वातावरणीय लाभहरू प्राप्त गर्न रेड परियोजना सफल हुने कुराको प्रत्याभूति गर्दछ । रेडसम्बन्धी चुहावट, अतिरिक्तता, यसको मापन, अनुगमन र व्यवस्थापनलगायतका विषयमा म तपाईंलाई विस्तृत रूपमा फेरि मौका दिनुभएको खण्डमा प्रकाश पार्ने नै छु ।

**☞ दैनिक तीव्र वन फाँडानी भइरहेको छ, यसमा तपाईंहरूको भूमिका के रहन्छ ?**

✍ हामीले दैनिक तीव्र वन फँडानीको विषयमा सरकार समक्ष ध्यानाकर्षण गराइसकेका छौं । हामी आफै पनि गएर वन फँडानी भएका ठाउँहरूमा स्थलगत निरीक्षण गरिरहेका छौं र त्यसलाई कसरी रोक्न सकिन्छ भन्ने विषयमा हाम्रा वन उपभोक्ता साथीभाइहरूसँग बृहत् छलफल गरी कारवाही अघि बढाएका छौं । हाम्रो यो अभियान सफल हुनेछ भन्नेमा म पूर्ण विश्वस्त छु ।

**☞ अन्त्यमा केही भन्नु छ कि ?**

✍ सर्वप्रथम, गोपालजी तपाईको यस 'अग्निचक्र' राष्ट्रिय मासिक पत्रिकामार्फत मेरा विचारहरू राख्ने मौका दिनुभएकोमा म विशेष धन्यवाद दिन चाहन्छु र म के भन्न चाहन्छु भने देशभरका करिब २० हजार वन उपभोक्ता समूहका साथीहरूलाई दुई भागमा विभाजित महासंघ एउटा मेरै नेतृत्वको र अर्को राजनीतिक प्रतिशोधबाट जन्मिएको महासंघलाई फिल्टर गर्नुहोस्, को सही छ र को गलत छ ? जल, जमिन र जंगल कुनै राजनीति पार्टीको पेवा हुनुहुँदैन भन्ने नारा दिने म र राजनीति उद्देश्यबाटै जबर्जस्ती हस्तक्षेपको ढंगबाट निर्माण भएको महासंघको छिनोफानो गर्नुहुन वन उपभोक्ता समूह, सम्बन्धित निकाय र दाताहरूलाई अनुरोध गर्न चाहन्छु । ००



# राष्ट्रिय परिस्थिति र अबको विकल्प



कुमार पौडेल 'कमल'

नेपालको वर्तमान राजनीतिक अवस्था संक्रमणकालबाट गुज्रिरहेको छ । विदेशी शक्तिकेन्द्र र तिनका नेपाली चाकरहरू संक्रमणकालको फाइदा उठाउँदै अकुत आर्थिक फाइदा र राजनीतिक स्वार्थ पूरा गरिरहेका छन् । ०४६ सालको जनआन्दोलनपछि नेपाली कांग्रेसले जसरी आफूइतरका राजनीतिक शक्तिहरूलाई बिरालोले मुसा खेलाएझैं खेलाएर देशको सामन्तवाद र वैदेशिक शक्ति अघि आत्मसमर्पण गरेर जुन प्रकारले एकलौटी राज्यसत्ता सञ्चालन गऱ्यो । आज आएर कांग्रेस, एमाले, फोरम लोकतान्त्रिकहरूले नेपाली कांग्रेसको विगतको छलछाम, षड्यन्त्र, धोकाधडी, राष्ट्रघातलाई निरन्तरता दिने काम गरेका छन् । यस्तो स्थितिले निरन्तरता पाएमा नेपाली जनतामा निराशा बढ्न गई नेपाल राष्ट्र असफलसिद्ध हुने कुरामा कसैको दुईमत हुन सक्दैन । तसर्थ वर्तमान सत्ताधारीहरूले के बुझ्नु जरुरी छ भने ०५२ सालमा माओवादीले शान्तिपूर्ण ढंगले नेकाको सरकारलाई राष्ट्रियता, जनतन्त्र, जनजीविकासम्बन्धी समस्या समाधानको माग राख्दा त्यसलाई वेवास्ता गरी सशस्त्र युद्ध भोग्न बाध्य हुनुपऱ्यो । त्यसैले नेपाली समाजलाई फेरि पनि ०४७ सालमा लैजाने कोशिस जसरी उनीहरू गरिरहेका छन् त्यसले सशस्त्र जनयुद्धको औचित्य अझ समाप्त भएको छैन भन्ने कुरा पुष्टि गरेको छ ।

लामो समयदेखि नेपाल अर्धसामन्ती र अर्ध औपनिवेशिक समस्याबाट गुज्रिरहेको छ । सामन्तवाद र साम्राज्यवादको उत्पीडन र हस्तक्षेपको विरुद्ध संघर्ष गर्दै नयाँ जनवादी सत्ता स्थापना गरी समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि २००७ सालदेखि विभिन्न आन्दोलन, झापा संघर्ष, दस वर्षको जनयुद्ध सञ्चालन गर्दै नेपाली क्रान्ति शान्ति प्रक्रियाको बाटोमा आएको छ । संविधानसभाको निर्वाचन सम्पन्न भई त्यसले गणतन्त्र स्थापना समेत गरिसकेकोछ । तर नेपालको अबको राजनीतिक भविष्य गम्भीर र भयावह अवस्थामा जाने सम्भावना देखा पर्दै आएको छ । आज देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरू नेपालको शान्ति, राष्ट्रिय स्वाधीनता र जनताको संविधानको विपक्षमा गम्भीर षड्यन्त्रमा लागिरहेका छन् । माधव नेपालको सरकार उनीहरूको इशारामा गैरजिम्मेवार र निर्लज्जरूपमा उनीहरूको षड्यन्त्रको योजनामा सामेल भइरहेको छ ।

नेपाल अहिले गम्भीर संकटको अवस्थाबाट गुज्रिरहेको छ । राष्ट्र र जनताको भविष्य अन्यौल र अनिश्चित बन्दै गइरहेको छ । देशका राजनीतिक पार्टीहरूबीच व्यापक अन्तरविरोध, नेतृत्वको लागि छिनाझप्टी र तँछाडमछाड चलिरहेको छ । पुराना संसदवादी पार्टीहरू ०४६ सालपछिको घिनलाग्दो संसदीय खेलमा हाम्फालेर लागिरहेका छन् । जनताबाट हारेका, तिरस्कृत भएका कांग्रेस, एमालेहरू जनताको आडमा होइन कि विदेशी मालिकको बलमा सत्तामा जाने सपना देखिरहेका छन् । विदेशी मालिकहरूलाई खुसी तुल्याई सत्ताको भऱ्याङमा पुग्ने खेती पनि विगतदेखि उनीहरूले गर्दै आएका छन् । त्यसैले २०४६ सालको जनआन्दोलपछि उनीहरूले विस्तारवाद र राजतन्त्रको तावेदारी गर्दै टनकपुर, महाकाली एकीकृत सन्धिलगायत कैयौं असमान र अपमानजनक सन्धि नेपाली जनतामाथि थोपरेर सत्तामा टिक्ने खेल खेलेकै हुन् । असोज १८ र माघ १९ को शाही 'कु'को लागि पृष्ठभूमि उनीहरूले तयार पारेका हुन् । संकटकाल लगाउने, टाउकाको मूल्य तोक्ने कार्यपनि उनीहरूले गरेका थिए । तसर्थ, उनीहरू शक्तिका स्रोत जनता होइन, पराई मालिकहरूलाई नै ठान्ने गर्दछन् । नेपालको राजनीतिक इतिहासमा २००७ सालदेखि आजसम्म आउँदा शक्तिको स्रोत कांग्रेस र एमालेले जनता होइन दरबारलाई ठान्दै आए । आज आएर पुरातन विचारका स्रोत भएका यी पार्टीहरू दिल्लीलाई आफ्नो राजनीतिक केन्द्र मान्दै आएका छन् । उनीहरूको लागि चुनाव, लोकतन्त्र देखाउने नौटंकी मात्र हो । उनीहरूले भन्ने गरेको प्रजातन्त्र, मानवअधिकार आफ्नो स्वार्थमा धक्का नलाग्दासम्म मात्र हो । तसर्थ समकालीन राजनीतिक यथार्थ केलाएर हेर्दा के देखिन्छ भने राणा शाहीको अन्त्य भएपछिका यहाँ अभ्यास भएको प्रजातन्त्र गँजडीको गाँजा खाने थलोभन्दा बढी केही हुन सकेको छैन । राजतन्त्रले खुस पर्दा दिने वेखुस हुँदा खोस्ने प्रजातन्त्र जनताको प्रजातन्त्र कहिल्यै बनेन । त्यसैले जनताको सशक्त र नयाँ विचारसहितको आम जनताको सहभागिता भएको प्रजातन्त्र नै साँचो प्रजातन्त्र हो ।

**नेपालको राजनीतिक इतिहासमा २००७ सालदेखि आजसम्म आउँदा शक्तिको स्रोत कांग्रेस र एमालेले जनता होइन दरबारलाई ठान्दै आए । आज आएर पुरातन विचारका स्रोत भएका यी पार्टीहरू दिल्लीलाई आफ्नो राजनीतिक केन्द्र मान्दै आएका छन् ।**

एमाओवादीको एजेन्डा संघीयतामा, गणतन्त्र र संविधानसभाको पक्षमा राजाले लात हानेपछि संसदवादीदलहरू आउन बाध्य भएका हुन् । नेपाली कांग्रेसको लामो इतिहासमा राजालाई घुर्की देखाएर सत्तामा जानको लागि उसले २०१८ सालको सशस्त्र संघर्ष, प्लेन अपहरण, ओखलढुङ्गा र हरिपुर काण्डजस्ता घटनाहरू घटाएर दबाबको राजनीति गर्दै आएको हो । प्रजातान्त्रिक समाजवादबारे बी.पी. कोइरालाको स्पष्ट दृष्टिकोण नभएको हुँदा बी.पी. मरेपछि नेपाली कांग्रेस कुहिराको कागजस्तो बन्दै आएको छ । जसले गर्दा नेपाली जनताका प्रजातन्त्रलाई पूर्णता दिने एजेण्डालाई उसले आत्मसात गर्ने

कुरै भएन । उदार अर्थतन्त्र र छिमेकका मालिकहरूबाट सापटमा ल्याएको राजनीतिक कार्यक्रमले नेपाली कांग्रेस अग्रगामी परिवर्तनको बाटोमा जानसक्ने अवस्था छैन । एमालेले ०४६ सालमा भएको उसको चौथो महाधिवेशनपछि माओ विचारधारा, सांस्कृतिक क्रान्ति, नयाँ जनवादी क्रान्तिको बाटो छाडी बहुदलीय जनवादको कार्यक्रम अघिसारेपछि उसको पनि वैचारिक स्खलन हुन गएको छ । **एमाओवादीले १० वर्षको जनयुद्धमा प्राप्त गरेको वैचारिक हतियार प्रचण्डपथको स्थगत, ०४८ सालको एकता महाधिवेशनमा टुङ्गिसकेको वाद/विचारधाराको पुनः वहसले पनि वैचारिक अकमर्ण्यतामा फसेको अनुभूति हुन्छ । तसर्थ, देशका ठूला राजनीतिक पार्टीहरूको वैचारिक अन्यौलता, कार्यक्रमविहीनता र नेपालको आन्तरिक राजनीतिक मामिलामा वैदेशिक हस्तक्षेपले गर्दा देश अहिले अनिर्णयको बन्दी भएको छ ।** जसले गर्दा वर्तमानको राजनीतिक तरलतालाई चिर्नको लागि राष्ट्रिय सहमतिको राष्ट्रिय सरकार वा नयाँ सशक्त आन्दोलनबाहेक अगाडि बढ्ने कुनै विकल्प देखिँदैन । विस्तारवादी प्रभुहरूको हस्तक्षेप र दबाबलाई सहेर बस्नुभन्दा अर्को दस वर्षको जनयुद्धको लागि वस्तुगत आधार तयार हुँदै गएको छ । हिंसात्मक युद्धको आवश्यकताको अन्त्य नभएको कुरा कांग्रेस, एमालेका गतिविधिहरूले प्रस्ट पार्दै आएका छन् । सकेसम्म अग्रगामी परिवर्तनको लागि शान्तिपूर्ण ढंगबाट राष्ट्रिय सहमति, सहकार्य र शान्तिको लागि समयसम्म वार्ताको मोर्चा छाड्नु हुन्न । एमाओवादीले जन्माएको गणतन्त्र र संघीयतालाई संस्थागत गर्ने कुरामा चुक्नु हुँदैन ।

नेपाली राजनीतिको अन्तिम प्रस्थान विन्दु २००७ सालदेखि दिल्ली बन्दै आएको छ । त्यतिबेला दिल्लीले ल्याइदिएको प्रजातन्त्र र संविधानसभा व्यवहारमा कहिल्यै लागू भएन । तत्कालीन दलहरूले नेतृत्वको सामन्ती चिन्तनको कारण र वैदेशिक दबाबको कारण पनि नेपाली राजनीति प्रजातन्त्रको युगमा प्रवेश गर्न सकेन । प्रजातन्त्रलाई अर्काको दानको रूपमा सम्झने संस्कृतिले पनि यहाँका राजनेताहरूको दलाली चरित्रलाई छर्लङ्ग पारेको छ । कहिले दरबार त कहिले दिल्ली यहाँको राजनीतिको साँचो भएको हुनाले राष्ट्रिय चिन्तनको विकास पनि हुन सकेको छैन । त्यसकारण आज राष्ट्रिय स्वाधिनताको मुद्दा प्रखर रूपमा उठ्दै आएको छ । आन्तरिक राष्ट्रियतालाई सुदृढ पार्दै, संघीयतालाई वैज्ञानिक आधारमा निर्माण गरेर मात्र राष्ट्रियतालाई मजबुत पार्न सकिन्छ । नेपाली जनताको राष्ट्रिय एकीकरणको महान् कार्यभार पूरा गर्न देशको सामु वैज्ञानिक संघीयताको जग निर्माण गर्न जरुरी भएको छ । अहिले राष्ट्रियता र संघीयताको जनताको सपनालाई ध्वस्त पार्नको लागि बाह्य शक्तिहरूले जुन दौडधुप गरिरहेका छन् त्यसले नेपाली जनताले जनयुद्ध र जनआन्दोलनलाई नयाँ शिराबाट एकीकृत गरेर लानुपर्ने कुरा खड्किँदै गएको छ ।

नेपाली कांग्रेस र एमालेहरूले यो मुलुकलाई अलिकति पनि अगाडि बढाउन चाहिरहेका छैनन् । राष्ट्रिय स्वाधीनता, मुलुकको समृद्धि, जनताको शान्ति, प्रगति होइन, दासता, अवनति, अशान्ति र हिंसा चाहिरहेका छन् । उनीहरूले एक वर्षसम्म राजनीतिक निकासको ढोका बन्द गरेर मुलुकलाई अन्यौल र अनिश्चयको दिशामा लिएर गए, मुलुक र जनतालाई यस प्रकारको राजनीतिक गत्यावरोधमा राखिरहनको लागि भारतीय विस्तारवाद र गठबन्धन सरकार जिम्मेवार रहेको छ । इतिहासको धारा अघि बढ्दछ, पछि फर्कँदैन । त्यसैले अहिलेको यथास्थितिलाई तोड्नको लागि एक वर्षदेखि संघर्ष हुँदै आइरहेको छ र विगत ४ वर्षदेखि आमूल परिवर्तन चाहने र यथास्थितिवादीहरूबीच भिषण संघर्ष चलिरहेको छ । अब यो संघर्षको यथास्थिति रूपको अन्त्य हुने बेला पनि आइसकेको छ ।

एमाओवादी नेपाली समाजको रूपान्तरणको लागि दस वर्षको महान जनयुद्ध चार वर्षको शान्तिपूर्ण मोर्चामा लड्दै आएको छ । पश्चगमन चाहने राजनीतिक पार्टीहरूलाई समाजको विद्यमान अन्तरविरोधहरूलाई चर्काएर अगाडि आउन बाध्य बनाएको छ । एमाले, कांग्रेसहरू सधैँ यथास्थितिवादको पुच्छर समातेर नेपाली समाजको आमूल परिवर्तनको संघर्षमा बाधक बन्दै आएका छन् । जसले गर्दा कार्यक्रम र विचारविहीनताको स्थितिमा रहेका उनीहरू मालिकको निर्देशन प्राप्त नगरी केही गर्न सक्ने अवस्थामा छैनन् । त्यसैले आफ्नो निहित स्वार्थले राष्ट्रलाई बन्धक बनाउन र राष्ट्रिय स्वाधीनता सुम्पिन उनीहरू तयार देखिएका छन् । त्यसैले उनीहरूले राष्ट्रिय आत्मसमर्पणवाद र यथास्थितिवादको व्यापक भण्डाफोर गरेर जानु पर्दछ । नेपालको राजनीतिक निकासको बाधक, आमूल परिवर्तनको बाधक, शान्ति र संविधानको बाधक, राष्ट्रिय स्वाधीनता र नागरिक सर्वोच्चता विरोधीको रूपमा देखापरेको भारतीय विस्तारवादका अगाडि आत्मसमर्पण गरेर उनीहरूले यथास्थितिको रक्षा गर्ने काम गरिरहेका छन् । तसर्थः मुलुकलाई गृहयुद्धबाट बचाउन, राष्ट्रिय स्वाधीनता, शान्ति र संविधान निर्माणको लागि देशमा आन्दोलनले नयाँ आँधीवेहरी सिर्जना गरेर जानु पर्दछ । आन्दोलनबाहेक अब नेपाल राष्ट्र र जनतालाई रक्षा गर्ने अर्को कुनै विकल्प छैन । ००

यहाँ सबै प्रकारका मोटरसाइकल सर्भिसिङ गर्नुका साथै खरिद बिक्री पनि गरिन्छ ।



प्रो. कृष्ण महर्जन

सम्पर्क : ९८४१५३३६२१

सागर मोटरसाइकल वर्क सप

रेडक्रसमार्ग, सोल्टीमोड
ग्रान्डहोटल अगाडि

# विपन्न विद्यार्थीको भविष्य निर्माण गर्छौं



*मोरङ जिल्लामै शैक्षिक विकासमा ख्याति कमाएको सिजुवा गाविसमा गत वर्षदेखि स्नातक तहको अध्यापन कार्य सुरु भएको छ । स्थानीय शिक्षाप्रेमीहरूको कुशल अगुवाइ र यस क्षेत्रका जनताहरूको ठूलो सहयोगका कारण नै मोरङ जिल्ला क्षेत्र नं. १ को सबैभन्दा ठूलो शैक्षिक प्रतिष्ठान र पहिलो क्याम्पसको रूपमा परिचय दिन सफल बनेको छ- सौंठा बहुमुखी क्याम्पस ।*

*यस क्षेत्रका समाजसेवी, शिक्षाप्रेमीहरूको निरन्तरको प्रयास, सहजतापूर्ण रूपमा आर्थिक सहयोग र विभिन्न सरकारी तथा गैरसरकारी निकायको अनुदान सहयोगमा क्याम्पस स्थापना भई सञ्चालन भइरहेको छ । जिल्ला सदरमुकामबाट ३६ किलोमिटर पूर्वमा अवस्थित झण्डै डेढ दर्जन ग्रामीण गाविसहरू सेवाक्षेत्र रहेको यस क्याम्पसलाई आर्थिक अवस्था कमजोर भएका विपन्न वर्गका विद्यार्थीहरूको क्याम्पस भन्न सकिन्छ । ग्रामीण जनताको आयस्तरलाई ख्याल गरेर उच्च शिक्षा प्राप्त गर्ने सुअवसरबाट गरिबीको कारणले वञ्चित हुन नपरोस् भन्ने मुख्य उद्देश्यका साथ क्याम्पस स्थापना भएको हो । यसै प्रसङ्गमा क्याम्पस प्रमुख भरतमणि कार्कीसँग भएको कुराकानीका केही अंश तल प्रस्तुत गरिएको छ ::*

**- भरतमणि कार्की**

**क्याम्पस प्रमुख, सौंठा बहुमुखी क्याम्पस, सिजुवा ९, मोरङ**

**क्याम्पसका बारेमा केही बताइदिनुहोस् न ?**

सर्वप्रथम यो क्याम्पस स्थानीय जनताको पहलमा खुलेको सामुदायिक क्याम्पस हो । यसको सेवा क्षेत्र भनेको पूर्वी दक्षिणी मोरङका झण्डै डेढ दर्जन ग्रामीण गाविसहरू पर्दछन् । यो क्याम्पस आर्थिक अवस्था कमजोर भएका ग्रामीण विद्यार्थीहरूलाई उज्वल भविष्य निर्माण गर्ने उद्देश्यका साथ स्थापना भएको हो । यस क्याम्पस २०६५ सालमा स्थापना भई २०६६ श्रावणमा त्रिविबाट सम्बन्धन प्राप्त गरी अध्यापन कार्य सुरु भएको छ । यस वर्षदेखि शिक्षा संकायको सम्बन्धनको लागि तयारी भई रहेकाले सम्भवत यसै शैक्षिक सत्रदेखि दुईवटै संकायमा अध्यापन सुरु हुनेछ ।

**ग्रामीण क्षेत्रमा क्याम्पस सञ्चालन गर्दा केही समस्या देखापरेका छन् कि ?**

पहिलेदेखि शिक्षाको विकासमा उल्लेख्य सहयोग गर्ने यस क्षेत्रका तमाम विपन्न जनताहरूको न्यानो साथ, समाजलाई नेतृत्व गर्ने उच्च सामाजिक व्यक्तित्वहरूको निरन्तरको सहयोग, सिजुवालाई प्रत्यक्ष, परोक्ष माया गर्ने अग्रज व्यक्तिहरूको ठूलो सहयोगका कारण यस क्याम्पसलाई आफ्नो गतिविधि अगाडि बढाउन सहज भएकाले धेरै समस्या झेल्नु परेको छैन । तथापि तमाम सहयोगी जनताहरूसँग आर्थिक संकलन गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउने कार्यमा भने आशातीत उपलब्धि हासिल गर्न सकिएको छैन ।

> **"क्याम्पस खोल्ने खुसी र उत्साहका साथ यस क्षेत्रका कमजोर आर्थिक अवस्था भएका तमाम विपन्न जनताहरूबाट क्याम्पस सञ्चालनका लागि रु. १५ लाख ५० हजार सहयोग गर्ने प्रतिबद्धता जनाई सोमध्ये रु. ६ लाख संकलन भइसकेको छ । यस क्षेत्रका सभासद माननीय आमोदप्रसाद उपाध्यायबाट रु. ४ लाख ५० हजार तथा स्थानीय गाविसहरूबाट रु. ३ लाख २० हजार प्राप्त भइसकेको छ । त्यस्तै क्याम्पस भवन निर्माण गर्नका लागि आवश्यक पर्ने पर्याप्त खेल मैदान समेतलाई पुग्ने उपयुक्त स्थानमा निःशुल्क जग्गा दिने दानवीर दाताहरूसमेत तयारी रहेकाले क्याम्पसका नाममा चाँडै जग्गा व्यवस्था गर्ने प्रक्रियामा छौं ।"**

**क्याम्पस सञ्चालन गर्न कुन कुन निकायबाट कस्तो सहयोग प्राप्त भयो त ?**

क्याम्पस खोल्ने खुसी र उत्साहका साथ यस क्षेत्रका कमजोर आर्थिक अवस्था भएका तमाम विपन्न जनताहरूबाट क्याम्पस सञ्चालनका लागि रु. १५ लाख ५० हजार सहयोग गर्ने प्रतिबद्धता जनाई सोमध्ये रु. ६ लाख संकलन भइसकेको छ । यस क्षेत्रका सभासद माननीय आमोदप्रसाद उपाध्यायबाट रु. ४ लाख ५० हजार तथा स्थानीय गाविसहरूबाट रु. ३ लाख २० हजार प्राप्त भइसकेको छ । त्यस्तै क्याम्पस भवन निर्माण गर्नका लागि आवश्यक पर्ने पर्याप्त खेल मैदान समेतलाई पुग्ने उपयुक्त स्थानमा निःशुल्क जग्गा दिने दानवीर दाताहरूसमेत तयारी रहेकाले क्याम्पसका नाममा चाँडै जग्गा व्यवस्था गर्ने प्रक्रियामा छौं ।

**क्याम्पसलाई तत्काल आवश्यकता के के कुराको छ ?**

क्याम्पसको नाममा चाँडै जग्गा रजिस्ट्रेसन गर्ने, सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण गर्ने, पुस्तकालयलाई व्यवस्थित गरी स्थानीय जनताको समेत सहभागिता गराउने र उत्तीर्ण गरेका विद्यार्थीहरूमा उच्चतम ज्ञान, सीप र क्षमताको विकास गराई जनप्रिय शैक्षिक

प्रतिष्ठान बनाउने आवश्यकता छ ।

**☛क्याम्पसका भावी कार्यक्रमहरू के के हुन् ?**

✍ आगामी तीन वर्षभित्रमा स्नातकोत्तर तह सञ्चालन गर्ने, न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरी रहने, आईटीसँग सम्बन्धित शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने, सुविधा सम्पन्न भौतिक अवस्था बनाउने, पूर्वाञ्चलमा उत्कृष्ट नतिजा ल्याउने क्याम्पसहरूमा यस क्याम्पसलाई सूचीकृत गर्ने तथा यसक्षेत्रकै जनताको जीवनस्तर उकास्ने आदि भावी कार्यक्रमहरू छन् ।

**☛विद्यार्थी स्रोतको अवस्था कस्तो छ ?**

✍यस क्याम्पसको सेवा क्षेत्रभित्र सिजुवा, इटहरा, डायनिया, अमरदह र बरडङ्गा गा.वि.स. मा रहेका उच्च मा.वि. हरूबाट उत्तीर्ण भएका पर्याप्त विद्यार्थीहरू यस क्याम्पसका विद्यार्थी स्रोत हुन् । गुणस्तरीय शिक्षा प्रदान गर्नु नै पर्याप्त विद्यार्थी आउने भरपर्दो बाटो भन्ने मान्यताका प्राध्यापक, सञ्चालक समितिका सबै पदाधिकारीलगायत सरोकारवाला सबै लागिपरेका छौं ।

**☛प्रसङ्ग बदलौं, सिजुवा गा.वि.स.ले शैक्षिक प्रगतिमा मोरङ जिल्ला मै ख्याति कमाएको छ भनिन्छ, यसका कारणहरू के के हुन् ?**

✍ यस गाविसलाई २०२९ सालदेखि लामो समय नेतृत्व गर्ने स्व. लैनबहादुर खड्काको शिक्षाप्रतिको अत्यन्त सकारात्मक लगाव, लामो समय सौँठा उमाविको प्रशासक श्री रमानाथ भट्टराईको कुशल प्रशासन एवं स्थानीय जनताहरूको अत्यन्तै ठूलो सकारात्मक सहयोगका कारणले छोटो अवधिमा सिजुवा गाविसले शिक्षा क्षेत्रमा ठूलो खुड्किलो पार गर्न सफल भएको हो ।

**☛अन्त्यमा के भन्न चाहनुहुन्छ ?**

✍ यो क्याम्पस भर्खर स्थापना भई ग्रामीण क्षेत्रमा सञ्चालित छ । यहाँका विपन्न मधेसी, जनजाति, आदिवासी, दलित र महिलाहरूको उच्च शिक्षामा पहुँच बढाई तिनीहरूको जीवनस्तर उकास्ने विशुद्ध उद्देश्यले सञ्चालन भइरहेको हुँदा सबै शिक्षाप्रेमी, समाजसेवी, किसान, सबै तह र तप्काका आम नागरिकहरू तथा स्थानीय निकायहरू र विभिन्न संघ/संस्थाहरूलाई स्वच्छ हृदयले उच्च मनोबलका साथ सहयोग गरी विपन्न आर्थिक अवस्था भएका विद्यार्थीहरूको उज्वल भविष्य निर्माण गरी दिने महान् अभियानमा सहयोग पुऱ्याई दिनु हुन सरोकारवालाहरू सबैमा अनुरोध गर्दछु । यस क्यापसको गतिविधिको बारेमा तपाईंको लोकप्रिय पत्रिकामार्फत तमाम पाठकमाझ जानकारी गराउने अवसर दिनु भएकोमा 'अग्निचक्र' मासिकका सम्पादकज्यूलाई धन्यवाद दिन चाहन्छु । ००

> **"क्याम्पसको सेवा क्षेत्रभित्र सिजुवा, इटहरा, डायनिया, अमरदह र बरडङ्गा गा.वि.स. मा रहेका उच्च मा.वि. हरूबाट उत्तीर्ण भएका पर्याप्त विद्यार्थीहरू यस क्याम्पसका विद्यार्थी स्रोत हुन् । गुणस्तरीय शिक्षा प्रदान गर्नु नै पर्याप्त विद्यार्थी आउने भरपर्दो बाटो भन्ने मान्यताका प्राध्यापक, सञ्चालक समितिका सबै पदाधिकारीलगायत सरोकारवाला सबै लागिपरेका छौं ।"**


वैदेशिक रोजगारका लागि
सुरक्षित र
भरपर्दो ठाउँको खोजीमा हुनुहुन्छ ?

MIS
Govt. Lic. No.
470/060/061

मुगल इन्टरनेसनल
सर्भिसेज प्रा.लि.
नयाँ वानेश्वर, काठमाडौं, नेपाल ।
सम्पर्क : ९८५१०७९९४६, + ९७७ - ०१-४४८६१५५, फ्याक्सः +९७७-०१-४४७८९३५
पो.ब.नं ८९७३, ई.पी.सी. २९९
Email: msintl@wlink.com.np. Website: www.overseasofnepal.com

# मजदुर आन्दोलन एक टिप्पणी

नेपाल अहिले पनि अर्धसामन्ती, अर्धऔपनिवेसिक अवस्थामा नै रुमल्लिएको छ । हुन त नेकपा (माओवादी) ले सञ्चालन गरेको दसवर्षे महान् जनयुद्ध र त्यसको भावभूमिमा भएको १२ बुँदे समझदारीले सृष्टि गरेको १९ दिने जनआन्दोलनले सामन्तवादको मुख्य नाइके राजतन्त्र समाप्त भएको छ । देशमा गणतन्त्र स्थापना भइसकेको छ । तर पनि सामन्ती संरचना ज्युँका त्युँ छ । देशमा

**मजदुरवर्गको बालबच्चाका लागि शिक्षाको सुविधा औद्योगिक प्रतिष्ठानहरूबाट हुनुपर्दछ । जसले मजदुरलाई अझ ऊर्जाशील गर्दछ र उत्पादनमा थप मद्दत पुग्दछ । शिक्षापछि स्वास्थ्य र जीवन बिमा सुविधा प्रत्येक मजदुरलाई उपलबध हुनुपर्दछ । काममा हुनसक्ने जोखिमबाट मजदुर नतर्सन र कथंकदाचित जोखिमबाट हुने दुर्घटनाबाट परिवार र स्वयंमा पछि थप कष्ट नहुने भएमा कार्यमा बढी लगन हुने स्वाभाविक छ ।**

पुँजीवादको विकास प्रारम्भिक चरणमा नै छ । यसमा साम्राज्यवाद तथा विस्तारवादको हस्तक्षेपका कारण सेपमा परेको विरुवाजस्तो खिन्तेको अवस्थामा छ ।

यस अवस्थामा हामी सहज अनुमान गर्न सक्छौं कि पुँजीवादले खिन्ते अवस्थामा मजदुर वर्गको जन्म, विस्तार र विकासमा पनि अवस्था सापेक्षित छ । नेपालका प्रायः सबै औद्योगिक प्रतिष्ठान लगायतका ठाउँहरूमा रहेका मजुदरहरूको पनि द्वैध खालको उपस्थिति रहेको छ । उनीहरू पूर्ण सर्वहारा नभइसकेका प्रायः सबैको किसान र मजदुरको गठजोड रहेको पाइन्छ अर्थात् ऊ औद्योगिक स्थानमा नितान्त श्रम बेच्ने मजदुरको रूपमा देखापर्छ भने अर्कोतर्फ उसको मातहतमा खनजोत गर्ने जमिन पनि रहेको र त्यसलाई चर्चंदै आएको पाइन्छ । उसको सगोल परिवार मजदुरी र किसानी दुवै श्रमबाट जीवनचर्खा चलाइरहेको अवस्था विद्यमान छ । यस्तो द्वैध चरित्र अँगालेको मजदुरवर्गको आन्दोलनको स्वरूप निर्धारण अत्यन्त जटिल प्रक्रियाबाट अगाडि जाने निश्चित छ । यसका लागि सर्वहारावर्गको अग्रदस्ताका रूपमा रहेको क्रान्तिकारी कम्युनिष्ट पार्टीको नीति सिद्धान्त र कार्यक्रममा समाहित रहँदै द्वैध उपस्थितिको अन्त्य र तात्कालिक लाभभन्दा पनि सर्वहारा सत्ता प्राप्तितर्फ लाग्नु श्रमजीवीवर्गको हित र रक्षा सम्भव छ ।

श्रमजीवी मजदुरवर्गले ठूला ठूला आन्दोलनहरू सञ्चालन गर्दै आएका छन् । इतिहासमा यसका थुप्रै उदाहरणहरू छन् । ती ठूलाठूला आन्दोलनका साथै महान् जनयुद्धमा मजदुरवर्गको सहभागिता सौर्य, साहस र बलिदानको अद्वितीय कीर्तिमान हाम्रा सामु रहेका छन् । तथापि पनि मजदुरवर्गको आन्दोलन आर्थिक सुधार वा प्राप्तितर्फ बढी उन्मुख रहेको टिप्पणी दुःखद पक्ष छ । किनकि आर्थिक सुधारका आन्दोलनले प्राप्ति असम्भव छ । आर्थिक रूपमा केही हात पर्छ नै त्यो रूपमा केही खुसी हुने कुरा हुन्छ नै । तर सारमा झन मर्का थपिन्छ, उनीहरूलाई आर्थिक लाभ दिइएको तुलनामा बजारमा महङ्गी दोब्बर तेब्बर बढ्छ । समस्या झन् जटिल बन्दै गएको छ, श्रमजीवीहरू दिनानुदिन नाजुक दिनचर्यामा छटपटाइरहेका छन् । यसले अविराम आर्थिक सुधारको लागि आन्दोलन गर्नुपर्ने बाध्यता तेर्स्याइदिन्छ । पुँजीपतिहरू उत्पादन साधन र स्रोत आफ्नो हातमा लिन सफल भइरहन्छन् । आर्थिक सुधारको



भूमिनन्द देवकोटा

आन्दोलन पुँजीपतिहरूलाई उन्नत गर्ने छद्म विष जस्तो हो भन्नु फरक नपर्ला । अहिलेको अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थाको खिन्ते पुँजीवादको अवस्थामा मजदुरवर्ग अझ गम्भीर, सचेत र सुसंगठित आन्दोलनलाई सर्वहारा सत्ताको प्राप्ति उन्मुख माग, नारा र योजना लिएर अगाडि जानु आवश्यक छ । त्यसका निम्ति मजदुरवर्गको एउटा हिस्सा लागिपरेको तथ्य हाम्रा अगाडि छर्लङ्ग छ । तथापि पनि केही सर्वहारा सत्ताप्राप्ति सापेक्ष आन्दोलनका केही विषय यस्ता पनि हुनसक्छन् जुन छलफल, बहस र कार्यान्वनमा आउनसके सम्पूर्ण मजदुरहरू (जो भ्रममा रुमल्लिएकाहरू समेत) एक ठाउँमा एक ढिक्का रहने सम्भावना हाम्रो परिस्थितिमा बढी सम्भावना रहन्छ ।

प्रथमतः मजदुरवर्गको बालबच्चाका लागि शिक्षाको सुविधा औद्योगिक प्रतिष्ठानहरूबाट हुनुपर्दछ । जसले मजदुरलाई अझ ऊर्जाशील गर्दछ र उत्पादनमा थप मद्दत पुग्दछ । शिक्षापछि स्वास्थ्य र जीवन बिमा सुविधा प्रत्येक मजदुरलाई उपलब्ध हुनुपर्दछ । काममा हुनसक्ने जोखिमबाट मजदुर नतर्सन र कथंकदाचित जोखिमबाट हुने दुर्घटनाबाट परिवार र स्वयंमा पछि थप कष्ट नहुने भएमा कार्यमा बढी लगन हुने स्वाभाविक छ ।

तेस्रो कुरा मजदुरहरूलाई वृत्तिविकासको कुनै गुन्जायस देखिन्न । यो सर्वपीडक विषय रहेको छ । तसर्थ औद्योगिक नीतिमै मजदुरहरूको वृत्तिविकासमा ठोस प्रावधानहरू आवश्यक छ । जस्तो समय सान्दर्भिक र प्रतिष्ठानको विकासलाई अझ सुदृढ गर्ने हेतुका साथ मजदुरहरूलाई तालिमको व्यवस्था अत्यन्त आवश्यक छ । ऊ मजदुर भएर प्रवेश गर्छ मजदुर नै रहेर अवकास लिन्छ । यो पीडा उसलाई थप पीडाको विषय हो । यस निम्ति मजदुरवर्ग जसको पसिनाले औद्योगिक प्रतिष्ठान जीवन्त र क्रियाशील रहन्छ त्यसलाई व्यवस्थापनमा साझेदारको हैसियत प्रदान जानैपर्छ । एउटा मजदुर त्यो प्रतिष्ठानको एउटा मालिक पनि हो भन्ने अवस्थामा गर्नैपर्छ । त्यस प्रकारको आन्दोलन आजको सापेक्षतामा नेपाली मजदुरवर्गले अंगिकार गर्नुपरेको छ । जसले सर्वहारावर्ग पक्षधरतातर्फ डोऱ्याउनुको साथै सीमित अर्थवादमा रुमल्लिने मनोरोगबाट ग्रस्त मजदुरहरूलाई व्युझन र बदल्न प्रेरित गर्छ ।

सुनौल चिनी कारखानाले एउटा उदाहरणीय काम गरेको छ । उसका सञ्चालक कर्मचारी तथा मजदुरहरूका बीचमा थोरै नै भए पनि एक खालको सामीप्यता स्थापित छ । सञ्चालक कर्मचारीका श्रीमती, केटाकेटी सहरमा बस्ने उनीहरू कारखानामा भने मजदुरका केटाकेटी भने कारखानाक्षेत्रमै रहने पढ्नबाट वञ्चित रहने, यसमा सिद्धार्थ वनस्थली स्कुलको सहभागितामा त्यहाँ स्कुल सञ्चालन सुरु गरियो । दुवैका परिवारसँगै रहन पाए र शिक्षामा दुवै पक्षको समान पहुँच कायम छ । यो एउटा उदाहरण सरकारले देख्नुपर्ने हो र सरकारी कार्यक्रमबाटै प्रत्येक प्रतिष्ठानले आफ्नो कुल आयको केही प्रतिशत शिक्षामा लगानी गर्ने व्यवस्था गर्नुपर्ने हो । तर बिडम्बना त्यस्तो भइराखेको छैन ।

अर्को जर्मनीको जनताको गाडी (भक्स वागन) कम्पनी रिसेसनको चपेटामा पर्दा कम्पनी बन्द गर्नेतर्फ व्यवस्थापन जान लाग्दा मजदुरहरूले तलब घटाउ कम्पनी सञ्चालन गर भनेर माग गरे, त्यसैअनुरूप कम्पनी अगाडि बढ्यो । पछि पुनः मुनाफामा प्रवेश गरेपछि तलब थप्न व्यवस्थापन अग्रसर रह्यो । यसले मजदुरवर्गको आफ्नो श्रमको लगानीले देशलाई गतिदिन कटिबद्ध छन् भन्ने प्रमाण प्रष्ट गर्दछ । हाम्रा मजदुरले पनि यस्ता कैयौँ उदारहण गरिरहेकै छन् ।

**जनता महङ्गीको मार, मलको अभाव, पानीको प्यासमा छटपटाइरहेछन् । यस्तो जनघाती, जनविरोधी कठपुतली सरकारलाई अदालतमा मुद्दा लाग्ने स्थिति छ तर पनि असनको साँढे झैँ डुक्रिएर भाषण गर्दै माला पहिरिएर हिँडिरहेछन् ।**

के पनि सत्य हो भने सिमेन्ट कारखानामा काम गर्ने मजदुरहरूको श्वासप्रश्वाससम्बन्धी रोग लगभग निश्चित छ । गलैँचा कारखानामा काम गर्ने मजदुरको धड अर्थात् स्पाइनलकडसम्बन्धी समस्या नभई नछाड्ने देखिन्छ । तर यातायात मजदुर यी दुवै भन्दा बढी सुविधा र लाभमा देखिन्छन् । तसर्थ औद्योगिक प्रतिष्ठानको प्रकृति हेरी माथिका माग तथा लक्ष्यहरूलाई निर्धारण गर्नु पनि अत्यन्त जरुरी छ । यसमा मजदुर संगठनकै पहल र अग्रसरता बढी प्रभावकारी र आवश्यक छ ।

अहिलेको कठपुतली सरकारसँग यी कुराहरू अपेक्षा गर्नु असम्भव छ । किनकि महङ्गी चरमचुलीमा दोहोरो अंकमा सिडी उक्लिरहेको छ । किसानहरू मलको अभावमा जुलुस लिएर हिँड्दा तिनै माथि लाठी बर्साइरहेछ सरकार । काठमाडौँको पानीको हाहाकार विकराल छ । तर बजेट कार्यक्रमिक योजनाभन्दा बाहिर गएर एउटा मन्त्रालयको सडक विभाग र भवन विभागबाट २ अर्ब २१ करोड रूपैयाँ बोलवाला मन्त्री नेताका तजबिजमा खर्च भएको तथ्य सार्वजनिक भएका छन् । जनता महङ्गीको मार, मलको अभाव, पानीको प्यासमा छटपटाइरहेछन् । यस्तो जनघाती, जनविरोधी कठपुतली सरकारलाई अदालतमा मुद्दा लाग्ने स्थिति छ तर पनि असनको साँढे झैँ डुक्रिएर भाषण गर्दै माला पहिरिएर हिँडिरहेछन् । यस्तो अवस्थामा मजदुरवर्गले वर्गसत्ता प्राप्तिभन्दा विकल्पको अर्थवादले वर्ग मुक्ति सम्भव छैन । वर्गमुक्तिको लागि अर्थवादलाई सापेक्षतामा उपयोग गर्दै वर्गीय मुक्ति आन्दोलनमा समाहित हुन आजको मजदुर आन्दोलनको वास्तविक दिशा हो । ००

# हार्दिक समवेदना

**हाम्री ममतामयी स्व. डम्बरकुमारी आचार्यको वार्षिक पुण्य तिथिमा उहाँको आत्माले स्वर्ग प्राप्त गरोस् भनी भगवान्सँग प्रार्थना गर्दछौँ ।**

**जन्म : वि.सं. २००५**



**निधन : वि.सं. २०६६-३-५**


**स्व. डम्बरकुमारी आचार्य**

**श्रीमान् भूमिराज आचार्य**
**छोरा/बुहारी**
**विपिनचन्द्र/राधा आचार्य**
**दीपकचन्द्र/कञ्चन आचार्य**
**गोकुलचन्द्र आचार्य**
**छविलाल आचार्य**

**छोरी/ज्वाई**
**देवमाया /तारा कट्टेल**
**राधा/ राजन खतिवडा**
**विनिता / दिननाथ भण्डारी**
**भगवती आचार्य**

**नाति/नातिनी**
**श्रद्धा, सज्जा, सुमन आचार्य**
**रोहन कट्टेल**
**हरिप्रसाद आचार्य**
**पोलिसा खतिवडा**

# शैक्षिक योग्यता सँगसँगै चलचित्र अध्यापन गराउँछौं




**ब्याचलर अफ फिल्म स्टडिजमा अनिवार्य विषयहरू नेपाली, अंग्रेजी, इतिहास, संस्कृति, फिल्म हिस्ट्री पढ्नुपर्दछ भने त्यसबाहेक विद्यार्थीले आफ्नो छनौटमा अभिनय, निर्देशन, सिनेमाटोग्राफी, साउण्ड तथा सम्पादनका विषयहरू अध्ययन गर्न सक्छन् ।**



**डा. घनश्याम खतिवडा**
**कार्यकारी प्रमुख**
**ओस्कार इन्टरनेसनल कलेज**

***☞ चलचित्र शिक्षालाई शैक्षिक कोर्षमा समेटेर लैजानुपर्छ भन्ने सोच कहिलेदेखि आयो ?***

✍ जबदेखि मैले चलचित्र विधामा हात हाल्ने निर्णय गरेँ । त्यसै बेलादेखि नेपाली चलचित्र उद्योगमा बौद्धिक जनशक्तिको अभाव महसुस गरेँ । हाम्रो देशमा चलचित्र निर्माता तथा निर्देशकहरू अर्काको देखासिकी गरेर रहरको भरमा आउने गर्दछन् । यसले देशको अर्थतन्त्रको एक हिस्सा बोकेको चलचित्र क्षेत्र मौलाउन सक्दैन भन्ने मलाई लाग्यो । त्यसैले ओस्कार इन्टरनेसनल कलेजमार्फत चलचित्र शिक्षालाई औपचारिक शिक्षाको रूपमा अगाडि बढाउने निर्णय गर्‍यौं ।

***☞ के छ ओस्कार कलेजको स्थिति ?***

✍ हामी त्रिभुवन विश्वविद्यालयको सम्बन्धनप्राप्त क्याम्पस हौं । अहिले स्नातक तहमा चलचित्रका विभिन्न विधा अध्ययन गर्ने एक सय सात जना विद्यार्थीहरू छन् । यो कलेज चलचित्रका विधाहरू सँगसँगै त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रममा आधारित भएर सञ्चालन भइरहेको छ । जसमा एकेडेमिक कोर्ष सँगसँगै टेक्निकल कोर्षलाई पनि जोडिएको छ । जसले गर्दा कुनै पनि विद्यार्थीको शैक्षिक योग्यतामा कुनै कमी आउँदैन र चलचित्रमा स्नातक गरिसकेपछि उनीहरूले त्रिभुवन विश्वविद्यालयमा कुनै पनि सम्बन्धित विषयमा मास्टर्स गर्न सक्छन् । र उनीहरू सिभिल सर्भिसका लागि पनि योग्य हुन्छन् ।

***☞ चलचित्र मात्र अध्ययन हुन्छ कि अरू पनि विषयहरू छन् ?***

✍ ओस्कारमा हामी चलचित्रका अलावा पत्रकारितामा स्नातक तह पनि अध्ययन गराउँछौं । त्यस्तै गरी बीबीएसका कक्षाहरू पनि सञ्चालन गरिरहेका छौं । तर हाम्रोमा चलचित्र अध्ययनमा विद्यार्थी संख्या बढी छ ।

***भावी योजनाहरू के के छन् ?***

- हामी अहिले चलचित्र शिक्षालाई विस्तृत बनाउने कोशिसमा छौं । प्रत्यक्ष, अप्रत्यक्ष भण्डै ३ लाख ५० हजार जनशक्तिले रोजगारी पाइरहेको चलचित्र क्षेत्रमा दक्ष, योग्य र शैक्षिक धरातल बोकेका जनशक्तिहरू निर्माण गर्‍यौं भने सरकारलाई हामीले दिएको ठूलो उपलब्धि हुनेछ । त्यसैले हामीले अव्यवस्थित भएको चलचित्र उद्योगलाई व्यवस्थित एवं अनुशासित बनाउँदै लैजाने सोच राखेका छौं । त्यसका लागि निकट भविष्यमा नै कलेजको फिल्म सुटिङ स्टुडियो निर्माण गर्दैछौं । त्यसैगरी बुसान फिल्म युनिभर्सिटीसँग सहकार्य थालेका छौं । भविष्यमा विद्यार्थी आदानप्रदान कार्यक्रमहरू ल्याएर विद्यार्थीहरूलाई अन्तर्राष्ट्रियस्तरको क्षमता अभिवृद्धि गराउने कार्यक्रम रहेको छ । त्यसैगरी हामी हाम्रा विद्यार्थीहरूलाई नै प्रयोग गरेर वर्षको एउटा नमुना नेपाली चलचित्र बनाउने योजनामा पनि छौं ।

***☞ ब्याचलर अफ फिल्म स्टडिजमा के के पढ्नुपर्छ ?***

✍ यसमा अनिवार्य विषयहरू नेपाली, अंग्रेजी, इतिहास, संस्कृति, फिल्म हिस्ट्री पढ्नुपर्दछ

**अहिले हाम्रै चलचित्र कलेज पढेर आफूलाई योग्य बनाई सिनेमामा प्रवेश गरेकाहरूले नेपाली सिनेमा उद्योग धानिरहेका छन् । जस्तो कि राजवल्लभ कोइराला, रामराजा दाहाल, प्रशंसा वाइबा, सवनम मुखिया अहिले भर्खरै मात्र अमेरिकी सरकारको आयोजनामा भएको डेमोक्रेसी भिडियो च्यालेन्ज २०१० का विश्वविजेता अनुप पौडेललगायतका विशिष्ट प्रतिभाहरू यसै कलेजका हुन् । मलाई के लाग्छ भने अबको पाँच वर्षपछि नेपाली चलचित्र उद्योगका २५ प्रतिशत जनशक्ति ओस्कार कलेजका विद्यार्थी हुनेछन् । हामीले चलचित्र स्वयंमा टेक्निकल विषय भएको हुनाले विद्यार्थी स्वयं अभ्यासमा खटिन्छ र अरूभन्दा पृथक् नलेजफुल भएर देखिन्छ, यो हाम्रो विशेषता हो ।**

भने त्यसबाहेक विद्यार्थीले आफ्नो छनौटमा अभिनय, निर्देशन, सिनेमाटोग्राफी, साउण्ड तथा सम्पादनका विषयहरू अध्ययन गर्न सक्छन् ।

***☛ पत्रकारितामा स्नातक किन सुरु गर्नुभयो ?***

- यो कलेज सगरमाथा टेलिभिजनसँग प्रत्यक्ष सम्बद्ध छ । आज देशमा भएका पत्रकारिता पढाउने कलेजहरूमा इलेक्ट्रोनिक मिडियाहरू आफ्ना छैनन् जसले गर्दा उनीहरूको प्राक्टिकल नलेज कमजोर भएको अनुभव भइरहेको छ तर हामीसँग आफ्नै टेलिभिजन स्टेसन रहेको छ र निकट भविष्यमा एउटा एफ एफ स्टेसन पनि खोल्दैछौं । त्यसैले ओस्कारमा पत्रकारिता पढ्न आउने विद्यार्थीहरूलाई प्रत्यक्ष रूपमा प्राक्टिकल एजुकेसन दिएर दक्ष बनाउन चाहन्छौं । यसकारण हामीले पत्रकारिता पनि सुरुवात गरेका हौं ।

***☛ ओस्कारले पछिल्लो समयमा निकै चर्चा कमाइरहेको छ नि ?***

✍ हो, अहिले हाम्रै चलचित्र कलेज पढेर आफूलाई योग्य बनाई सिनेमामा प्रवेश गरेकाहरूले नेपाली सिनेमा उद्योग धानिरहेका छन् । जस्तो कि राजवल्लभ कोइराला, रामराजा दाहाल, प्रशंसा वाइबा, सवनम मुखिया अहिले भर्खरै मात्र अमेरिकी सरकारको आयोजनामा भएको डेमोक्रेसी भिडियो च्यालेन्ज २०१० का विश्वविजेता अनुप पौडेललगायतका विशिष्ट प्रतिभाहरू यसै कलेजका हुन् । मलाई के लाग्छ भने अबको पाँच वर्षपछि नेपाली चलचित्र उद्योगका २५ प्रतिशत जनशक्ति ओस्कार कलेजका विद्यार्थी हुनेछन् । हामीले चलचित्र स्वयंमा टेक्निकल विषय भएको हुनाले विद्यार्थी स्वयं अभ्यासमा खटिन्छ र अरूभन्दा पृथक् नलेजफुल भएर देखिन्छ, यो हाम्रो विशेषता हो ।

***☛ तपाईंको पढाइ संस्कृत अनि क्षेत्रचाहिँ चलचित्र म्याच भएको छ ?***


✍ संस्कृति र संस्कारको खानी हो संस्कृत विषय । चलचित्र समाजको ऐना हो । संस्कृति र संस्कारविना समाज सञ्चालित छैन । मैले नेपालमा पहिलो संस्कृत चलचित्र बनाएर आफूमा टेक्निकल निखार ल्याइसकेको छु । अब रह्यो विश्लेषण क्यापासिटी जसले समाज, राष्ट्र र अन्तर्राष्ट्रिय स्थितिहरूलाई र लवजहरूलाई सजिलै बुझ्न सक्छ त्यसले चलचित्रलाई बुझेर प्रस्तुत गर्न सक्छ त्यसैले विषयगत कुराभन्दा पनि कार्यगत क्षमताले बढी स्थान पाउनुपर्छ भन्ने मेरो मान्यता छ ।

***☛ अहिले नेपालमा चलचित्र पढाउने शिक्षकहरू धेरै कम छन् नि हैन ? कसरी जनशक्ति म्यानेज गर्नुभएको छ ?***

✍ नभएका हैनन्, छन्, तर सबैमा आफूसँग भएको नलेज अरूलाई दिनसक्ने खुबी छैन । त्यसैले चलचित्र क्षेत्रका बौद्धिक व्यक्तित्वहरू निर्देशक लक्ष्मीनाथ शर्मा, निर्देशक प्रकाशजंग कार्की, क्यामेराम्यान दीपक ढकाल, पुरुषोत्तम घिमिरे, सम्पादक नरेन्द्र खड्का, मणिकरत्न तुलाधर, अभिनयका प्रख्यात व्यक्ति सुनील पोखरेल, अनुप बराल, नेपालका साउण्ड आइकोन प्रदीप उपाध्याय, साइकोलोजिस्ट डा. गंगा पाठक, जाबेद शाह, अनुपराज भण्डारी, भक्त पोखरेल, आनन्द क्षेत्री, डा. टीकाराम पोखरेल जस्ता शिक्षकशिक्षिकाहरू हामीसँग हुनुहुन्छ ।

***☛ चलचित्र र पत्रकारिता पढ्न चाहने विद्यार्थीहरूलाई के भन्नहुन्छ ?***

✍ तपाईंमा सिर्जनाशक्ति लुकेर बसेको छ, तपाईं दुनियामा आइडल दर्शक बन्न चाहनुहुन्छ र समयलाई चिनेर अगाडि बढ्दै नेम र फेम कमाउन चाहनुहुन्छ र तपाईं प्लस टु वा सो सरहको परीक्षा उत्तीर्ण गरिसक्नु भएको छ भने तपाईंका लागि ओस्कार इन्टरनेसनल कलेज सदा स्वागत गर्न तयार छ । ००


Highly Recommended
Golden Shield Award-winter
(15 years experience)

**Europa Fashion Gallery**

Recommended Ladies + Gents Custom Tailor
Soaltee mode
Tahachal, Kathmandu Nepal
Tel: 977-1-4672819,
mobile: 977-9841826024
Email: armanihello@hotmail.com

# विवादको घेरामा 'नो वर्क नो पे' नीति



केशवराज अधिकारी

अहिले विवादको घेरामा रहेको छ- 'नो वर्क नो पे' अर्थात् काम गरेको समयमा मात्र ज्याला पाउने नीति । काम गऱ्यो पैसा पायो, काम गरेन पैसा आएन अर्थात् 'नो वर्क नो पे' । अहिले उद्योगी र मजदुर दुवैको जिब्रोमा यही शब्द वा नीति जोडिएको छ । उद्योगीहरूले राजनीतिक अस्थिरतामा दिनप्रतिदिन हुने बन्द, हडतालले गर्दा भएका उद्योगहरू पनि धरासायी हुँदै गएको र यस्तो बन्द, हडतालमा मजदुरहरूलाई ज्याला दिन नसक्ने तर्क राख्दै आएका छन् । यसै पनि नेपालका उद्योगले उत्पादन गरेका सामग्रीहरू विदेशबाट आयात गरिएका सामानभन्दा बढी लागत लाग्ने तर्क यस अघि पनि उनीहरूले सार्दै आएका थिए । दिनप्रतिदिन रुग्ण बन्दै गएका उद्योगलाई राहत महसुस गर्न पनि 'नो वर्क नो पे' को नीति अवलम्बन गरिएको उनीहरूको तर्क छ । तर, विभिन्न राजनीतिक दलका भातृ संगठनहरू भने 'नो वर्क नो पे' को नीति मजदुरविरोधी भएको बताउँदै आएका छन् । उनीहरूले औद्योगिक स्थलमा उद्यमी र मजदुरको सुमधुर सम्बन्ध स्थापित हुनुपर्दछ, उद्यमी र मजदुरबीचको घनिष्ट सम्बन्धले नै उद्योगहरू नाफामुखी बन्न सक्दछन् । तर, यसको अभावमा न उद्योगहरू नाफामा नै जानसक्छन् न त मजदुरका हक, हित र सुविधा नै सुरक्षित हुन्छन् । त्यसैले कुनै पनि नीति ल्याउनुभन्दा पहिले उद्यमी र मजदुरबीच व्यापक छलफल गरेर ल्याइनु श्रेयस्कर मानिन्छ । तर, **'नो वर्क नो पे' नीति मजदुरहरूको प्रतिनिधित्व नभई ल्याइएको आरोप विभिन्न राजनीतिक निकट मजदुर संगठनले लगाएका छन् । उनीहरूले 'नो वर्क नो पे' को नीति कुनै पनि मजदुरहरूको प्रतिनिधित्व गर्ने कुनै पनि मजदुर संगठनहरूसँग छलफल नै नगरी ल्याएको छ ।** यसको कार्यान्वयन नहुने निश्चित छ भन्न थालेका छन् ।

नेपालमा औंलामा गन्न सकिने सीमित उद्योगहरू छन् । ती उद्योगहरूमा पनि मालिक र मजदुरबीचको सम्बन्ध सुमधुर हुन सकेको छैन । मालिकले जहिले पनि मजदुरलाई तल्लो स्तरको सोच्ने र सेवा सुविधाहरू ज्यादै कम दिने गरेको तीतो यथार्थ छ । नेपालका सीमित उद्योगमा नेपालका केवल १५ प्रतिशत जनतामात्र औद्योगिक मजदुरहरू रहेको विभिन्न तथ्याङ्कहरूले देखाएको छ । त्यसमा पनि तराईका उद्योगहरूमा विदेशी कामदारहरू

**नेपालमा जहिले पनि अन्यत्र असफल भइसकेका नीतिहरू लागु गरिन्छ । 'नो वर्क नो पे' नीति पनि फ्रान्सको औद्योगिक क्रान्तिभन्दा पहिलाकै नीति हो । फ्रान्सको औद्योगिक क्रान्ति अघिको समयमा यो नीति बढी प्रचलनमा थियो । त्यसपछि धेरैजसो सोसियलिस्ट देशहरूले यो नीति मजदुरको हक–हित अनुकूल नभएको भन्दै खारेज गरिसकेका छन् ।**

छन् । तराईमा रहेका ती उद्योगहरूले राजनीतिक दलका विभिन्न भातृसंगठनहरू जसले सेवा सुविधा वृद्धिलगायतका माग राखी बन्द, हडताल गर्ने भएकाले उनीहरूले विदेशी कामदारलाई प्राथमिकता दिँदै आएका छन् । यस्तो कार्यले गर्दा पनि नेपाली मजदुरहरू विदेशमा जान बाध्य भएका छन् । मालिक र मजदुरहरूबीचको विवादले उद्योगहरू राम्रोसँग फस्टाउन सकिरहेका छैनन् । परम्परागत कृषिमा आधारित जनताहरूलाई बिहान बेलुका हात मुख जोर्न समेत धौधौ छ । नेपालमा ४२ प्रतिशत भन्दा बढी जनता गरिबीको रेखामुनि रहेका छन् । गरिबी बढ्नुमा अस्थिर राजनीति प्रमुख कारक रूपमा देखिएको छ ।

नेपालमा जहिले पनि अन्यत्र असफल भइसकेका नीतिहरू लागु गरिन्छ । 'नो वर्क नो पे' नीति पनि फ्रान्सको औद्योगिक क्रान्तिभन्दा पहिलाकै नीति हो । फ्रान्सको औद्योगिक क्रान्ति अघिको समयमा यो नीति बढी प्रचलनमा थियो । त्यसपछि धेरैजसो सोसियलिस्ट देशहरूले यो नीति मजदुरको हक-हित अनुकूल नभएको भन्दै खारेज गरिसकेका छन् । पुँजीवादी केही देशहरूमा यो नीति यथावत नै छ । तर सोसियलिस्ट देशहरूमा यो नीतिलाई वर्जित गरिएको छ । अहिले विश्वभर 'नो वर्क नो पे' को नीति त्यति प्रभावकारी छैन ।

**नेपालमा पनि खासगरी एनेकपा माओवादी र यसका भातृसंगठनहरू यो नीतिका विरुद्धमा छन् । माओवादीले समाजवादी अर्थ व्यवस्थालाई अनुकरण गर्दै आएको छ । नेपाली कांग्रेस पुँजीवादी अर्थव्यवस्थालाई अङ्गीकार गर्छ । तर नेकपा एमालेले माओवादीले अवलम्बन गरेको समाजवादी अर्थ व्यवस्था जस्तो पनि होइन कांग्रेसले अवलम्बन गरेजस्तो पुँजीवादी अवस्था होइन । यी दुईको बीचमा रहेको देखिन्छ । नेपालमा २०४६ सालदेखि नै मिश्रित अर्थतन्त्र अपनाउँदै आइएको छ ।**

विश्वमा पुँजीवादी व्यवस्थाको प्रभुत्व बढ्दै गएपछि २०४९ सालमा औद्योगिक नीति ल्याइयो । त्यसको १७ वर्षपछि अर्थात् २०६७ सालमा नयाँ औद्योगिक नीति ल्याइएको छ । त्यो औद्योगिक नीतिमा 'नो वर्क नो पे' को व्यवस्था गरिएको छ । अहिले यो नीति विवादको घेरामा छ । मूल्याङ्कन नै नगरी यो नीति ल्याइएको भन्दै केही मजदुर संगठनहरूले विरोध गरिरहेका छन् भने उद्यमीहरू भने 'नो वर्क नो पे' को पक्षमा खुलेरै लागेका छन् । यसले गर्दा मालिक र मजदुरबीचको विवाद झनै बढ्ने निश्चित छ । यदि यो नीति लागु भए पनि कार्यान्वयन हुने कुरामा भने आशंका व्यक्त गर्न थालिएको छ । ००

# बढ्दो छ कोरियाप्रतिको आकर्षण



गोपाल घिमिरे

नेपालमा करिब ४० लाख युवाहरू बेरोजगार रहेको र प्रत्येक वर्ष तीन लाख युवा श्रम बजारमा रोजगारीको लागि भौँतारिने गरेको कुरा एक अध्ययन प्रतिवेदनले देखाएको छ । यही तथ्यलाई प्रमाणित गर्ने गरी हालै देशका ४२ हजार १ सय ४६ जना युवायुवतीले कोरिया जानका लागि फारम भरे । यही असार १ गतेदेखि ४ गतेसम्म काठमाडौँको रंगशालामा ईपीएसअन्तर्गत काम गर्न कोरिया जान इच्छुकका लागि नेपाल सरकारले फारम खुला गरेको थियो । फारम भर्ने युवायुवतीहरूको लाइन देख्दा मुलुकमा बढ्दो बेरोजगारीको अवस्था घामजस्तै छर्लङ्ग

> *"*
>
> ***नेपालीहरू अत्यन्त मेहनती र इमानदार भएकाले कोरियाले यहाँबाट युवाशक्ति लान चाहेको हो । यसअघि सन् २००८ मा पनि ३० हजार नेपालीले फारम भरेका थिए । नेपाल र कोरियाबीच सन् २००७ जुलाइ २३ मा श्रमसम्झौता भएको थियो । त्यसको एक वर्षपछि अर्थात् २००८ अगष्ट ११ देखि ईपीएसअन्तर्गत कोरियामा कामदार पठाउन थालिएको हो । नेपाली कामदार कृषि, माछापालन, सेवा, उत्पादनमूलक र निर्माण क्षेत्रमा काम गरिरहेका छन् ।***
>
> *"*

हुन्थ्यो । यति धेरै जनशक्तिलाई स्वदेशमै रोजगारीको अवसर प्रदान गर्ने हो भने मुलुक समृद्ध हुने थियो भन्नेहरूको पनि कमी थिएन । तर, सरकारले स्वदेशमै रोजगारीका लागि ठोस कार्यक्रम ल्याउन नसक्दा विकास निर्माणलगायतका कामहरू ठप्प भएका छन् । गाउँघरमा त कुनै व्यक्तिको मृत्यु भयो भने पनि त्यसको मलामी जाने युवाहरू नै छैनन् पनि भनिन्छ ।

विदेशीहरूले ऊर्जाशील युवाहरूलाई आफ्नो देशमा भित्र्याउन चाहन्छन् । कोरिया सरकारको पनि यही चाहना भएर नै होला एसएलसी उत्तीर्ण भई १८ देखि ३९ वर्षसम्मका युवायुवतीलाई फारम भर्नका लागि आह्वान गरेको थियो । चार दिनको अवधिमा ४२ हजार १ सय ४६ जनाले रातदिन लाइनमा बसेर फारम बुझाए । केही समय अझै बढाइएको भए फारम भर्नेको संख्या अझै बढ्ने थियो । अहिले फारम भरेकामध्येबाट करिब ४ हजार जनालाई कोरियामा लाने योजना कोरियन सरकारले गरेको छ । कोरियाले १५ मुलुकबाट रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत कामदार लैजाने गरेको छ । जसमा नेपालसहित बंगलादेश, मंगोलिया, फिलिपिन्स, इन्डोनेसिया, थाइल्यान्ड, किर्जिकिस्तान, उज्वेकिस्तान, पूर्वी टिमोरलगायतका देशहरू छन् ।

नेपालीहरू अत्यन्त मेहनती र इमानदार भएकाले कोरियाले यहाँबाट युवाशक्ति लान चाहेको हो । यसअघि सन् २००८ मा पनि ३० हजार नेपालीले फारम भरेका थिए । नेपाल र कोरियाबीच सन् २००७ जुलाइ २३ मा श्रमसम्झौता भएको थियो । त्यसको एक वर्षपछि अर्थात् २००८ अगष्ट ११ देखि ईपीएसअन्तर्गत कोरियामा कामदार पठाउन थालिएको हो । नेपाली कामदार कृषि, माछापालन, सेवा, उत्पादनमूलक र निर्माण क्षेत्रमा काम गरिरहेका छन् । ३० हजार व्यक्तिले फारम भरेकामध्ये ६ हजार ५ सय ८६ जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए । भाषा परीक्षामा उत्तीर्ण ६ हजार ५ सय ८६ जनामध्ये २ हजार ६ सय ९० जना अझै कोरिया गएका छैनन् भने अन्यले त्यहाँ गएर काम गरिरहेका छन् ।

सन् २००८ मा भन्दा अहिले सन् २०१० मा बढीले फारम भरेका छन् । उनीहरूले परीक्षाका लागि १७ अमेरिकी डलर (करिब १२ सय रूपैयाँ) शुल्क तिरेर फारम भरेका छन् । फारम भर्दा पनि आवश्यक कागजपत्र नलिई जाँदा कतिपयले दोहोरो झमेला खेप्नुपरेको थियो । फारमसाथ राहदानी वा नागरिकताको प्रतिलिपि समावेश गर्नुपर्ने व्यवस्था थियो । नागरिकता वा राहदानी नम्बर पनि त्यही फारममा उल्लेख गर्नुपर्ने थियो । कतिपयले यी कागजपत्र नबोकी गएकाले फर्किनुपरेको थियो । यस्ता प्रक्रियागत विषयमा पर्याप्त ज्ञान नहुँदा पनि धेरैले दुःख पाएका थिए । यसरी दुःख कष्ट गरी बुझाएको आवेदन फारमको परीक्षा आगामी भदौ १२ र १३ गते सञ्चालन गरिने श्रम तथा यातायात व्यवस्था मन्त्रालयले जनाएको छ । नतिजा असोज १४ गते प्रकाशित गर्ने कार्यक्रम तय गरिएको छ ।

४२ हजार १ सय ४६ आवेदनमध्येबाट जम्मा ४ हजार मात्र छनौट गर्नुपर्ने भएकाले प्रतिस्पर्धा अधिक हुने भएको हो । भाषा परीक्षा उत्तीर्ण गरेपछि स्वास्थ्यपरीक्षण गर्नुपर्ने हुन्छ । यसैगरी प्रहरी रिपोर्ट लगायतका काम सम्पन्न भएपछि मात्र कोरिया जानका लागि योग्य ठहरिन्छ ।

मुलुकभित्रै कामको अवसर पर्याप्त भएको भए युवायुवतीहरू यसरी कामको खोजीमा विदेशतिर भौँतारिनुपर्ने थिएन । कुरा गरेर कहिल्यै नथाक्ने नेताहरूले युवा जनशक्तिलाई स्वदेशमै काममा लगाउन सक्ने वातावरण बनाउन सकेको खण्डमा विदेशिन बाध्य हुने थिएनन् । मुलुकको उत्थानको निम्ति पनि युवाजनशक्तिको आवश्यक हुन्छ । यसतर्फ सरकार, राजनीतिक दलहरूले बेलैमा ध्यान दिनु जरुरी छ । ००

# सगरमाथाका उत्पादनहरू




१. केसरानी तेल
२. ब्युटी फेश प्याक
३. तुलसी चिया
४. छाला रोगनासक मलहम
५. दन्त प्रभा दन्तमन्जन
६. पाचक चूर्ण
७. हिमाली तेल

उत्पादकः

**सगरमाथा हर्वल उद्योग**

धापासी–८, काठमाडौं, नेपाल

फोन : ०१–६२२१४१२

१. ग्यास्ट्रिक हरण चूर्ण
२. हिमसागर तेल
३. वचा चूर्ण
४. अस्वगन्धा चूर्ण
५. जटामासी चूर्ण
६. त्रिफला चूर्ण
७. अविपतीकार चूर्ण
८. यष्ठीमधु चूर्ण
९. लवण मास्कर चूर्ण
१०. शिलाजीत पेस्ट
११. सितो पलादी चूण
१२. हिङ वाष्टक चूर्ण
१३. रोहित क्यादी चूर्ण
१४. आम लक्की चूर्ण
१५. निमवादी चूर्ण
१६. विलवादी चूर्ण
१७. सतावर्यादी चूर्ण

उत्पादकः

**सगरमाथा आयुर्वेदिक औषधी उद्योग**

नयाँपाटी –३, काठमाडौं, नेपाल

फोनः ०१–४३८९०३१

# साधारणसभा सम्पन्न

नेपाल आयुर्वेद औषधी उत्पादक संघको दोस्रो साधारणसभा सम्पन्न भएको छ । सभामुख सुवासचन्द्र नेम्वाङ प्रमुख अतिथि, औषधी विभागका निर्देशक राधारमणप्रसाद, एमाले नेता राजेन्द्र पाण्डे अतिथिवक्ता, स्वागत मन्तव्य रामप्रसाद पाण्डेले गर्नुभएको कार्यक्रमको सभापतित्व संघका अध्यक्ष डा. नारायणप्राद अर्यालले गरेका थिए । एन.एन. हर्वलका अध्यक्ष नारायणप्रसाद मानन्धर, अनमोल जडिबुटी उद्योगका सञ्चालक मानबहादुर साउद वक्ता रहनुभएको साधारणसभाको उद्घोषण किङ हब्स प्रा.लि.का निर्देशक गोकुलराज जोशीले गरेका थिए । आयुर्वेद क्षेत्रमा विभिन्न किसिमले सेवा पुऱ्याउने महानुभावलाई सभामुख सुवास नेम्वाङ तथा संघका पदाधिकारी/ **सगरमाथा आयुर्वेदिक औषधी उद्योगका कार्यकारी अध्यक्ष विनोद पौडेल** लगायतले संयुक्त रूपमा सम्मान गरेका थिए । कार्यक्रममा आयुर्वेदलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरू **पीताम्बर आचार्य (प्रबन्ध निर्देशक, सगरमाथा आयुर्वेदिक औषधी उद्योग, नयाँपाटी, काठमाडौँ)**, लीलानाथ दाहाल (बुद्धिजीवी) हरूको भव्य उपस्थिति रहेको थियो । ००




# तीतेपातीको वाइन

सिस्नो मिश्रित मौलिक नेपाली वाइन ब्रान्ड 'नेसी' उत्पादन गर्दै आएको 'सकारो फरमेन्टेड वेभरेज' ले अबदेखि तीतेपातीबाट पनि वाइन बनाउने भएको छ । अबको दुई महिनाभित्रै उत्पादन सुरु हुने यसका लागि ल्याब परीक्षण बाहेकका अरू तयारीहरू भइसकेको छ । कम्पनीका सञ्चालकले 'अग्निचक्र'लाई दिएको जानकारी अनुसार तीतेपातीको वाइन विश्वमै पहिलोपटक नेपालमा बन्न लागेको छ, यो वाइन तीतेपातीबाहेक ल्वाङ, सुकुमेल, दालचिनी, अलैँची, जाइफल, जाइपत्रीलगायतका मसलाको समेत प्रयोग हुनेछ । तीतेपातीमा विभिन्न रोगसँग लड्ने तत्व पाइने र उत्पादन प्रक्रिया पनि फरक भएकाले रक्सीमा जस्तो वाइनमा स्वास्थ्यवर्धक तत्व नष्ट हुँदैन भन्दै यसको बजार मूल्य ७५० एमएलको रु. ४ सय रहने कुरा पनि उनले बताए । ००

## दम निको पार्नुहोस्

के तपाईं दम र खोकीको रोगबाट ग्रस्त हुनुहुन्छ । अब नआत्तिनुहोस् । आफ्नै गाउँघरमा पाइने जटिबुटीहरू खोजमेल गरी औषधी बनाएर खानाले दमखोकी निको पार्न सकिन्छ । औषधी बनाउँदा मिसाउने जडिबुटीहरू यसप्रकार छन् :

| | |
|---|---|
| (१) असुरो - २० ग्राम | (२)- पानजरा- ५ ग्राम |
| (३) अलैंची- ५ ग्राम | (४) सुठो- ५ ग्राम |
| (५) पिपला- ५ ग्राम | (६) कण्ठकारी- ५ ग्राम |
| (७) ल्वाङ -५ ग्राम | (८)जेठी मधु- ५ ग्राम |
| (९) दालचिनी- ५ ग्राम | (१०) वसलोचन- ५ ग्राम |
| (११) बोझो -५ ग्राम | (१२) जाईफल- ५ ग्राम |
| (१३) मिश्री- ५ ग्राम | |

यी माथि उल्लेखित जडिबुटीहरू खोजमेल गरी राम्रोसँग केलाउनु र घाममा सुकाउनु र सुकिसकेपछि मसला पिस्ने मिलमा पिस्नु । चाल्नीले चालेर राम्रोसँग सफा भाँडामा राख्नु । बिहान बेलुका १-१ चम्चा महसँग खाएमा दमखोकी निको हुन्छ ।

नोट : यी माथि उल्लेखित जडिबुटीहरू खोजमेल गर्नलाई कठिनाइ भएमा सगरमाथा आयुर्वेदिक औषधी उद्योगले बजारमा ल्याएको वचाचूर्ण खोजेर खान सक्नुहुन्छ ।

सावधान : दही, मोही, केरा, आलु, पिँडालु, तरुल, चुरोट, बिँडी, सुर्ती नखानू । धुलो र धुवाँबाट जोगिनु ।

## मेरो साथी सिजुवा



प्रिय मित्र प्यारा साथी ! तिमी सिजुवा
धेरै दिन भयो छुटेको ! भयो होला द्विविधा

चाँडै आउँछु है ! तिमीलाई भेट्न
हाम्रा ती पुराना अतीतका क्षणहरू भेट्न

भुलेको छैन तिमीलाई ! परदेशमा भए पनि
चाँडै आउनेछु, बसाई सरी पुर्जी लिएर गए पनि

दाम्राभिट्टाको सिमानामा छुटिँदा दुवैजना रोएको
छिटै फर्की आउँछु तिमी बसिराख मैले भनेको

सिजुवा तिम्रो नाम कुन पण्डितले राखेको
तिमीलाई सिँगार्न हामी सबै लागेको

तिम्रो नामको माला अब हामी जप्छौँ
भूल, गल्तीहरू सुधारी तिमीलाई बोक्दैछौँ

भुलेको छैन तिमीले रतुवाको पानीमा नुहाएको
हुलाकी राजमार्गको सारी तिमीलाई कति सुहाएको

हामी सबै मिली तिमीलाई बनाउँछौँ हाई हाई
हुन्छ त अब विदा हौँ लत सिजुवा बाईबाई

**संकलन : विनोद पौडेल**

# सेभ्रोलेट बिट नेपाली सडक बजारमा



✍ रविन्द्र राउत

भारत स्थित जनरल मोटर्स (GM) को लागी नेपाल स्थित आधिकारीक बिक्रेता बिजय मोटर्स प्रा.लि.ले अधिकारीक रुपमा सेभ्रोलेट बिटको बिक्रि शूरु गरेको छ। यो सेभ्रोलेट CRUZE पछिको ३०० सिरिज को सानो आरामदायिक र ईस्टाईलिस कार हो जसलाई बनाउन जनरल मोटर्सको *Architect* ईन्जिनियरहरुलाई २७ महिना लागेको थियो। सेभ्रोलेट बिट एकै पटक १५० भन्दा बढी राष्ट्रहरूबाट सार्वजनिक हुन गईरहेको छ जस्तै European, Asian र उत्तर अमेरिका पर्दछन्।

Chevrolet Beat गाडी अरु सेभ्रोलेट गाडीहरुको segment, design, performance र सुरक्षाको तुलनामा धेरै राम्रो छ। यो गाडीलाई Company कै प्रतिकको रुपमा प्रस्तुत गरी लाखौं ग्राहकहरुको मन जित्ने बिश्वास लिएको छ।

यो एउटा उत्कृष्ट पेट्रोल गाडी हो जसमा S- TEC II Engine को प्रयोग गरिएको छ। १२०० सि सि को सेभ्रोलेट बिट ले सबैको मन जित्ने प्रक्रियामा रहेको र यसले १८.६ कि मि प्रति लिटर जस्तो अविश्वसनिय Mileage दिन सक्षम छ भन्ने *ARAI* ले पुष्टि भएको छ। कार्य कुशलको र पिक अपमा पनि धेरै राम्रो छ र यसले ८०।५ एक सम्मको शक्ति दिन्छ।

यो गाडीमा PDA System राखीएको छ जसले high exhaust gas recirculation गर्छ र यसको कारण कम गतिमा थौरै र बढी गतिमा धेरै शक्ति उत्पादन गरी पेट्रोलको मात्रा पनि हटाउंछ। इन्जिनको भित्र Automatic Climate Controller जडान गरिएको कारणले गर्दा धेरै शक्ति उत्पादन हुन बाट जोगाउंछ।

यसको धेरै जसो भाग स्टिलले बनेको छ, करिब ६६.५ प्रतिशत भाग अति नै बलियो स्टिलले बनेको छ र धेरै जसो महत्वपूर्ण भागहरु जस्तै Fuel Tank, ईन्जिन राखिएको ठाउं आदीलाई जोगाउन स्टिलको प्रयोग गरिएको छ। सुरक्षाको हिसाबमा यो गाडी धेरै राम्रो गाडी हो। यसमा दुई वटा Air Bag, ABS प्रणाली, Seat Belt with Load Limiter को पनि व्यवस्था गरिएको छ।

जनरल मोटर्सले ग्राहकहरूको विश्वास जित्नको लागी ३ वर्ष अथवा १ लाख कि मि सम्मको वारेन्टी र ६ पटक सम्मको servicing को व्यवस्था पनि गरेको छ।

डिजाईनको हिसाबमा त अहिले यो सेभ्रोलेट बिट गाडी नम्बर १ मा पर्दछ। धेरै युवा युवती हरु लाई लक्षित गरी बनाईएको यो गाडी सबैको माझमा चर्चाको बिषय हुँदै गएको छ।

सेभ्रोलेट बिट गाडीको बिशेषताहरु :

- Design- Steering Column mounted motorcycle inspired dynamic meter cluster, digital system tachometer
- Fuel Efficiency- 18.6 km/Ltr
- PDA System (Port De-Activation)
- 5 Speed Manual
- 60:40 Split Folding Seats
- Tubeless Tyres 14 inches
- Satin Silver Roof Rails
- Spoiler
- BFI System (Body- Frame Integrated)
- Four point mounted long engine cradle
- 3 years/100000 km warranty




- Cruze पछि ३०० सिरिज मोडल
- S- TEC Engine
- Side Panel मा जडित पछिल्लो Door handles
- Automatic Climate Control
- ABS System
- Dual Air Bags
- Alloy Wheels
- 66.5 % made of high- strength steel and over 16% Ultra High
- Seat belt with Load Limiter
- 1200 cc DOHC Engine
- Sporty Looks
- Seven Colors
- Electronic brake Force Distribution (EBD) system
- Pattern- printed semi bucket seats
- Tilt Steering
- Dramatically sized head lamps
- 165mm ground clearance
- Mc person strut front suspension, rear compound crank/torsion beam and incorporate a fabulous V-beam
- Integrated centre stack Audio with USB and Aux in port

*(लेखक बिजय मोटर्सका महाप्रबन्धक हुन्।)*

# महिन्द्राको बोलेरो XLFBSC2WD



Bolero XLFBSC 2WD गाडी नेपालमा २०६२ सालदेखि आयात गरिएको हो ।

नेपालको पिच सडकदेखि पहाडका अप्ठ्यारो बाटोमा समेत सजिलै प्रयोगमा ल्याउन सकिने हुँदा नेपालमा महिन्द्रा एण्ड महिन्द्राकै गाडीहरू लोकप्रिय छन् । यसका साथै निजी तथा व्यापारिक प्रयोजनमा पनि उपयुक्त हुने हुँदा यसलाई सबै क्षेत्रका मानिसले मन पराउँछन् ।

महिन्द्रा बलेरो XLFBSC2WD प्रायजसो व्यक्तिगत व्यवसाय तथा ढुवानीमा प्रयोग भएको पाइन्छ ।

**यसका विशेषताहरू**

महिन्द्राको Bolero XLFBS C2WD गाडी अन्य गाडीको तुलनामा भरपर्दो र बलियो छ ।

यो गाडीको विशेषता भन्नाले यो गाडीले न्युन इन्धनको प्रयोग गरी बढीभन्दा बढी भार बोक्ने क्षमता यसले राख्छ । DI Turbo Engine को उच्चतम प्रविधिले कम तेल खपत गरी बढी माईलेज दिन्छ । यसका साथै यसमा भारको फराकिलो कार्गो बक्सले हरेक किसिमको सामान बोक्नका लागि यसलाई उपयुक्त बनाउँछ ।

Big Cargo, Fuel efficient, Radial tyre, Turning radious less जस्ता विशेषताहरूका कारण यो दिनप्रतिदिन झन झन् लोकप्रियतातर्फ अग्रसर भइरहेको छ ।००

## अन्याय किन ?

पानी परेको मौका छोपी आफ्नो खेतमा धानको बीउ छर्न गोरु जोत्दै गर्दा कैलाली चौमालाकी एक महिलालाई श्रीमान् हुँदाहुँदै सेतो लुगा लगाएको र हलो जोतेको आरोपमा स्थानीयवासीले कालो मोसो दलेर गाउँ निकाला गरेका छन् । गाउँ निकाला गरिएकी ३५ वर्षे वासुदेवी सुनारलाई गाउँलेहरूले जुत्ताको माला र कालो मोसो दल्दै अभद्र व्यवहार गरेका थिए । उक्त घटनाको दलित गैरसरकारी संस्था इन्सेकलगायतका संस्थाले भर्त्सना गरेका छन् र पीडितले क्षतिपूर्ति र अपराधीलाई कडा सजायको माग समेत ती संस्थाले प्रशासनसमक्ष गरेका छन् ।






# बाह्र महिना काम अठार महिनाको दाम

नेपालमा हाल सञ्चालन भइराखेका क्यासिनोहरूमा तीनजना मालिकहरू प्रत्यक्ष रूपमा देखिएका छन् । NRC अर्थात् नेपाल रिक्रिएसन सेन्टरअन्तर्गत क्यासिनो नेपाल, अन्ना, एभरेस्ट, तारा र साग्रिला रहेका छन् भने Valley Links अन्तर्गत क्यासिनो ऱ्याड, भेनस र पोखरा ग्रान्ड रहेका छन् । त्यस्तै गिल्ट इन्भेस्टमेन्ट प्रा.लि.को मातहतमा रहने गरी केही महिना अघिदेखि क्यासिनो रोयल NRC बाट मुक्त भई गिल्ट इन्भेस्टमेन्ट प्रा.लि.बाट सञ्चालन भई राखेको छ । 'अग्निचक्र' राष्ट्रिय मासिकका सम्पादकसँग सोही गिल्ट इन्भेस्टमेन्ट प्रा.लि.को क्यासिनो रोयलका क्रान्तिकारी युनियनको पावरफुल, हिम्मतदार, आँटिला र जोशिला युवा अध्यक्ष खिलबहादुर खनालसँग प्रत्यक्ष संवाद गरिएका कुराकानीका अंशहरू :



**खिलबहादुर खनाल**
**मजदुर नेता**

**क्यासिनो कर्मचारीले देख्दा देख्दै तीनजना मालिक रोयल क्यासिनोमा अदलबदल हुँदा क्रान्तिकारी युनियन अध्यक्षको नजरबाट कस्तो पाउनुभयो त ?**

सुरु सुरुका दिनहरूमा जब मैले यस क्यासिनो रोयलमा जागिर सुरु गर्दा सामान्य रूपले आफ्नै रफ्तारमा क्यासिनो सञ्चालन भइराखेको थियो । मजदुरहरू डर-त्रासमा जागिर गर्न विवश थिए । कुन बेला कस्को रोजीरोटी गुम्ने हो, थाहा हुँदैनथ्यो । मजदुर नेता भनेर चिनिएका तथाकथित नेताहरू व्यवस्थापनको पोल्टाबाट रिमोट कन्ट्रोल जता दाब्यो त्यतै चल्ने गर्थे । मजदुरका समस्याहरू समाधान गर्न नसकेर वा नचाहेर के हो ? पूरा हुँदैनथे । सोल्टी क्यासिनोको बराबर सुविधा अरू क्यासिनोहरूमा थिएन । दिनहरू बितिरहेका थिए । हामी शोषित पीडित मजदुरहरू सोच्ने गर्थ्यौं कि हामी मजदुरको पीडा, व्यथा बुझिदिने र रोजगारीको स्थायित्वको ग्यारेन्टी गरिदिने एउटा शक्ति आइदिए हुन्थ्यो जस्तो लाग्ने गर्थ्यो । त्यसैक्रममा दसवर्षे जनयुद्धबाट शोषित, पीडित, मजदुर, किसान, हरूवा, चरुवा सबैको मन जितेर स्थानीय तह हुँदै केन्द्रीकृत भई ए.ने.क.पा. माओवादी (तत्कालीन माओवादी) पार्टीको ट्रेय युनियन हाम्रै लागि अर्थात् वास्तविक मजदुरका समस्याहरू बुझ्ने भएर हामी माझ देखापरेपछि हामीले अखिल नेपाल ट्रेड युनियन महासंघ निकट अ.ने.हो. तथा रे. मजदुर संघ क्यासिनो रोयल इकाइ गठन गर्न सफल भयौं र हाम्रो गौरवशाली पार्टीको संरक्षण र पहलमा सबै क्यासिनोहरूमा बराबर सुविधा दिलाउन सफल भयौं । मालिकहरू त आउँछन्, जान्छन्, फेरिन्छन्, नो प्रोबलम । तर कुरा हो के भने मजदुरले पाउने सबै किसिमका सुविधाहरू हामीले पाउनुपर्छ, पाएका छौं र समय सापेक्ष त्यसलाई बढाउँदै पनि लगेका छौं र मलाई विश्वास के छ भने सधैंभरि मजदुरकै हकहितका लागि लड्ने हो । संघर्ष गर्ने हो, म कति सफल भएँ त्यो मजदुरले नै मूल्यांकन गर्ने कुरा हो जस्तो मलाई लाग्दछ ।

**तपाई युनियन अध्यक्ष भइसकेपछि भएका प्रगतिहरू के के हुन् ?**

हामीले प्रगति गरेका कुराहरूमा, जस्तै त्यतिखेर कुनै पनि मजदुरहरूले बोल्न पाउने अवस्थै थिएन । एक तारिखमा पाउने पारिश्रमिक २८ तारिखसम्म पुग्दा पनि बोल्ने अवस्था थिएन । वर्षौं अगाडिदेखि ड्युज रहेका इन्सेन्टिभ, स्टाफकै तलबाट कट्टा गरिएको नागरिक लगानी कोष, सञ्चय कोष लगायतका ड्युजहरू वर्षौंको बाँकी थियो । त्यो पूर्णरूपमा चुक्ता गरी जिरोमा ल्यायौं । प्रमुख कुरा त के हो भने मजदुरले ढुक्कका साथ आफ्नो रोजीरोटीको स्थायित्वको ग्यारेन्टी भएको आभास गरेका छन् र त्यो हामीले सहजै पूरा पनि गरेका छौं । मजदुरले हाम्रो रोजगारीको सुरक्षाको लागि क्रान्तिकारी युनियन छँदैछ भन्ने विश्वासका साथ काम गर्ने गरेका छन् ।

**नेपालमा क्यासिनो अपरिहार्य छ, पर्यटन प्रबर्द्धनको प्रमुख माध्यमका रूपमा क्यासिनोहरू नै रहेका छन् । क्यासिनो भएको कारणले पनि विदेशी पर्यटकहरू नेपालमा आउने गरेका छन् ।**

अर्को कुरा त्यतिखेर मजदुर नेताहरू व्यवस्थापनको खटनमा हिँड्थे भने अहिले मजदुर नेताहरूको सल्लाहमा व्यवस्थापनले काम गर्न थालेको छ यो ठूलो प्रगति हो । आजकल सबै मजदुरहरू ढुक्कका साथ खुसी भएर काम गरिरहेका छन् । हालसालै हामीले हासिल गरेको प्रमुख प्रगति के हो भने अरू कुनै पनि क्यासिनोमा नभएको सुविधा क्यासिनो रोयलले पाएको छ त्यो के हो भने १२ महिना काम गर्दा १८ महिनाको तलब पाउने भएका छौं । यसबाट के प्रस्ट हुन्छ भने क्यासिनो सेक्टरमा सबैभन्दा धेरै प्रगति गर्ने, मजदुरलाई पूर्ण रूपमा आर्थिक रूपले सम्पन्न बनाउने काम हामीले गरेका छौं । मैले मजदुरका हक अधिकारका लागि धेरै प्रगति गरेँ कि थोरै भन्ने कुरा यसैबाट प्रस्ट हुन्छ नि हैन र ?

**नेपाली प्रवेशको वहानामा प्रहरीहरू दिनदहाडै २४ सै घण्टा कुनै पनि बेला क्यासिनोमा बर्दी लगाएर हतियारसहित छापा मार्न आउने गरेको कुराको खण्डन कसरी गर्नुहुन्छ ?**

नेपालमा हाल ९ वटा क्यासिनोहरू सञ्चालन भइराखेका छन् । नेपालमा क्यासिनो अपरिहार्य छ, पर्यटन प्रबर्द्धनको प्रमुख माध्यमका रूपमा क्यासिनोहरू नै रहेका छन् । क्यासिनो पनि भएको कारणले विदेशी पर्यटकहरू नेपालमा आउने गरेका छन् । एउटा विदेशी क्यासिनो खेलिरहेको हुन्छ । विना सूचना प्रहरीहरू क्यासिनोभित्र प्रवेश गर्छन्, हातमा बन्दुकसहित बर्दी लगाएर । त्यस्तो अवस्थामा त्यो विदेशी डर त्रासको भयले आत्तिएर त्यहाँबाट हिँड्दछ अब त्यसले आफ्नो देशमा फर्किएर जाँदा नेपालबारे कस्तो सन्देश लिएर जाला ? यस्तै गतिविधि आजभोलि भइरहेको छ, सबै क्यासिनोहरूमा प्रहरीले छापा मारिरहेको छ । नेपाल सरकारले सन् २०११ लाई पर्यटन वर्षका रूपमा मनाउन गइरहेको छ , के यस्तै तरिकाले लक्ष्य गरे अनुरूप पर्यटकहरू भित्र्याउन सकिएला र ? हाम्रो भन्नु के हो भने नेपाली प्रवेशको वहानामा या जुनसुकै वहानामा होस् क्यासिनोभित्र प्रहरी नपठाइयोस्, ग्राहकहरू भड्कन्छन् । हामी त लाइसेन्स प्राप्त वार्षिक २ करोडका दरले रोयल्टी बापत सरकारलाई कर तिरेर सञ्चालित छौं । त्यति हुँदाहुँदै पनि किन क्यासिनो प्रहरीको निशानामा पर्ने गर्छ ? भन्न चाहन्छु साथै क्यासिनोसम्बन्धी वैधानिक नीति सरकारले बनाओस् र दसौंहजारको रोजीरोटीमा कसैले बाधा उत्पन्न नगरुन् भन्दै विदा हुन्छु । धन्यवाद । ००

# वृत्तचित्रको विकल्पमा



अधिवक्ता लक्ष्मण आचार्य

नेपाल राज्यको राजनैतिक वृत्त आफैमा वृत्तचित्र भइरहेको छ भनिन्छ । हामी नेपाली सार्वभौम सम्पन्न स्वाभिमानी छौँ । अखण्ड नेपालको प्रण गर्दछौँ तर पनि त्यो अनुभूत हामी कसरी गर्न सक्छौँ ? हाम्रो सामु टड्कारो रूपमा काँडा अल्झिएको छ ।

आज विगत १० वर्षको जनयुद्धपूर्व प्रजातन्त्रको लडाईं, सो पूर्व राणाशासनको अन्त्य, अत्यन्त दुखदायीपूर्ण परिस्थितिमा भएको हामी जस्ता नागरिकका हक-अधिकार र सुसूचित हुन पाउने मौलिक हकको खिलापमा शासकहरूबाट शासन सञ्चालन गरी एउटा नागरिक जसले उसै देशको इतिहास जान्न रच्न नपाउनु र उही नागरिक उसै देशको नीतिनिर्माण र शोषणमुक्त नहुनु न राणाशासनको अन्त्य थियो ।

**हामी हाम्रा सामुहिक चिन्तन र विचार बनाउन पहल गर्दैनौं, किन ? नेपालमा नेपाली जनता हामी कति लाटा छौँ । राज्यको चिन्ता गर्छौं, हरहमेशा जनहितकारी कुरा गर्छौं जनताका काम भन्छौं, भाषण गर्छौं चाहे त्यो नेपाली कांग्रेस होस् चाहे एमाले, चाहे माओवादी या पच्चीसै दल किन नभनौं ।**

त्यसरी अन्त्यभएको राणाशासन पश्चात पञ्चायती तानाशाही व्यवस्थाको प्रादुर्भाव भयो जुन आज राज्यबाट निमिट्यान्न नभए पनि प्रजातन्त्रका हिमायतीहरूको बलिदान (रगत), सहिदहरूको सपना सूक्ष्मरूपमा स्थापित गराउन तल्लीन रहे तापनि शाह वंशीय शासन पद्धतिमा पनि जनता स्वतन्त्र हुन् सकेनन् भन्ने विश्वव्यापी अनुभवबाट देखिने क्रममा हाम्रो देश नेपालका प्रजातन्त्रका नायक सेनानी स्व. विश्वेश्वरप्रसाद कोइरालाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरसम्बन्ध र उहाँको दूरदर्शी सिद्धान्तको खिलापमा तानाशाहीहरू पटक पटक जुर्मुराई आफ्नो अधिकारलाई आफ्नै कब्जामा लिन खोजी चरम यातना समेत दिएको परिस्थिति तैपनि बी.पी. को सत्चरित्रका कारण बहुमत प्राप्त उनको नेतृत्वमा सरकार गठन नभएको होइन । सो सरकारको घाँटी निमोठ्न तानाशाही पञ्चहरू तल्लीन थिए र बी.पी. का सहयोगी प्रजातान्त्रिक आन्दोलनका अग्रजहरूलाई समेत आफ्नो कब्जामा राखी निजहरूका विचार जनतामा जान नदिने प्रयत्न अत्यन्तै भएकै हो भनी हामी भन्न सक्छौं ।

यसरी आत्मादेखि देश र जनताको माया बोकेका राज्यका नेताहरूको एक आपसमा आफ्ना सैद्धान्तिक असहमतिका कारण विभिन्न गुटउपगुटमा विभाजित भएको हो । जुन विचारका आधारमा स्वाभाविक नै थियो, कोही नेपाल कम्युनिष्ट पार्टी भए कोही नेपाली कांग्रेस । यसरी विभाजित गुटहरू आफ्नै सैद्धान्तिक अभीष्ट एकातिर राख्थे भने तानाशाहो विरुद्धमा हरदम एक ठाउँमा उभिने गर्थे परिणामस्वरूप ०४६ सालको जनआन्दोलन निम्तिएको हो जुन आन्दोलनको अग्रपङ्क्तिमा नेकाले नेतृत्व नगरेको होइन भनी एउटा लेभ्यानले पनि भन्न सक्दैन न कि आन्दोलनको ऊर्जा केवल हचुवाको भरमा र कुनै बन्दुक र बारुदको भरमा थिएन केवल जनताका विचार र कलमको भरमा नै थियो । परिणामस्वरूप बन्दुक र बारुद्धको विरुद्धमा विचार र कलमको जित भयो । नेपाली जनताको पोल्टामा प्रजातन्त्रको बालक पदार्पण भयो जुन बालक अझ परिवर्तित हुन खोजिरहेछ । विश्वसमुदायको एक्काइसौं शताब्दीको सुविधा र जनताका अधिकार कुण्ठितका विरुद्धको लडाईं गर्दैछ । त्यो के सित ? प्रश्न यहाँनेर छ १० वर्षे जनयुद्ध पश्चात शान्ति सम्झौतामा आएको माओवादी पार्टी जसले निम्नस्तरका श्रमिकका एजेन्डा, दलित, उत्पीडित जनजातिका एजेन्डा बोकेको पार्टी जुन हाम्रो आँखा सामु जसले आजको प्रजातान्त्रिक अभ्यासलाई अँगिकार गरी आएपश्चात् हामी जनताका अधिकारको सुनिश्चितताको निमित्त न त हामी अमेरिका सित नत हामी भारतसित नत चीनसित लडाईं लड्दैछौं । हामी हाम्रा सामुहिक चिन्तन र विचार बनाउन पहल गर्दैनौं, किन ? नेपालमा नेपाली जनता हामी कति लाटा छौं । राज्यको चिन्ता गर्छौं, हरहमेशा जनहितकारी कुरा गर्छौं जनताका काम भन्छौं, भाषण गर्छौं चाहे त्यो नेपाली कांग्रेस होस् चाहे एमाले, चाहे माओवादी या पच्चीसै दल किन नभनौं । हामी सबैसँग प्रजातन्त्रको लट्ठी छँदैछ , त्यो प्रजातन्त्रको लट्ठीलाई भाँच्न, बङ्ग्याउन खोजिएको हो र जनतालाई झुक्याउन खोजिएको हो भने जनताले त्यस्ता व्यक्तिहरूलाई कुनै हालतमा माफ गर्नेवाला छैनन् र जनआकांक्षाको हामी कसैले खेलबाड गर्न र जनआन्दोलनको एजेन्डाको प्रतिकूल झुक्न हुने छैन भन्ने नै तमाम जनताको जनइच्छा नै हो । जनता जनताका अधिकार भनी पच्चीसै दल भाषण गर्नमा व्यस्त छन् तर जनताका अधिर स्थापित गर्न राष्ट्रिय विषयमा सहमति गर्न किन सकिरहेका छैनन् ? अब जनताले उल्टो प्रश्न सोध्ने बेला भएको छ कि के कारण तोकिएको समयमा संविधान जारी हुन सकेन र अब थप अवधिमा पनि संविधान जारी हुन्छ कि हुँदैन ? यस्ता प्रश्नहरू हाम्रो कथाजस्तै भइसक्यो कि त जनताका हामी नेतृत्व होइनौं भन्न सक्नुपर्‍यो कि त जनतासँग भएका सम्झौता अविलम्ब पालना गर्नुपर्‍यो ।

भनिन्छ सबै माग्दैमा आउँदैन रे । देख्दैमा पाइँदैन रे । हुनसक्छ कसले के देखाएका होलान्, कुनै पार्टीले के तर सबै पार्टीले 'नेपाल' भन्ने शब्द त देखेकै होलान् । नेपाली भएपछि जे जस्ता समस्या भए पनि नेपालकै समस्या हो । हामी घरभित्रका कुरा घरमै राखौं, घरमै मिलाऔं, कोही तल त कोही माथि, दूध पोखियो त आफ्नै भागमा पोखियो भन्ने उदार सोच राखी सम्पूर्ण दलबाट साझा सहमति कायम गरी जनताका इच्छा र आकांक्षा तथा परिवर्तित नयाँ नेपालको परिकल्पना नै हामी सबैको सुवर्ण मौका हो यसलाई स्थापित गरौं । विश्वसामु नेपाली राजनीतिक वृत्त वृत्तचित्रजस्तो नबनाऊँ र कसैले खेल खेल्ने मैदान नबनाऊँ । जुन मैदानमा आज 'क' ले खेल खेल्छ, भोलि 'ख' ले, पर्सि 'ग' ले यसरी अखण्ड नेपाल सार्वभौम सम्पन्न हामी नेपालीका नारा सधैं विश्वसामु उचो राख्नु हाम्रा प्रजातन्त्रका सेनानीहरूको भूमिका नै हो । आफ्नो भूमिकाबाट किञ्चित पछाडि नहटौं, सुवर्ण नेपालको गौरवमय इतिहास रचौं । ००

# राम्रो चर्चा पाएको "फजल"

हाम्रो देशको राजधानी काठमाडौँमा वैदेशिक रोजगारका लागि खुलेका मेनपावर कम्पनीहरू सयौँ छन्, तिनीहरूमध्ये धेरैजसोले ठगी गरेका घटनाहरू कहिलेकाहीँ बाहिर आउने गर्दछन् । वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूले आफू कुन देश जाँदैछु र के कामका लागि जाँदैछु, म दक्ष छु कि छैन र मलाई वैदेशिक रोजगारमा लैजाने मेनपावर कम्पनी कत्तिको विश्वासिलो छ त ? यी र यस सँग रिलेटेड कुराहरूमा विशेष ध्यान दिई वैदेशिक रोजगारमा जाने गरेमा व्यक्तिहरू कमै ठगिन्छन् भन्दा फरक नपर्ला ?



फजलका सञ्चालक प्रमुख
भुवनबहादुर खत्री

यी सब कुराहरूमा एकदमै ध्यानपूर्वक र विगत वर्षौंदेखिको विश्वास र चर्चा कमाउने सफल मेनपावर मध्येको एक हो काठमाडौँ, सिनामंगलमा रहेको **फजल इन्टरनेसनल प्रा.लि.** । यो मेनपावरबाट विदेश कमाउन गएकाहरूले एकदमै राम्रो काम पाएका र दाम पनि पुग्दो कमाएको कुरा **फजल**बाटै तीन वर्ष अघि विदेश गएर पर्याप्त रकम कमाएका झापाका मोहनप्रसाद शर्मा र सुनसरीका नवीनकुमार उपाध्याय बताउँछन् । मोहन र नवीनजस्ता धेरै व्यक्तिहरू फजलबाट लाभान्वित बनेका छन् । 'फजल' को कार्यालय परिसरमा भेटिने अधिकांश सबैले 'फजल' विश्वासिलो भएकाले नै यसैबाट विदेश जान आफूहरूले चाहेको कुरा उनीहरू बताउँछन् ।

**को हुन् त फजलका सञ्चालक–** फजल इन्टरनेसनलका **सञ्चालक प्रमुख भुवनबहादुर खत्री** हुन् । उनी दसौँ वर्षदेखि यस क्षेत्रमा क्रियाशील छन् । मेनपावर व्यवसायीमाझ चर्चाको शिखरमा रहेका खत्री स्पष्टवक्ता, राजनीतिक विश्लेषक तथा मेनपावर व्यवसायीमध्ये टपटेनमा नाम कमाएका व्यक्ति हुन् । **भुवनबहादुर खत्री**को चर्चा अझै बढ्दै जाओस्, यसैगरी वैदेशिक रोजगारमा जानेहरूको मन जित्दै जाऊन् । **फजल इन्टरनेसनल** र **भुवन**को सफलताको लागि 'अग्निचक्र' को पनि शुभकामना छ । ००

## दुग्ध विकास संस्थानको क्षमता वृद्धि

दुग्धविकास संस्थानका प्रवक्ता सियारामप्रसाद सिंहले बालाजुस्थित दुग्धविकास संकलन केन्द्रको क्षमतावृद्धि गर्ने बताएका छन् । उनका अनुसार अहिले दूध प्रशोधन क्षमता दैनिक १ लाख १० हजार लिटर रहेकोमा यसको क्षमता बढाएर २ लाख ५० हजार दुध प्रशोधन गर्ने लक्ष्य छ र यसको सम्भाव्यताको अध्ययन पूरा भइसकेको छ । यसका लागि संस्थानले करिब ९ करोड खर्च लाग्ने अनुमान गरेको छ । मागअनुसारको सामग्री उत्पादन र वितरण गर्न नसकिरहेको अवस्थामा यसले धेरै हदसम्म मागलाई धान्न सक्ने कुरा पनि उनले बताए । ००

## कम्प्युटर प्रदान गर्ने बैंक

भक्तपुरमा रहेको महेन्द्र शान्ति माध्यमिक विद्यालयलाई २० थान कम्प्युटर स्ट्याण्डर्ड चार्टर्ड बैंकले सहयोग प्रदान गरेको छ । विद्यालयका प्रधानाध्यापक तारामान जोशीलाई बैंकका सीईओ सुजित मुन्डुलले ती कम्प्युटर प्रदान गरेका थिए । सहयोगबाट विद्यार्थीलाई कम्प्युटर ज्ञान हासिल गर्न सघाउ पुग्ने अपेक्षा बैंकले गरेको छ । विभिन्न क्षेत्रमा सहयोग पुर्‍याउँदै आएको बैंकले युवा, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा उपलब्ध गराउँदै आएको सहयोगलाई आउने दिनमा पनि यसरी नै निरन्तरता दिने कुरा सीईओ मुन्डुलले बताए । ००

## मुठभेड हुँदा कर्णेलको मृत्यु

पृथकतावादी लडाकु र सेनाबीच भएको मुठभेडमा परी भारत प्रशासित कस्मिरमा कर्णेलको मृत्यु भएको छ । उत्तरी कस्मिरको लोलाबघाटीको जंगलमा सेना र चरमपन्थी समूहबीचको मुठभेडबाट कमाण्ड गरिरहेका सेनाका कर्णेल नीरज सुदको गोली लागी मृत्यु भएको हो । कर्णेल सुद यस वर्ष मुठभेडमा मारिने सैनिकमा वरिष्ठ अधिकारी हुन् । पहिलेको तुलनामा कस्मिरमा हिंसाका घटनामा केही कमी आएको कुरा सैनिक अधिकारीहरू बताउँछन् । ००

## जमाइका क्रिष्टोफर डुडुस पक्राउ

लागुपदार्थको तस्कर गर्ने वादशाहको नामले चिनिएका जमाइका क्रिस्टोफर डुडुस कोकलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ । गत महिना मात्रै कोकको नेतृत्वमा लागु पदार्थ तस्करको सशस्त्र समुहले टिभोली गार्डेनमा हिंसा मच्चाउँदा ७० जनाभन्दा बढीको ज्यान गएको थियो । अमेरिकी सरकारले समेत कोकलाई आफ्नो मुलुकभित्र लागु पदार्थ ओसारपसार गरेको अभियोगमा पक्राउ गर्न वारेन्ट जारी गरेको थियो ।००

# तपाईंको यो महिना

ज्यो. राजनप्रसाद खतिवडा

## मेष (चू चे चो ला ली लु ले लो अ)

यो महिना तपाईंको राम्रो छ । मानसम्मान पाउनु हुनेछ । ख्याति प्राप्त हुनेछ । आर्थिक लाभ, चिताएको काम बन्ने, यात्रा फलदायी हुनेछ, उद्योग-व्यापार, पठनपाठनमा राम्रो प्रगति हुनेछ । पतिपत्नीमा प्रेमभाव बढ्नेछ ।

## वृष (इ उ ए ओ वा वी वु वे वो)

तपाईंको यो महिनाको प्रारम्भमा केही राम्रो र काम बन्ने भए तापनि अन्य दिन प्रतिकूल रहनेछ । अनावश्यक चिन्ताले सताउने छ । व्यापार धन्दामा अवरोध आउनेछ ।

## मिथुन (का कि कु घ ङ छ के को हा)

तपाईको यो महिना प्रतिकूल रहला । फजुल खर्च कम होला । अनावश्यक रिस गर्नाले बन्ने काम पनि असजिलो बन्नेछ । छातीमा दर्द हुनुका साथै व्यापार घाटा हुनेछ ।

## कर्कट (ही हु हे हो डा डि डु डे डो)

महिनाको सुरुमा अत्यन्त राम्रो छ, भाग्योदय हुनेछ । कर्ममा वृद्धि हुनेछ । अन्य दिनमा भने धननाश, आफ्नै जिद्दीपनले गर्दा काम बिग्रने छ । अपव्यय हुने र कार्य असफल हुने योग छ ।

## सिंह (मा मि मू मे मो टा टी टु टे)

यो महिना तपाईंको लागि अनुकूल छ । अचानक धन हात पार्ने मौका पाउनुहुनेछ । शुभ समाचार, मित्रको सहयोगले अधुरा काम पुरा हुनेछन् । घरायसी सुख प्राप्त हुनाले मन आनन्दित हुनेछ ।

## कन्या (टो प पी पु ष ण ठ पे पो)

यो महिना तपाईंको समय प्रतिकूल छ। पतिपत्नी झगडा, गृहस्थ जीवनमा बाधा, शरीरमा आलस्यता आउने छ । सुखमा कमी, मानसिक क्लेष रहला । अध्ययन अध्यापनमा कमी अनि यात्रामा चोट लाग्न सक्छ ।

## तुला (र री रु रे रो ता ती तू ते)

यो महिना तपाईंलाई शोक समाचारले चिन्ता, सुखमा कमी आउला, शत्रुले आक्रमण गर्नेछन्, अनावश्यक चिन्ता गर्नुपर्ला । व्यर्थ भ्रमण गर्नुपरे पनि आर्थिक लाभ हुनेछ ।

## वृश्चिक (तो ना नी नू ने नो या यि यु)

यो महिना तपाईं शत्रुमाथि विजय प्राप्त गर्नुहुनेछ । मनमा प्रसन्नता रहनेछ । स्वास्थ्यमा लाभ, अरूको सहयोगबाट काम पूरा हुनेछन् । मातापिताको आशीर्वाद पाउनुहुनेछ ।

## धनु (य यो भा भी भू ध फा ढ भे)

महिनाको प्रारम्भ अत्यन्त राम्रो छ । केही सन्धि-सम्झौता हुनेछन् । बाँकी दिनमा उदरविकार, लिङ्गपीडा, मानसिक चिन्ता, रोगमा वृद्धि हुनेछ अनावश्यक यात्रा गर्नुपर्ला ।

## मकर (जो जा जी खी खू खे खो गा गी)

यो महिना तपाईंको धन हानि होला, व्यापारमा असफल, उदर विकार, मानसिक चिन्ता, मर्यादामा आँच आउला, वैदेशिक यात्राको सम्भावना छ । घरायसी क्लेष बढ्नेछ ।

## कुम्भ (गू गे गो सा सी सु से सो द)

यो महिना तपाईंको धन हानि होला, व्यापारमा असफल, उदर विकार, मानसिक चिन्ता, मर्यादामा आँच आउला, वैदेशिक यात्राको सम्भावना छ । घरायसी क्लेष बढ्नेछ ।

## मीन (दि दू थ झ ञ दे दो चा ची)

यो महिना फलदायी छ । राम्रो कर्म गर्न सके चिताएको पूरा हुनेछ । नयाँ काम सम्पन्न हुनेछ । व्यापारमा फाइदा हुनेछ । स्वास्थ्यमा पनि लाभ होला ।

विभिन्न किसिमका गरगहना, राशि अनुसार पत्थरसहितका औँठीहरूको लागि हामीलाई सम्झनुहोस् ।

**वराह ज्वेलरी इण्डस्ट्रिज प्रा.लि.**

*धरान, सुनसरी, न्युरोड काठमाडौँ, नेपाल लण्डन (युके)*

# इशारामा रेखा



नेपाली कथानक चलचित्र 'दर्पणछाया' बाट एकाएक चर्चा कमाएका नायक उत्तम प्रधान केही वर्षदेखि अभिनयबाट टाढिएको देखिएको थियो तर अब उनी सवीर श्रेष्ठको निर्देशनमा बनेको चलचित्र 'इशारा' बाट पुन: चलचित्र क्षेत्रमा आउँदैछन् । इशाराको हाल सम्पादन कार्य भइरहेको छ । उत्तमका अलावा रेखा थापा, भुपेन चन्दलगायतको अभिनय रहने इशाराको सुटिङ सिक्किम र दार्जीलिङमा गरिएको हो । नायिका रेखा थापाले 'अग्निचक्र' लाई बताए अनुसार इशाराको कथा हाम्रो समाजमा बढ्दै गएको सेक्स भिडियो प्रकरण र त्यसबाट उत्पन्न हुने परिस्थितिबारे कथा समेटिएको छ । 'इशाराको सफलताका लागि 'अग्निचक्र' को शुभकामना । ००

## धनीराम मनिराम

उमेश मायालुको निर्देशन र कुमार भारतीको निर्माणमा पैसा कमाउनुभन्दा ठूलो कुरा बचत गर्न सक्नु हो भन्ने चेतना जागृत गर्न बनेको चलचित्र धनीराम-मनिराममा सुरवीर पण्डित, उमेश मायालु, उत्तम केसी, सुष्मा अधिकारी, कुमार भारती, राजु घिमिरे तथा सनत गिरीलगायतको अभिनय रहेको छ । सरकार र सम्बन्धित निकायले वित्तीय कारोबारसम्बन्धी चेतना अभिवृद्धि गर्ने काम गर्नुपर्ने भए पनि फिल्म माध्यमबाट आफूले व्यक्तिगत पहलमा त्यस्तो काम गरेकाले सबैले सहयोग गर्ने कुरा निर्माता कुमार भारतीले 'अग्निचक्र'लाई बताए । तीव्र गतिमा निर्माण भइरहेको यस चलचित्रले साउनदेखि प्रथम प्रदर्शन थाल्ने कुरा पनि उनले जानकारी दिए । ००

के तपाईको फोन छैन ?एस.टी.डी./आई. एस.डी. छैन ?
चिन्ता नलिनुहोस् तपाईका लागि
तपाईको लागि
EASYCALL
Any phone Any where
1650
रु. २००।-, रु. ५००।- र रु. १,०००।- का प्रिपेड कलिङ्ग कार्डहरू प्रयोग गर्नुहोस् ।
नेपाल टेलिकम